असोज – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १२ | २०७७, असोज १६-३० | पूर्णाङ्क ६७८



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	- सदस्य
मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

ना.सु.श्री अर्जुन चौधरी

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

पूर्ण इजलास	१
संयुक्त इजलास	१०
इजलास नं. १	४
इजलास नं. २	५
इजलास नं. ३	९
इजलास नं. ४	१३
इजलास नं. ५	३
इजलास नं. ६	३
इजलास नं. ७	६
इजलास नं. ८	११
जम्मा	६५

इजलास नं. ९	६
इजलास नं. ११	२
इजलास नं. १२	१
इजलास नं. १३	१
इजलास नं. १४	३
इजलास नं. १५	२
एकल इजलास	३
जम्मा	१८

कूल जम्मा ६५ + १८ = ८३

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७७, असोज – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

<u>"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"</u> को **<u>"वार्षिक ग्राहक"</u>** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
पूर्ण इजलास			**१ – २**
१.	उत्प्रेषण / परमादेश	सुकमेल हमाल वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत	१
संयुक्त इजलास			**२ – ९**
२.	दर्ता फारी	समन श्रेष्ठ वि. श्रीओम श्रेष्ठ	२
३.	उत्प्रेषण / परमादेश	यामराज पाण्डे वि. स्तुति दत्त	२
४.	उत्प्रेषण / परमादेश	परमेश्वर आचार्य वि. पोखरा उपमहानगरपालिका, नगर परिषद्समेत	३
५.	उत्प्रेषण	मञ्जु शाक्यसमेत वि. मालपोत कार्यालय, संखुवासभा, खाँदबारी	४
६.	लेनदेन	शम्भुप्रसाद तेली वि. मनोजकुमार साह तेली	५
७.	छुट जग्गा दर्ता	मयजु प्रजापतिसमेत वि. मचाकाजी महर्जन	५
८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामबहादुर मगराति सार्कीसमेत	६
९.	बिनाइजाजत सालजातका रूख काटे कटाएको	नेपाल सरकार वि. प्रेम सिंह धामीसमेत	७
१०.	कर्तव्य ज्यान / ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. चक्रबहादुर जप्रेल	८
इजलास नं. १			**९ – १५**
११.	उत्प्रेषण / परमादेश	अनिलकुमार शाह वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत	९
१२.	निषेधाज्ञा / परमादेश	दिनेशकुमार थपलिया वि. शिवबहादुर गुरूङ	११
१३.	उत्प्रेषण	अधिवक्ता गोपालप्रसाद अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	१२
१४.	अपहरण तथा शरीरबन्धक	नेपाल सरकार वि. तेजबहादुर थापासमेत	१४
इजलास नं. २			**१५ – १७**
१५.	उत्प्रेषण / परमादेश	नानी छोरी मानन्धर वि. नेपाल ससेज फैक्ट्री प्रा.लि.समेत	१५
१६.	उत्प्रेषण	इन्दीरा प्रधानसमेत वि. प्रधानमन्त्री नथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	१५
१७.	उत्प्रेषण / परमादेश	अमेरिका थारू वि. दुग्ध विकास संस्थान, लैनचौरसमेत	१६
१८.	उत्प्रेषण / निषेधाज्ञा / परमादेश	किसुनदेव ठाकुर वि. जिल्ला शिक्षा कार्यालय, सिराहासमेत	१६
१९.	उत्प्रेषण	प्रेमकुमार श्रेष्ठ वि. काठमाडौं महानगरपालिका, बागदरबारसमेत	१७

इजलास नं. ३			**१७ – २९**
२०.	सामुद्रिक बिमा सम्बन्धमा	सकुन बस्नेत वि. दि ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेड, कान्तिपथ	१७
२१.	जालसाज	अम्बिका पोख्रेल (भट्टराई) वि. बासुदेव घिमिरेसमेत	१९
२२.	माना चामल	कुबिरमान राई वि. असारीमाया राईसमेत	२०
२३.	वैदेशिक रोजगार कसुर	बबिन राई वि. नेपाल सरकार	२१
२४.	बन्दी प्रत्यक्षीकरण	पितकुमारी भुजेल वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	२१
२५.	बन्दी प्रत्यक्षीकरण	सिता प्रधान वि. सुरेशकुमार श्रेष्ठसमेत	२२
२६.	घुस (रिसवत)	डोलबहादुर कार्की वि. नेपाल सरकार	२३
२७.	जबरजस्ती करणी	महेशकुमार साह वि. नेपाल सरकार	२६
२८.	भ्रष्टाचार (नक्कली प्रमाणपत्र)	विणादेवी महतो वि. नेपाल सरकार	२७
इजलास नं. ४			**२९ – ३४**
२९.	अंश दर्ता	जागेश्वर यादव वि. नेपु यादव	२९
३०.	अंश चलन	आशालाल महर्जन वि. हर्कलाल महर्जनसमेत	३०
३१.	अंश	पदमबहादुर अधिकारी वि. विष्णुकुमारी अधिकारी	३०
३२.	अंश हक कायम दर्ता	जगै केवट वि. छिब्बनलाल केवट	३१
३३.	लिखत दर्ता बदर दर्ता गरी चलनसमेत चलाई पाउँसमेत	सगुन श्रेष्ठ राजवंशी वि. तेजनारायण राजवंशीसमेत	३२
३४.	जग्गा खिचोला मेटाई दिवाल हटाई चलनसमेत	सन्तीरादेवी कुर्मी वि. बाबुराम कुर्मीसमेत	३३
३५.	बन्दी प्रत्यक्षीकरण	वीरेन्द्रकुमार पाल वि. उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास, बाँकेसमेत	३४
३६.	उत्प्रेषण / परमादेश	श्रुती न्यौपानेसमेत वि. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज, काठमाडौंसमेत	३४
इजलास नं. ५			**३४ - ३७**
३७.	उत्प्रेषण / परमादेश	रामवरण राउत वि. नेपाल सरकार, शिक्षा मन्त्रालय सिंहदरबार काठमाडौं	३४

३८.	उत्प्रेषण / परमादेश	धन गुप्तासमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार	३६
इजलास नं. ६			**३७ – ४०**
३९.	निषेधाज्ञा	सीता गौतमसमेत वि. बुटवल नगरपालिका (हाल बुटवल उपमहानगरपालिका) कार्यालय, बुटवल रूपन्देहीसमेत	३७
४०.	डाँका	नेपाल सरकार वि. ओसी आलमसमेत	३८
४१.	डाँका	नेपाल सरकार वि. हिरालाल तामाङसमेत	३९
इजलास नं. ७			**४० – ४४**
४२.	लागु औषध ब्राउन सुगर	अजय गुरूङ वि. नेपाल सरकार	४०
४३.	लागु औषध कोरेक्स	वृजकिशोर गिरी वि. नेपाल सरकार	४१
४४.	उत्प्रेषण	डम्बरबहादुर खड्कासमेत वि. शिक्षा विभाग, सानोठिमीसमेत	४२
४५.	उत्प्रेषण / परमादेश	तुलसीप्रसाद थारू वि. पुनरावेदन अदालत पाटनसमेत	४४
४६.	उत्प्रेषण / परमादेश	विजय स्वाँरसमेत वि. कृषि विकास बैंक, मुकाम रामशाहपथसमेत	४३
इजलास नं. ८			**४४ – ५७**
४७.	जबरजस्ती करणी	नेपाल सरकार वि. परिवर्तित नाम पीडिखोला-३ समेत	४४
४८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. देवीप्रसाद जोशी	४५
४९.	लागु औषध (ब्राउन सुगर)	नेपाल सरकार वि. शिव बस्नेतसमेत	४६
५०.	सवारी ज्यान	झनेन्द्रबहादुर महत वि. नेपाल सरकार	४८
५१.	उत्प्रेषण / परमादेश	अवधविहारी प्रसाद साह तेली वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत	४८
५२.	जबरजस्ती करणी	नेपाल सरकार वि. कुलबहादुर मल्ल ठकुरी	४९
५३.	बन्दी प्रत्यक्षीकरण	सूर्यबहादुर तामाङ वि. धादिङ जिल्ला अदालतसमेत	५०
५४.	बन्दी प्रत्यक्षीकरण	सीता भन्ने विमाया गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	५१
५५.	मोही नामसारी	जसोधिया देवी वि. दासनारायण चौधरी	५२
५६.	उत्प्रेषण / परमादेश	रमेशप्रसाद खनाल वि. जिल्ला शिक्षा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत	५५
५७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. डण्डबहादुर खड्कासमेत	५६
इजलास नं. ९			**५७ – ६०**
५८.	बन्दी प्रत्यक्षीकरण	पुजा अधिकारी वि. राजकुमार अधिकारी	५७
५९.	जोत नामसारी	दयाराम प्रजापति वि. सिद्धिराम प्रजापति	५८

६०.	भ्रष्टाचार (नक्कली प्रमाणपत्र)	सुलेमान अन्सारी वि. नेपाल सरकार	५९
इजलास नं. ११			**६० – ६२**
६१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. गोल्मादेवी मल्ल	६०
६२.	मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार वि. कृष्णबहादुर पुन	६१
इजलास नं. १२			**६२ – ६३**
६३.	जातीय भेदभाव तथा छुवाछुत	नेपाल सरकार वि. घनबहादुर सार्की मुग्रातीसमेत	६२
इजलास नं. १३			**६३ – ७१**
६४.	उत्प्रेषण / परमादेश	नवराज भट्ट वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	६३
इजलास नं. १४			**७१ – ७४**
६५.	बैंकिङ कसुर	नेपाल सरकार वि. सरोज तिमिल्सिना	७१
६६.	बैंकिङ कसुर	आशाकाजी लामा वि. नेपाल सरकार	७१
६७.	जबरजस्ती करणी र कर्तव्य ज्यान	एकराज चलाउने वि. नेपाल सरकार	७२
इजलास नं.१५			**७४ - ७५**
६८.	निषेधाज्ञा	युगेश्वरकृष्ण पराजुली वि. भुवनेश्वरी भट्टसमेत	७४
६९.	उत्प्रेषण	बेनीबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	७४
एकल इजलास			**७५ - ७६**
७०.	बन्दी प्रत्यक्षीकरण	राजेन्द्र सिंह विष्टसमेत वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत	७५
७१.	बन्दी प्रत्यक्षीकरण	पदमप्रसाद काफ्ले वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत	७६
७२.	बन्दी प्रत्यक्षीकरण	शेर बटाला वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत	७६

पूर्ण इजलास

मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७४-NF-००११, उत्प्रेषण / परमादेश, *सुकमेल बराल (घिमिरे) वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*

विपक्षी पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराले उक्त निर्णय गर्दा निवेदकलाई सुनुवाइको मौका दिएको भन्ने देखिँदैन । साथै कानून र औचित्यका आधारमा निवेदकलाई प.हे.न. पदमा गरिएको पदस्थापना बदर गरेको भन्ने नदेखिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रानुसार निर्णय गरेको भन्ने देखिएकोले सो निर्णयको प्रकृति स्वतन्त्र नभई निर्देशित निर्णय भन्ने देखिएको छ । सुनुवाइ मौका प्रदान नगरी निर्णय गरिएको र निर्देशित निर्णय देखिएबाट प्राकृतिक सिद्धान्तअनुरूप र स्वच्छ सुनुवाइपूर्ण मान्न नसकिने ।

स्वास्थ्य सेवा नियमावली, २०५५ को तेस्रो संशोधन, २०६९ को दफा २९ख (२) मा "उपनियम (१) मा लेखिएदेखि बाहेक सेवाका अन्य कर्मचारीलाई पदस्थापना गर्दा निजको शैक्षिक योग्यता, तालिम र अनुभवलाई समेत आधार मानी स्वीकृत दरबन्दीभित्र रही अस्पताल, स्वास्थ्य संस्था वा कार्यालयमा पदस्थापना गरिने छ" भन्ने देखिएकोले अनुसूची-३ मा कायम नरहेको सि.अ.न.मि. (पदनाम) छैठौं तहमा पदस्थापना कायम गरी निवेदकको पद: प.हे.न. (तह: छैठौं) बदर गरेको विपक्षी पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०७०।३।३ को निर्णय तत्कालीन स्वास्थ्य सेवा ऐन, २०५३ (तेस्रो संशोधन) को दफा १७(३), स्वास्थ्य सेवा नियमावली, २०५५ को तेस्रो संशोधन, २०६९ को दफा २९ख (२) र सोही नियमावलीको अनुसूची-३ अनुरूप नदेखिँदा गैरकानूनी निर्णय देखिन आउने ।

निवेदकको साबिक पद अ.न.मि. (सहायक पाँचौं) र मिति २०६३।९।२७ को निर्णयले निवेदिकालाई पदस्थापना गरिएको प.हे.न. (सहायक पाँचौं) पद अर्थात् दुवै पदको सेवा समूह स्वास्थ्य / प.हे.न. रहेको समान स्तरको तहसमेत रहेको कारण सि.अ.न.मि. (सहायक पाँचौं) प.क्षे. क्षयरोग उपचार केन्द्र पोखराबाट प.हे.न. (सहायक पाँचौं) पदको जिल्ला स्वास्थ्य कार्यालय, पर्वतमा पदस्थापना गरी मिति २०६३।९।२७ को निर्णयले प.हे.न (पदनाम) सहायक पाँचौं कायम भइसकेको र पछि मिति २०६४।४।१० को निर्णयअनुसार स्तरवृद्धि भई अधिकृत छैठौं समूह: प.हे.न. भइसकेका निवेदकलाई स्पष्ट कानूनी आधार बिना निर्णय गरेको, उक्त निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रानुसार निर्देशित भई गरेको देखिएको र निवेदकलाई प.हे.न. (पाँचौं) मा पदस्थापना गरेको आफ्नो अघिल्लो निर्णय बदर गर्नुपूर्व यी निवेदकलाई सुनुवाइको मौका नदिई बदर गरेको देखिएकोले उक्त निर्णय हचुवा एवम् प्रकृतिक न्याय सिद्धान्तविपरीत देखिँदा उचित एवम् कानूनसम्मत निर्णय मान्न नसकिने । सार्वजनिक पदाधिकारीले कानूनको त्रुटि गरी निर्णय गरेको वा गैरकानूनी निर्णय गरेको तथा सो निर्णयबाट कुनै व्यक्ति वा नागरिकको संविधानप्रदत्त मौलिक हक हनन भएमा त्यस्तो निर्णय बदर गर्न सकिनेमा गैरकानूनी देखिएको विपक्षी क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको मिति २०७०।३।३ को निर्णय तथा पत्रसमेतका विपक्षीहरूको काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी साबिकबमोजिम निवेदकको पद प.हे.न. (तह: सहायक पाँचौं) र सोअनुरूप भएको स्तरवृद्धि अधिकृत छैठौं समूह प.हे.न. यथावत् कायम हुने गरी परमादेश जारी गर्नु पर्नेमा निवेदकको निवेदन खारेज हुने ठहऱ्याएको यस अदालत, संयुक्त इजलासको मिति २०७२।११।२ को आदेश मिलेको नदेखिने ।

तसर्थ यस अदालत, संयुक्त इजलासको मिति २०७२।११।२ को आदेश बदर भई निवेदिकालाई

प.हे.न. (तह: सहायक पाँचौं) को पदस्थापना र सोअनुरूपको स्तरवृद्धि प.हे.न. पदनाम (अधिकृत छैठौं) को पदस्थापना बदर गरी सि.अ.न.मि. पदनाम छैठौं तह कायम गरेको क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको मिति २०७०।३।३ को निर्णय तथा पत्रसमेतका विपक्षीहरूको काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर भई साबिकबमोजिम निवेदकको पद प.हे.न. (तह: सहायक पाँचौं) र सोअनुरूप भएको स्तरवृद्धि अधिकृत छैठौं समूह प.हे.न यथावत् कायम हुने गरी परमादेश जारी हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल असार १४ गते रोज ५ शुभम्।

संयुक्त इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७३-CI-०८८१, दर्ता फारी, *समन श्रेष्ठ वि. श्रीओम श्रेष्ठ*

संयुक्त रूपमा रहेको घर जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा दुवै पक्षलाई नरमगरम मिलाई आधा आधा बन्डा गरिदिनु पर्ने कानूनी व्यवस्था रहेको र दर्ता फारीको लागि फिराद पर्न आएपछि दुवै पक्षलाई जग्गा घर जे जुन अवस्थामा छ सोही अवस्था नरम गरम मिलाई दर्ता फारी गरिदिनु पर्ने कुरालाई अन्यथा भन्न सकिँदैन । विवादित जग्गा वादी र प्रतिवादी दुई जनाको नाउँमा दर्ता रहेको र निजहरूले नै भोगचलन गरी आएको भन्ने स्थापित तथ्य देखिएको अवस्थामा वादी र प्रतिवादीको बराबर हक लाग्ने भई विवादित कि.नं. ९०८ को जग्गाबाट वादीले आधी दर्ता फारी लिन पाउने नै देखिन्छ । यी पुनरावेदक वादीले आफ्नो पुनरावेदनमा प्यासेज, भऱ्याङ, ट्वाइलेट जस्ता संरचना साझा राखी बाँकी मात्र दर्ता फारी गरिपाउँ भन्ने जिकिर लिएको सम्बन्धमा विचार गर्दा घर जग्गाको दर्ता फारी गरिपाउँ भनी फिराद परेपछि घरका केही भाग साझा राखी केही भाग मात्र दर्ता फारी गर्न कानूनतः मिल्ने अवस्था देखिँदैन । तसर्थ, यी पुनरावेदक वादीको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नरहने।

अतः सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गर्दै विवादित कि.नं. ९०८ को घर जग्गाको भुइँतलादेखि सातौं तलाको छानाको भागसम्म प्यासेज, भऱ्याङलगायत सम्पूर्ण संरचनामा नरम गरम मिलाई दर्ता फारी गरी दिने ठहर गर्दै गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।१।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल पुस २५ गते रोज ३ शुभम्।

- यसमा ०७३-CR-०८८२, निषेधाज्ञा, *समन श्रेष्ठ वि. श्रीओम श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खडका, ०७२-CI-०४४२, उत्प्रेषण / परमादेश, *यामराज पाण्डे वि. स्तुति दत्त*

विवादमा मुख्य उम्मेदवारले नियुक्तिपत्र लिई हाजिर भई पछि परीक्षणकाल १ वर्षभित्रै राजीनामा दिएपछि वैकल्पिक उम्मेदवारले नियुक्ति नपाउने भन्न मिल्ने देखिएन। नेपाल कृषि अनुसन्धान परिषद् पदपूर्ति समिति कार्यविधि, २०६१ र परिषद्को (कर्मचारी प्रशासन) विनियम, २०४९ दुवै विनियम पुनरावेदकहरूले प्रयोग र पालना गर्न बनेका हुन् । पुनरावेदक परिषद्ले विनियमको व्यवस्थामध्ये यो व्यवस्था मान्छु, अर्को मान्दिन भनेर पन्छिन मिल्दैन। पुनरावेदन जिकिरअनुसार पदपूर्ति समिति कार्यविधि, २०६१ ले कानूनी हक सिर्जना गर्दैन भने त्यो व्यवस्था किन राख्नु परेको भन्ने कुरा पनि पुनरावेदकले देखाउन सकेको नदेखिने।

अत: माथि गरिएको विवेचना, आधार र

कारणबाट समेत पुनरावेदन अदालत पाटनले प्रत्यर्थी निवेदिकालाई कम्प्युटर अधिकृत टि-६ पदमा नियुक्ति दिनु भनी मिति २०७२।३।१६ मा भएको आदेश (फैसला) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम्।

३

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खडका, ०७३-CI-०६१९, उत्प्रेषण / परमादेश, *परमेश्वर आचार्य वि. पोखरा उपमहानगरपालिका, नगर परिषद्समेत*

प्लाष्टिकजन्य सामग्री वा वस्तु पेट्रोलियम पदार्थको कसरबाट हुने उत्पादन हो । एकपटक प्रयोग गरेपछि फालिने प्लाष्टिकका झोला एवम् ग्लास बनाउनु र प्रयोग गर्नु मानव स्वास्थ्यप्रतिको हानि हो । पेट्रोलियम उत्पादनहरू पुनः नवीकरण गर्न सकिन्न। प्लाष्टिकजन्य वस्तुहरू फालिएपछि नसड्ने पनि र नगल्ने हुनाले त्यो सयौं वर्षसम्म पृथ्वीमा त्यसै रही माटोको गुणस्तर ह्रास गर्ने र पानीको प्रदूषणसमेत बढ्न जाने भई जलचर एवम् स्थलचर प्राणीहरूको बाँच्ने अधिकार र मानवको सार्वजनिक स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्न जान्छ । प्लाष्टिकका झोला एवम् ग्लास पोलिथिनबाट बन्ने र यस्ता वस्तुमा खानेकुरा राख्दा त्यसबाट निस्कने रसायनहरूबाट मानव स्वास्थ्यमा अनेकन् रोगहरू लाग्न सक्ने सम्भावनालाई अनदेखा गर्न सकिँदैन । विशेषतः नगरक्षेत्रमा मानवका लागि प्लाष्टिक झोला एवम् ग्लाससमेत अनिवार्य आवश्यकताजस्तो देखिए पनि वातावरणीय विधिशास्त्रीय (environmental jurisprudence) दृष्टिकोणले स्वस्थ वातावरणमा बाँच्न पाउने मानव अधिकारको संरक्षणार्थ पुनरावेदक उद्योगहरूले उत्पादन गरेका प्लाष्टिकजन्य सामग्रीको नियमन र नियन्त्रण एवम् निषेध गर्नु पनि उत्तिकै आवश्यक देखिने।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) ले नगरपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने नगरपालिकाको कर्तव्य हुने र सोही ऐनको दफा ९६(१)(छ)(६) ले जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोगमा रोक लगाउने काम नगरपालिकाले गर्न पाउने भनी व्यवस्था गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाले उद्योग बन्द गर्न नपाउने तर आफ्नो इलाकाभित्र बेचबिखन र उपभोगमा रोक लगाउन पाउने नै देखियो । यस सम्बन्धमा महेन्द्रनगर नगरपालिका कञ्चनपुरले २०५७ साललाई पोलिथिनरहित नगरपालिका बनाउने निर्णय गरेउपर परेको संवत् २०५७ सालको रिट नं. ४१६८ (ने.का.प. २०६०, असार, निर्णय नं. ७२०७) मा यस अदालतबाट उक्त कानूनी व्यवस्थासरह नै "...जनस्वास्थमा प्रतिकूल असर पर्ने उपभोग्य वस्तुको बेचबिखन र उपभोगमा रोक लगाउने काम नगरपालिकाले गर्न पाउने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। उक्त प्रतिपादित सिद्धान्तले पनि नगरपालिकासमेतले आफ्नो इलाकाभित्र प्लाष्टिकजन्य झोलासमेतका सामग्री बेचबिखन र उपभोगमा रोक लगाउन पाउने नै देखिने।

प्रत्यर्थी निकायले स्थानीय स्वायत्त शासन ऐन, २०५५, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ (२) र सम्बन्धित नियमावलीसमेतले कानूनले दिएको अधिकार प्रयोग गरी प्रत्यर्थी निकायले बनाएको मिति २०७३।१।१ देखि लागु हुने गरी नगर परिषद्को २० औं बैठकले मिति २०७२।९।२८ मा स्वीकृत गरेको वातावरण तथा सरसफाइ निर्देशिका, २०७२ कार्यान्वयन गर्न नपाउने गरी यस अदालतबाट निर्णय गर्न मिल्ने आधार र कारण पनि नदेखिने।

वस्तुतः उच्चतम अदालतले आफ्ना मातहतका अड्डा वा निकाय वा अधिकारीले प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन (Breach of principles of natural justice) गरेको, अधिकार-

क्षेत्र (Excess of power) नाघेको, अधिकारको दुरूपयोग (Abuse of power) गरी गरेको, कानून एवम् कार्यविधिको त्रुटि (Error of law and procedure) गरेको, पदीय दायित्व पूरा नगरेको (Failure to perform a duty) र बदनियत (Bad faith) राखी आदेश गरेको पाइएमा त्यस्ता आदेश वा निर्णय उत्प्रेषणको आदेशले बदर हुने सम्बन्धमा यस अदालतबाट ने.का.प.२०६४, मङ्सिर, निर्णय नं. ७८७२ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । पुनरावेदकहरूले पुनरावेदन अदालत पोखराले मिति २०७३।३।२२ मा गरेको आदेश (फैसला) मा उल्लिखित प्रतिपादित सिद्धान्तमा उल्लेख भएका आधार र कारणमध्ये के कुन कुराको त्रुटि भएको भन्ने कुरा पुनरावेदन पत्रमा उल्लेख गर्न सकेको नदेखिने।

त्यसका अतिरिक्त पुनरावेदकहरूले प्रत्यर्थी निकायले प्लाष्टिकजन्य सामग्रीलाई मिति २०७३।१।१ देखि निषेध गर्न वातावरण तथा सरसफाइ निर्देशिका बनाई कार्यान्वयन गर्न सूचना प्रकाशन गरेको भनी प्रकाशित सूचना उत्प्रेषणको आदेशले बदर गरी पाउन माग गरेको देखिन्छ। त्यसरी प्रत्यर्थी निकायले उल्लेख भएबमोजिमको निर्देशिका बनाई कार्यान्वयनको क्रममा पोखरा उपमहानगरपालिका क्षेत्रका २२/२३ वटा वडामा प्लाष्टिकजन्य सामग्री निषेध गर्न विभिन्न मितिमा सूचना प्रकाशन गरे लगत्तै नेपाल सरकारले मिति २०७३।४।१ गतेदेखि लागु हुने गरी नेपाल भरी प्लाष्टिक तथा पोली प्रोपिलिन झोलाको आयात, निर्यात, बिक्री वितरण तथा उपयोग गर्न नपाइने र यदि कसैले यो सूचनाविपरीत कार्य गरेको पाइएमा कानूनबमोजिम कारबाही हुने बेहोराको सूचनासमेत प्रकाशित भएको देखियो । उपर्युक्तबमोजिम प्रत्यर्थी निकायले मिति २०७३।१।१ देखि प्लाष्टिकका झोला र ग्लास निषेध गर्न वातावरण तथा सरसफाइ निर्देशिका बनाई कार्यान्वयन गर्न सूचनासमेत प्रकाशित गरेपश्चात् नेपाल सरकारले देशभरि प्लाष्टिक र पोली प्रोपिलिन झोलाको आयात, निर्यात, बिक्री वितरण तथा उपयोग गर्न नपाइने भनी रोक लगाएको अवस्थाले परिस्थितिमा नै फरक पारेकोसमेतका आधार र कारणबाट पुनरावेदन अदालत (उच्च अदालत) पोखराको आदेश (फैसला) मा कुनै कानूनको त्रुटि नदेखिँदा उक्त आदेश (फैसला) बदर गर्नु पर्ने नदेखिने।

अतः माथि गरिएको विवेचनासमेतको आधार र कारणबाट पुनरावेदन अदालत (उच्च अदालत) पोखराले मिति २०७३।३।२२ मा पुनरावेदकहरूको रिट निवेदन खारेज हुने ठहर गरेको आदेश (फैसला) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

४

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६८-CI-०९५८, उत्प्रेषण, *मञ्जु शाक्यसमेत वि. मालपोत कार्यालय, संखुवासभा, खाँदबारी*

निवेदकहरूका नाममा दर्ता भएका जग्गाहरू वन क्षेत्रको भएकोले उक्त जग्गाहरूसमेत राष्ट्रिय वन ठहर्छ र वन ऐन, २०४९ को दफा १६(२) तथा मालपोत ऐन, २०३४ को दफा २४(२) अनुसार ती जग्गाहरूको दर्ता स्वतः बदर हुने हुँदा उक्त जग्गाहरूको दर्ता बदर गरी यस कार्यालयसमेतलाई जानकारी दिन मालपोत कार्यालय, खाँदबारीमा लेखी पठाउनु भनी जिल्ला वन कार्यालय, संखुवासभाबाट २०६२।१२।२ मा भएको निर्णय आफैँमा स्वतन्त्र निर्णय भई सो निर्णय प्रभावकारी भएको देखिने।

मालपोत कार्यालय, संखुवासभाले आफैँले ठहरेबमोजिम निर्णय नगरी साधिकार निकाय जिल्ला वन कार्यालयको निर्णय कार्यान्वयन गरेको अवस्थामा जिल्ला वन कार्यालयको निर्णय कार्यान्वयन गर्ने प्रयोजनका लागि मालपोत कार्यालयबाट भएको मिति २०६७।२।१६ को निर्णय बदर भएको अवस्थामा समेत जिल्ला वन कार्यालयको निर्णय यथावत् कायम

रहने र सो निर्णयअनुसार निवेदकले दाबी गरेका जग्गाहरू वन क्षेत्रको भई नेपाल सरकारका नाममा कायम हुने देखिन्छ । जिल्ला वन कार्यालयले निर्णय गर्दा निवेदकहरूलाई झिकाई बुझी बयान गराउँदासमेत निवेदकहरूले सो जग्गालाई वनक्षेत्र स्वीकार गरेको र जिल्ला वन कार्यालयको सो निर्णयउपर पुनरावेदन नगरी चित्त बुझाई बसेको अवस्थामा जिल्ला वन कार्यालयको सोही निर्णय कार्यान्वयन गर्ने क्रममा मालपोत कार्यालयबाट भएको निर्णय बदरको माग गरी रिट क्षेत्रबाट प्रवेश गरेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने अवस्था देखिन नआउने ।

अतः निवेदकसमेतलाई झिकाई बयान गराई निवेदन दाबीका जग्गा वन क्षेत्रभित्रका देखिएकाले सोको दर्ता बदर गरी जानकारी दिनु भन्ने जिल्ला वन कार्यालय, खाँदबारीको निर्णयउपर कहीँकतै उजुर नपरी उक्त निर्णय यथावत् कायम रहेको अवस्थामा सोही निर्णय कार्यान्वयन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको निर्देशनअनुसार मालपोत कार्यालय, संखुवासभाले जिल्ला वन कार्यालयको निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०६७।२।१६ मा गरेको निर्णय बदर हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट मिति २०६८।७।६ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम् ।

५

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७०-CI-०११२, लेनदेन, *शम्भुप्रसाद तेली वि. मनोजकुमार साह तेली*

बिक्रीनामा गरी कपाली तमसुक लेनदेन गर्न मिल्ने प्रतिवादीले लिखतको जाँच सम्बन्धमा विशेषज्ञसँग आफूले बकपत्रमार्फत जिरह गर्न नपाएको भनी जिकिर लिए पनि विशेषज्ञको रायको सम्बन्धमा अन्यथा भन्न सकेको देखिँदैन । यसरी विशेषज्ञले दिएको राय यकिन र स्पष्टसमेत देखिन आइरहेको सन्दर्भसमेतलाई विचार गरी हेर्दा लिखतबमोजिम वादीले प्रतिवादीबाट सावाँ र सोको कानूनबमोजिमको ब्याज भरी पाउने नै देखिन आउने ।

अतः उल्लिखित आधार र कारणबाट मिति २०५५।८।३ को लिखतबमोजिमको सावाँ र सोको कानूनले हुने ब्याजसमेत वादीले प्रतिवादीबाट भरी पाउने गरी ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।१२।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इश्वरमणि ओझा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २६ गते रोज ५ शुभम् ।

६

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७३-CI-१५१७, छुट जग्गा दर्ता, *मयजु प्रजापतिसमेत वि. मचाकाजी महर्जन*

पुनरावेदक वादी पक्षले मयजु प्रजापतिसमेत का.जि. टोखा गा.वि.स. वडा नं. ७क, कि.नं. १७० को २-१०-०-० जग्गा आफ्ना बुबाको नाममा नाप नक्सा भई दर्ता बाँकी रहेको हुँदा मौजा टोखा सरस्वती हा. नं. ३६७ बाट भिडाई हाम्रो नाममा नामसारी गरिपाउँ भनी मालपोत कार्यालय, डिल्लीबजारमा निवेदन दिएपश्चात् उक्त मालपोत कार्यालयले हक दाबी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा मोहीका हकदार भीमलाल श्रेष्ठले विवादित जग्गा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७ बमोजिम रै.प. गरी दर्ता गरिपाउँ भनी र प्रत्यर्थी मचाकाजी महर्जनले बालाजु मौजा हा.नं. / र.नं. ३६८ बाट भिड्ने हुँदा हामी ५ जना हकदारको नाममा दर्ता गरी पाउन मालपोत कार्यालयमा हक दाबी गरेको देखिने ।

मालपोत कार्यालय, डिल्लीबजारले मोहीका हकदारले वादी पुनरावेदकहरूको नाममा नासमारी गरिदिए हुन्छ भनी गरेको सर्जमिन मुचुल्काको आधारमा विवादित जग्गा पुनरावेदकहरूको नाममा नामसारी हुने

निर्णय गरेको देखिने।

प्रत्यर्थी मचाकाजीको तर्फबाट परेको पुनरावेदनमा पुनरावेदन अदालत पाटनले मालपोत कार्यालय, डिल्लीबजारको निर्णय बदर गरी हक बेहकमा सुनाउन मालपोत कार्यालय, डिल्लीबजारमा पठाउनु भन्ने बेहोराले फैसला गरेको देखिने।

उप्रान्त वादी पक्षले पुनरावेदन अदालतले हकबेहकमा सुनाउन पठाउने गरी गरेको फैसलाउपर यस अदालतमा पुनरावेदन गरेको देखिन्छ।

एउटै जग्गामा एकभन्दा बढी पक्षले आफ्नो आफ्नो हक लाग्ने भनी दाबी गरेकोले दाबीको जग्गामा निजहरूको हकबेहकका सम्बन्धमा सबुद प्रमाण बुझी सोको मूल्याङ्कन गरी विवादको न्यायिक निरूपण गर्नु पर्ने हुन्छ। मालपोत कार्यालयबाट जग्गामा विवाद नभएको अवस्थामा दर्ता स्रेस्ता हेरी नामसारी दर्ताको काम कारबाही हुनेसम्म हो। मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई एक पक्षभन्दा बढी पक्षले दाबी गरी तेरो मेरोको विवाद उत्पन्न भएको हकबेहकको प्रश्नमा प्रमाण बुझी निर्णय गर्न पाउने अधिकार प्रदान गरेको नदेखिने।

एउटै जग्गामा एकभन्दा बढी पक्षले आफ्नो हक हुने भनी आधार प्रमाणसहित दाबी गर्छन् भने त्यस्तो विवादमा सबुद प्रमाण बुझी निर्णय गर्नुपर्ने हुन्छ। हकबेहकको प्रश्नमा सबुद प्रमाण बुझी निर्णय गर्ने अधिकार सम्बन्धित अदालतलाई मात्र हुने हुँदा हकबेहकको विवादमा मालपोत कार्यालयले निर्णय गर्न मिल्दैन। त्यस्तो अवस्थामा हक कायम गराई ल्याउन सम्बन्धित अदालत जानु भनी सुनाउने दायित्व मालपोत कार्यालयको हुने।

प्रस्तुत विवादमा का.जि. टोखा सरस्वती गा.वि.स. वडा नं. ७क, कि.नं. १७० को २-१०-०-० जग्गामा विवाद भई हकबेहकको प्रश्न रहिरहेको देखिँदा उल्लिखित नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने देखियो।

मालपोत कार्यालय, डिल्लीबजारले मिति २०७१।५।२ मा पुनरावेदकहरू २ जनाको नाममा नामसारी हुने ठहर गरेको निर्णय बदर गरी हकबेहकमा सुनाउन पठाउनु भनी पुनरावेदन अदालत पाटनले मिति २०७३।५।१२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

७

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७०-CR-०८८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर मगराति सार्कीसमेत*

मिति २०६८।२।३ गते राति प्रतिवादीहरूले मीना मगरातिलाई कुटपिट गरी झ्याइँकुटी पार्दै लिई आएका र अर्को दिन बिहान ९-१० बजेतिर मीना मगराति झुन्डिएको अवस्था भेटिनु परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीहरूले कर्तव्य गरेको पुष्टि भइरहेको भन्ने मुख्य पुनरावेदन जिकिर देखिन्छ। यी प्रतिवादीहरूले आफ्नो श्रीमती बुहारी मीना मगरातिलाई अघिल्लो दिन मिति २०६८।२।३ को राति समयमा कुटपिट गरेको भन्ने कुरा स्वयम् पति अमृत मगरातिको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा लेखाएका र मौकामा कागज गरिदिने कौशिला रावलसमेतका व्यक्तिहरूको भनाइले पुष्टि गरेको देखिन्छ। कुटपिट भएको कुरामा विवाद नभए पनि मीना मगराति मिति २०६८।२।४ मा झुन्डिएको अवस्थामा फेला पर्नु नै यी प्रतिवादीले झुन्ड्याई मारेका हुन् वा आफैँ झुन्डिई आत्महत्या गरेकी हुन् भन्ने प्रश्न नै प्रस्तुत मुद्दामा निरूपण गर्नुपर्ने देखिन आउने।

लास प्रकृति मुचुल्काबाट मृतकको घाँटीमा (V) आकारको डोरी गडेको चिल्लो नीलो डाम भएको भन्ने उल्लेख छ भने Autopsy report मा समेत External Examination मा Ligature mark present in the neck, single – 0.5cm width x 0.3cm depth, dark brown in colour भन्नेसमेत

उल्लेख छ । Cause of death मा Asphyscial Death due to hanging भन्ने उल्लेख भई लास जाँच मुचुल्कासमेतबाट मृतकको रूद्रघण्टीभन्दा माथि डोरीको डाम देखिएको सो डाम Dark brown colour को भएको भन्ने Autopsy report बाट देखिएको छ। चिकित्सा विधिशास्त्रमा झुन्डिएको लासको Ligature mark को colour Reddish brown or chocolate brown हुने भन्ने र मृतक मीना मगरातिको घाँटीको Ligature mark, Dark brown colour कै देखिएको हुँदासमेत निजको मृत्यु झुन्डिएका कारण भएको हो भन्ने कुरामा द्विविधा नरहने।

मृतक मीनालाई घरभित्र बलोमा झुन्ड्याई मारेको देख्ने चश्मदिद गवाहको रहेको देखिँदैन । रातको समयमा कसैको घरभित्र भएको घटनाका सम्बन्धमा त्यस्तो चश्मदिद साक्षीको अभाव हुनु स्वाभाविक भए पनि ज्यानजस्तो सङ्गिन मुद्दामा कर्तव्यबाटै मानिसको मृत्यु भएको हो भन्ने यकिन हुने ठोस र भरूपर्दो प्रमाणको अभावमा कर्तव्यबाट मानिस मरेको हो भनी कल्पना वा अनुमानको भरमा वारदात कायम गर्नु कानून र न्यायसङ्गत नहुने।

जहाँ प्रत्यक्ष प्रमाणको अभाव हुन्छ त्यहाँ परिस्थितिजन्य प्रमाणको भर पर्नु पर्दछ। यस मुद्दामा पनि मृतक मीनाको हत्या डोरीमा झुन्ड्याएर गरिएको हो भन्ने कुराको प्रत्यक्ष प्रमाणको अभाव रहेकाले के कुन परिस्थितिजन्य प्रमाणले निज मीनाको हत्या भएको हो भन्ने पुष्टि हुन्छ त भन्ने सम्बन्धमा हेर्दा मिति २०६८।२।३ को राति प्रतिवादी अमृतसमेतले निजलाई कुटपिट गरेको, मृतक रहेको कोठामा ताल्चा लागेको, काटिएको भनिएको आग्लो फेला नपरेको, झुन्डिएको लासको डोरी काटी लासलाई खाटमा सुताएको, लास झुन्डिएर मर्न सक्ने नदेखिएको भन्ने जस्ता तर्क ३ गते मृतकलाई कुटपिट गरेको भन्नेसम्मको तथ्य प्रतिवादीहरूले स्वीकार गरेको कुरालाई निजहरूले मीनालाई राति डोरीमा झुन्ड्याई मारेको पनि हुनुपर्दछ भन्ने काल्पनिक अर्थ गरी तर्कका आधारमा अपराध कायम गर्नुलाई न्यायिक मनको प्रयोग गरेको भन्ने मान्न मिल्दैन अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एकै कुरा होइन। अभियुक्तले अपराधसँग सम्बन्धित कुटपिटको तथ्य स्वीकार गर्दैमा कसुरमा साबित भएको भन्न नमिल्ने।

मृतक र निजका पति प्रतिवादी अमृतका बिच बेलाबेलामा झगडा भइरहने र यी प्रतिवादीले मृतक श्रीमतीलाई कुटपिट गर्ने गरेको र वारदातका दिन पनि कोठाबाट कम्बल दिने विषयमा मृतकले सासूलाई मुख छोडेर गाली गरेको विषयमा प्रतिवादी अमृतले मृतकलाई २/४ झापड हानेको, त्यसपछि कोठामा सुत्न गएकी मीनालाई प्रतिवादीले झुन्ड्याई हत्या गरेको कुरा स्थापित हुन नआई मृतक मीनाले आत्महत्या गरेको कुरा नै प्रमाणित हुन आयो। उपर्युक्त परिस्थितिको विश्लेषण गर्दा मृतकले आफ्ना पतिद्वारा कुटिनु परेको आवेशमा आत्महत्या गरेको भन्ने देखिन्छ। प्रतिवादी अमृतले मृतक मीनालाई कुटपिट गरेको भन्ने आधारमा कर्तव्य ज्यानको कसुरदार मान्न मिल्ने पनि नदेखिने।

तसर्थ, मृतक मीना मगरातिको मृत्यु कर्तव्यबाट भएको हो भन्ने कुराको ठोस प्रमाणको अभावमा प्रतिवादी अमृत मगरातिलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट भएको फैसला उल्टी भई अभियोग मागदाबीबाट सफाइ पाउने र अन्य प्रतिवादीहरूले सुरूबाट सफाइ पाउने फैसला सदर ठहरी पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७०।३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल मङ्सिर १९ गतेरोज ३ शुभम्।

८

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री टंकबहादुर मोक्तान, ०७१-CR-१३१७, बिनाइजाजत सालजातका रूख काटे कटाएको, *नेपाल*

सरकार वि. प्रेम सिंह धामीसमेत

कानूनले नै बिगोको दोब्बर जरिवाना हुने भनेपछि एउटा कसुरमा एकभन्दा बढी व्यक्तिहरू कसुरदार भएमा प्रत्येकलाई सोहीबमोजिम जनही सजाय गरिँदा कानूनले तोकेको कैद र जरिवानाको मात्राभन्दा धेरै जरिवाना हुन जाने हुन्छ। सजाय गर्ने जो कोहीलाई कानूनले हुने सजायभन्दा बढी सजाय गरियो भने त्यो सजाय नै कानून प्रतिकूलको हुन जान्छ। यसरी वन ऐनको कसुर गर्ने एकभन्दा बढी प्रतिवादीहरू संलग्न भएको मुद्दामा सबै प्रतिवादीलाई बिगोको दोब्बर जरिवाना गरी जनही सजाय गर्दा कसुरको मात्राभन्दा बढी सजाय हुन जाने हुँदा सबैलाई जनही सजाय गर्नु न्यायसङ्गत हुने नदेखिने।

यस्तै विषयवस्तु भएको मोहनबहादुर गुरूङको जाहेरीले नेपाल सरकार वादी, प्रतिवादी बाजे रानासमेत भएको वनपैदावार हटाई पाउँ भन्ने ने.का.प.२०६५, अङ्क १०, निर्णय नं. ८०२८ मा प्रकाशित मुद्दामा यस अदालत संयुक्त इजलासबाट मिति २०६४।१०।४ मा फैसला हुँदा “एकभन्दा बढी प्रतिवादी रहेको र प्रत्येकले वनबाट अवैध रूपमा ल्याएको काठको मात्रा र परिमाणका लागि छुट्टाछुट्टै अभियोग लगाएको नभई सबैले ल्याएको काठको कूल परिमाण र बिगो जोड्दा पाँच हजारभन्दा बढी भएको र सोही बिगो र मात्राको आधारमा सामूहिक रूपमा वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम सजायको दाबी लिइएको अवस्थामा कसुर ठहरी सजाय गर्दा सोहीबमोजिम उक्त सजाय सामूहिक रूपमा नै गरिनु पर्ने भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ। प्रस्तुत मुद्दा र उक्त मुद्दाको तथ्य र कानूनी प्रश्न समान रहेको भई प्रस्तुत मुद्दाको सन्दर्भमा आकृष्ट हुन सक्ने हुँदा प्रत्यर्थी प्रतिवादीहरूलाई भएको कैद र जरिवानाको सजाय दामासाहीले असुल गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिलेन। माथि विभिन्न प्रकरणहरूमा गरिएको विवेचनासमेतको आधारबाट प्रत्यर्थी प्रतिवादीहरूलाई दामासाहीले कैद जरिवाना गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला नमिलेको भन्ने यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन सकिएन।

अतः विवेचित आधार र प्रमाणहरूबाट सुरू डडेल्धुरा जिल्ला अदालतबाट प्रेमसिंह धामीसमेतका १२ जना प्रतिवादीहरूउपर बिगो रू.१०,३६,५१८।- को बिगोसम्म आरोपित कसुर गरेको ठहर गरी वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम हुने १ वर्ष कैद र बिगोको दोब्बरले हुने जरिवाना रू.२०,७३,०५६।- लाई दामासाही गरी जनही १ महिना कैद र रू.१,७२,७५५।- जरिवाना हुने ठहर गरी र प्र. कुन्दन बोहरासमेत जना-४ लाई सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७०।११।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल मङ्सिर१९ गते रोज ३ शुभम्।

९

स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-CR-१४९७, ०७२-CR-००८३, कर्तव्य ज्यान / ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. चक्रबहादुर जप्रेल, चक्रबहादुर जप्रेल वि. नेपाल सरकार*

वारदात मिति २०७०।६।२७ को राति ९:३० बजेको समयमा मृतक रामलाल र जनक जप्रेल प्रतिवादीको घरमा गई निजसँग घरायसी विवादमा झगडा हुँदा प्रतिवादीले घरभित्र गई घरायसी प्रयोगमा रहेको चक्कु लिई मृतकको पेटमा प्रहार गरेको र जनकलाई समेत प्रहार गरी घाइते बनाएको अवस्थामा सोही चोट प्रहारका काणबाट राति २ बजेको समयमा रामलालको मृत्यु भएको भन्ने मौकामा कागज गर्ने व्यक्तिहरूको कथन रहेको देखियो। मृतक र प्रतिवादीबिच अंशसम्बन्धी विवाद रहेको भन्ने

प्रतिवादीको अदालतसमक्षको बयानबाट देखिन आउँछ । प्रतिवादी, मृतक र जनकलालले समेत प्रतिवादीको घरमा गई रक्सी सेवन गरेको भनी मृतककी श्रीमती भगवती जप्रेलले मौकाको कागजमा उल्लेख गरेको पाइन्छ । उपर्युक्त तथ्यको विश्लेषणबाट पुनरावेदक प्रतिवादीसँग निजको दाजुभाइको घरायसी व्यवहारमा विवाद रहेको र सोही जरियाका कारण प्रतिवादीले प्रहार गरेको चक्कुको चोटबाट मृतक रामलाल जप्रेलको मृत्यु भएको तथ्य स्थापित हुन आउने ।

तत्काल उठेको रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, हात मुक्का प्रहार गरी ऐनका म्यादभित्र मृत्यु भएको अवस्थामा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुने । वारदातमा प्रयोग भएको चक्कु बरामद भएको देखिन्छ । यस्तो धारिलो चक्कुले मानिसको पेटजस्तो संवेदनशील भागमा पटक पटक प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरामा पुनरावेदक प्रतिवादी अनविज्ञ अवस्थाका थिए भन्न सकिने अवस्थासमेत मिसिल कागजबाट देखिँदैन । घरायसी विवादका विषयमा मृतकसमेतसँग इवी रहेको भन्ने निजको बयान बेहोराबाट देखिन्छ । वारदातस्थलबाट घरभित्र गई चक्कु ल्याई मृतकसमेतलाई अन्धाधुन्ध चक्कु प्रहार गरेको अवस्थाले निजको ज्यान मार्ने मनसाय रहेनछ भन्न मिल्ने पनि देखिएन । यसरी मृतकको शवपरीक्षण प्रतिवेदन, प्रत्यक्षदर्शी लक्ष्मी जप्रेल, भगवती जप्रेलको मौकाको कागज, प्रतिवादीको अदालतको साबिती बयान, वारदातमा प्रयोग भएको चक्कु बरामद भएको बरामदी मुचुल्कासमेतका मिसिल संलग्न प्रमाण कागजबाट यी पुनरावेदक प्रतिवादीले उक्त कार्य ज्यानसम्बन्धीको १४ नं. बमोजिमको भएको भनी लिएको जिकिर मनासिब नदेखिने ।

प्रतिवादी स्वयम् आफैँले प्रहार गर्ने कार्य छोडी भागी हिँडेको र ज्यान मार्नेसम्मको कार्य गरिरहेको अवस्थामा कुनै तत्त्वको हस्तक्षेप भई ज्यान मर्न नपाएको भन्ने नदेखिनुका अतिरिक्त ज्यानै मार्नेसम्मको गम्भीर चोट पटक लागेको भन्नेसमेत नदेखिएबाट प्रतिवादी चक्रबहादुर जप्रेललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र ज्यान मार्ने उद्योगको तर्फको अभियोग दाबी पुग्न नसकी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहर गरेको पुनरावेदन अदालत दिपायलको मिति २०७१।३।२६ को फैसला अन्यथा नभई मिलेकै देखिने ।

वारदातको प्रकृति र परिस्थिति हेर्दा मृतक वारदात मितिमा राति ९:३० बजेको समयमा पुनरावेदक प्रतिवादीको घरमा गएको र मृतकले नै प्रतिवादीलाई प्रहार गरेपछि रिस थाम्न नसकी प्रतिवादीले चक्कु प्रहार गर्दा घटना घटी ज्यान गएको भन्ने देखिन्छ । मृतक र प्रतिवादी दाजुभाइ नाताका व्यक्ति रहेकोमा विवाद छैन । आफ्नै दाजुलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने मिसिलबाट देखिँदैन । मृतक र प्रतिवादीबिच भएको घरायसी विवादबाट उत्पन्न भएको परिस्थितिवश पुनरावेदक प्रतिवादीले छाडेको चोट प्रहारबाट मृतकको मृत्यु हुन गएको अवस्था देखिन्छ । पुनरावेदक प्रतिवादीले आफूले गरेको सो आपराधिक कार्य स्वीकार गरी न्याय निरूपणको कार्यमा सहयोग गरेको अवस्थासमेतबाट पुनरावेदक प्रतिवादीलाई ऐनले निर्धारण गरेको सजाय सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भई कैद वर्ष १५ गर्दा पनि सजायको मकसद पूरा हुने देखिएकोले पुनरावेदक प्रतिवादी चक्रबहादुर जप्रेललाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद हुने ।

इजलास अधिकृतः दिलीपराज पन्त

इति संवत् २०७४ साल असार २३ गते रोज ६ शुभम् ।

इजलास नं. १

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६९-WO-१२८२, उत्प्रेषण / परमादेश,*

अनिलकुमार शाह वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत

निजामती सेवा ऐन, २०४९ को दफा २१ मा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पदभन्दा एक श्रेणीमुनिको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको हुनुपर्ने देखिन्छ । २०६१ सालको सेवा समूह गठनसम्बन्धी नियममा भएको संशोधनबाट सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरी १ वर्षको तालिम प्राप्त गरेको हुनुपर्ने भन्ने प्रस्ट व्यवस्था गरेको पाइन्छ । निवेदकले सम्बन्धित विषयमा स्नातक गरी १ महिनाको मात्र तालिम लिएको भन्ने निवेदन बेहोराबाटै देखिन्छ । निवेदक मिति २०४७।२।७ मा सेवामा प्रवेश गरे पनि मिति २०६४।१०।१ बाट मात्रै रा.प.तृतीय प्रा. पदमा पदोन्नति भई कार्यरत रहेको र रा.प.द्वितीय प्रा. पदमा बढुवा हुन एक श्रेणीमुनिको पदमा सम्बन्धित विषयमा स्नातक गरी १ वर्षको तालिम प्राप्त गरेको हुनुपर्ने भन्ने व्यवस्था २०६१ सालमा नै भएको भन्ने देखिने।

जुन श्रेणीको पदमा प्रवेश गरे पनि निजामती सेवामा सेवा प्रवेश गरेको बखत लागु रहेको शैक्षिक योग्यतालाई आधार मानी बढुवा हुन पाउनु पर्छ भन्ने निवेदन दाबी रहेको देखिन्छ । विपक्षीतर्फबाट निज हाल कार्यरत श्रेणीको पदमा प्रवेश गर्नुअगावै संशोधन भई अर्थात् निवेदक २०६४ सालमा नियुक्त भएकोमा मिति २०६१।४।२५ मा नेपाल इन्जिनियरिङ सेवा (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनुसूची-३ मा तोकिएको शैक्षिक योग्यता संशोधित भएकोले सो संशोधन यी निवेदकको हकमा आकर्षित हुन्छ भन्ने जिकिर रहेको पाइन्छ। निजामती सेवा नियमावली, २०५० को नियम ७५ मा शैक्षिक योग्यतासम्बन्धी विशेष व्यवस्थाबारे उल्लेख छ । सोअनुसार "निजामती सेवामा कुनै सेवा वा समूह गठन भएको अवस्थामा त्यस्तो सेवा वा समूहमा सेवा प्रवेशका निमित्त जुनसुकै विषयको शैक्षिक योग्यता निर्धारण गरिए तापनि सो सेवा वा समूह गठन हुनुभन्दा अगाडिदेखि बहाल रही नयाँ सेवा वा समूहमा समूहीकृत भएका निजामती कर्मचारीहरूको हकमा निजहरू सेवा प्रवेश गर्दा निजहरूले हासिल गरेको तत्कालीन सेवा, समूहसँग सम्बन्धित विषयको न्यूनतम शैक्षिक योग्यतालाई बढुवा प्रयोजनको लागि गणना गरिने छ" भन्ने उल्लेख भएको पाइन्छ। निवेदक २०६४ सालमा रा.प.तृतीय श्रेणीमा बढुवा भएको र निज बढुवा हुँदा १ वर्षको तालिमसमेत हुनुपर्ने व्यवस्था बहाल रहेकोले निजको हकमा २०६१ सालमा भएको संशोधित व्यवस्था नै लागु हुने अवस्था देखिन आउने।

निजामती सेवा ऐन, २०४९ को दफा २१ मा बढुवाको सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने व्यवस्था छ । मिति २०६१।४।२५ को राजपत्रमा प्रकाशित सूचनाबमोजिम कायम भएको नेपाल इन्जिनियरिङ सेवा मेटेरियोलोजी समूहको रा.प.द्वितीय श्रेणीको पदमा बढुवाको लागि आवश्यक पर्ने सो सेवा समूहको रा.प.तृतीय श्रेणीको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा B.Sc. वा सोसरहको वा विज्ञान विषयमा स्नातक उपाधि हासिल गरी WMO को स्टान्डर्डअनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त भन्ने तोकिएकोमा यी निवेदक मिति २०६४।१०।१ देखि ज्येष्ठता कायम हुने गरी रा.प.तृतीय श्रेणीमा बढुवा हुनुभएकाले निजको हकमा संशोधित शैक्षिक योग्यता नै लागु हुने भई निजामती सेवा नियमावली, २०५० को नियम ७५ आकर्षित नहुने हुँदा निजलाई बढुवा सिफारिस नगर्ने गरी भएको बढुवा निर्णय सदर हुने गरी भएको लोक सेवा आयोगको मिति २०७०।१।२६ को निर्णय कानूनसम्मत नै रहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल असार १० गते रोज १ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CI-०३८४, ०५९४, ०५९५, *निषेधाज्ञा / परमादेश,* दिनेशकुमार थपलिया वि. शिवबहादुर गुरूङ

विपक्षीहरूले शान्ति सुरक्षाको प्रयोजनार्थ निवेदकको सञ्चालनमा रहेको रात्रीकालीन व्यवसायमा नियमन गर्न खोजेको मात्र हो भन्ने जिकिर लिएको देखिन्छ । व्यवसायहरूको उद्देश्य र प्रकृतिको आधारमा सञ्चालनको अवस्था फरक फरक हुने हुँदा हरेक व्यवसायहरूको उचित तवरबाट वर्गीकरण गरी नियमन गर्नुपर्ने दायित्व नियमनकारी निकायको हुन्छ । निवेदकले व्यवसाय गर्ने अनुमति लिई कानूनबमोजिम नै व्यवसाय गर्दै आएको देखिन्छ । मिसिल संलग्न कागज प्रमाणहरूबाट निवेदकको व्यवसाय रात्रीकालीन प्रकृतिको भएको र निजको व्यवसायलाई विपक्षीहरूबाट यति बजेदेखि यति बजेसम्म भनी स्पष्ट समय सीमा तोकी व्यवसाय सञ्चालन गर्ने अनुमति दिएको भन्ने देखिँदैन । यस अवस्थामा विपक्षीहरूबाट सहमतिको भरमा भनी व्यवसायमा प्रतिकूल असर पर्ने गरी रोक लगाउन पाउने भनी अर्थ गर्नु उचित मान्न नसकिने ।

कानून बनाएर नियमन गर्न सक्नेबाहेक यस्तो संवैधानिक प्रदत्त मौलिक हकलाई यो वा ऊ बहाना वा आवरणमा हकलाई बन्देज लगाउनु वा अपहरण गरिनु हुँदैन । प्रत्येक व्यक्तिको व्यवसाय गर्न पाउने स्वतन्त्रतालाई संरक्षण गर्नु राज्यको कर्तव्य हुन आउँछ । यसका साथै नागरिकले आफ्नो मौलिक हकको प्रयोग तथा उपभोग गर्दा अर्को व्यक्ति वा सर्वसाधारण सबैको हक र अधिकारलाई आघात पार्ने किसिमले कार्य गर्न हुँदैन । त्यसको नियमन गर्ने जिम्मेवारी सम्बन्धित सार्वजनिक उत्तरदायित्व रहेको निकायमा रहन जान्छ । कानूनले निर्धारण गरेको सीमा र परिधिभित्र रही त्यस्ता निकायहरूले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने कुरामा समेत दुइमत हुन नसक्ने ।

प्रस्तुत विवादको सन्दर्भमा व्यक्तिको पेसा व्यवसाय गर्न पाउने स्वतन्त्रताको हनन नहुने गरी प्रत्येक नागरिकलाई संविधान प्रदत्त "स्वच्छ वातावरणको हक" को पनि सम्मान र कार्यान्वयन हुन आवश्यक पर्छ । संविधानको धारा ३० मा "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने" हक प्रदान गरेको छ । व्यापार व्यवसाय गर्ने नाममा छरछिमेकीलाई असुविधा पुग्ने गरी ध्वनि विस्तारित यन्त्र सञ्चालन गर्न पाउनु व्यावसायिक स्वतन्त्रताभित्र पर्दछ भन्न पनि मिल्दैन । तसर्थ डिस्को सञ्चालन गर्दा विभिन्न उपायहरूको अवलम्बन गरी ध्वनि प्रदूषण रोक्न पर्ने दायित्व निवेदकहरूको भएको तथ्यलाई निवेदकले आत्मसात् गर्नुपर्ने नै हुन्छ । वातावरणमा कम असर पर्ने व्यवस्था मिलाउने र असल छिमेकीपन कायम गर्नुपर्ने व्यवसायीको कर्तव्यभित्र नै पर्न आउँछ । कुनै पेसा व्यवसाय सञ्चालन गर्दा कानूनविपरीतका गतिविधि भएमा त्यसलाई नियन्त्रण गर्ने अधिकार नियमनकारी निकायमा रहेकै भए तापनि स्वतन्त्र रूपले व्यवसाय सञ्चालन गर्न पाउने अधिकार रहेको देखिन्छ तर पनि आफ्नो अधिकार प्रयोग गर्दा कर्तव्यको पनि पालन गर्नुपर्ने हुन्छ । आफूले सञ्चालन गरेको कार्यबाट छिमेकमा तथा समाज प्रतिकूल असर नपर्ने गरी छिमेकीलाई बाधा नपुग्ने गरी वातावरणीय प्रदूषण, ध्वनि प्रदूषण जस्ता कुराहरूबाट छिमेकीलाई अवरोध र प्रतिकूल असर नपर्ने गरी व्यवस्थित ढङ्गबाट व्यवसाय सञ्चालन गरिनुपर्ने हुन्छ । छिमेकीले पनि बिनाअवरोध रातको समयमा हुने होहल्ला आवाजबिना स्वतन्त्र रूपले सुत्न र बस्न पाउने उनीहरूको अधिकारमा प्रतिकूल असर नपर्ने गरी व्यवस्थित गरेर सञ्चालन गर्न पाउने कुरालाई अन्यथा भन्न सकिँदैन । यस्तो भन्दैमा व्यवसाय गर्नेलाई अनावश्यक धरपकड गर्ने, हैरानी दिने, कानून र विधिको विपरीत हुने गरी व्यवसाय गर्नेलाई हतोत्साहित गर्ने काम हुन नदिनसमेत सम्बन्धित निकायले विशेष सतर्कता

अपनाउनु आवश्यक हुन्छ । सोही सन्दर्भलाई मनन गरी पुनरावेदन अदालतबाट प्रस्तुत निवेदनमा आदेश जारी भएको अवस्था देखिने।

पुनरावेदन अदालतलाई सर्वोच्च अदालतलाई जस्तो आज्ञा आदेश वा पुर्जी जारी गर्ने अधिकार नभएको भन्ने हकमा पुनरावेदन अदालतलाई निषेधाज्ञा / परमादेश / उत्प्रेषणको आदेश जारी गर्ने अधिकार भएकोमा विवाद छैन। पुनरावेदन अदालतले आफ्नो क्षेत्राधिकारभित्र परी आएको मुद्दा मामिलामा आवश्यक सुनुवाइ गरी निर्णय गर्ने अधिकार राखेको हुन्छ। राज्यको न्यायिक निकायको रूपमा कार्य गर्ने अदालतको भूमिका संरक्षकको हुनेमा विवाद गर्ने ठाउँ छैन। न्याय सम्पादनको क्रममा व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा आवश्यक आदेश जारी गर्ने अदालतको अन्तरनिहित अधिकारक्षेत्रभित्र पर्ने तथ्यलाई इन्कार गर्न सकिँदैन । कानूनमा सबै समस्याको समाधान रहेको हुन्छ भनी परिकल्पना गर्न पनि सकिन्न । कानूनले सम्बोधन गर्न नसकेको विषयको हकमा कानूनको सक्रिय र उचित व्याख्या गर्ने अधिकार अदालतमा अन्तर्निहित रहेबाट सो अधिकारको प्रयोग गरी पुनरावेदन अदालत पोखराले जारी गरेको निर्देशनात्मक आदेशबाट विपक्षीहरूमा अतिरिक्त कार्यबोझ थप भएको तथ्यको पुष्ट्याईं भएको देखिएन। पोखरा जस्तो विदेशी पर्यटकको अत्यधिक आवतजावत हुने ठाउँमा अझ थप पर्यटक आउन प्रोत्साहन गर्नु पर्नेमा आम नेपाली जस्तै पर्यटक चाँडै सुत्नुपर्दछ भन्ने अनुमान गरी भएको निर्णय उचित मान्न सकिँदैन । नेपालको मुख्य आयस्रोत पर्यटन व्यवसाय भएकोले गैरकानूनी क्रियाकलाप भएगरेको अवस्थाबाहेक पर्यटन व्यवसाय वृद्धि गर्ने सन्दर्भमा सुरक्षाको प्रभावकारी व्यवस्था गर्नु पर्नेमा नियन्त्रण गर्नेतर्फ उन्मुख रही प्रस्तुत पुनरावेदन पर्न आउनुलाई समय सुहाउँदो मान्न नसकिने।

अतः विवेचित आधार कारणबाट निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७१।४।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल असार ११ गते रोज २ शुभम्।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७०-WO-०८२४,* उत्प्रेषण, *अधिवक्ता गोपालप्रसाद अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विभागद्वारा जारी परिपत्रबिना अख्तियारी प्रेषित भएको होइन । निवेदकले जिकिर लिएजस्तो अख्तियारी नै नभएको निकायबाट कुनै कार्य गरिएको छैन। रिट खारेज हुनुपर्छ भन्ने विपक्षी आन्तरिक राजस्व विभागसमेतको जिकिर रहेको प्रस्तुत निवेदनको तथ्यलाई हेर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ मा नियमावली कार्यान्वयन गर्ने प्रयोजनार्थ अर्थ मन्त्रालयले निर्देशिकाहरू जारी गर्न सक्ने छ भन्ने व्यवस्था रहेको पाइयो । यसै व्यवस्थाअनुरूप नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०।६।२० को निर्णयबाट निर्देशिकामा परिपत्रमा उल्लिखित विषयहरू समेट्ने निर्णय भएअनुसार आन्तरिक राजस्व विभागबाट मिति २०७०।७।३ मा परिपत्र जारी भएको हो, बिना अख्तियारी परिपत्र गरिएको होइन भनी विभागलगायतको लिखित जवाफमा स्पष्ट गरिएको देखिँदा अख्तियारीका सम्बन्धमा निवेदकले लिएको जिकिर स्थापित हुन नसक्ने।

यसैगरी परिपत्रमा उल्लिखित प्रावधान मूल्य अभिवृद्धि कर ऐन र नियमावली विपरीत छ भनी निवेदकले लिएको जिकिर कानूनी व्यवस्थाअनुरूप स्थापित हुन सक्छ वा सक्दैन ? भन्ने सम्बन्धमा हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ मा दर्ता भएको व्यक्तिले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र

असुलउपर गर्नु पर्ने छ भन्ने प्रावधान उल्लेख भएबाट कर निर्धारणसम्बन्धी अधिकार मूल्य अभिवृद्धि कर तथा नियमावलीबमोजिम हुने कुरामा अन्यथा देखिएन। यसै प्रावधानअनुरूप ऐनको दफा ८(३) को कार्यान्वयन प्रयोजनार्थ भनी आन्तरिक राजस्व विभागबाट परिपत्र गरिएको उल्लेख गरी के-कस्ता कुरालाई संरचना मान्ने ? व्यावसायिक प्रयोजनअन्तर्गत के कस्ता कुराहरू पर्छन् लगायतका विषयमा परिपत्रद्वारा गरिएको प्रष्टीकरणलाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

निवेदकले परिपत्रमा पचास लाख रूपैयाँभन्दा बढी लागतका भवन, अपार्टमेन्ट तथा सपिङ कम्प्लेक्स र विभागले तोकेका अन्य संरचना भनी उल्लेख भएकोमा अन्य संरचना पनि यसैसरहका व्यापार गर्ने प्रयोजनले निर्माण गरी बिक्री गर्ने प्रयोजनका हुनुपर्ने र यस्ता संरचनामा मात्रै मूल्य अभिवृद्धि कर लगाउने व्यवस्था ऐनमा भएको भनी जिकिर लिएको पाइयो। यस सम्बन्धमा विभागले थप स्पष्ट गर्दै निर्माण गरी बिक्री गर्ने, व्यवसाय गर्ने तथा आय आर्जन गर्न बनाइने भवन पनि व्यावसायिक प्रयोजनको लागि हुने हुँदा यस्ता स्थायी सम्पत्तिको रूपमा लेखाङ्कन गरी आय आर्जन हुने चालु वा स्थायी सम्पत्तिमा मू.अ.कर लाग्ने कानूनी व्यवस्था विद्यमान छ भनी प्रस्ट गरेको देखिने।

कर लाग्ने प्रयोजनका लागि मूल्य अभिवृद्धि कर लाग्ने सबै वस्तु र सेवाहरू गणना गर्ने भनी परिपत्रमा उल्लिखित विषयप्रति पनि निवेदकको असहमति रहेको पाइयो। यस सम्बन्धमा के कस्ता वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने हो भनी तोक्ने अधिकार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ ले स्पष्ट गरेको र यसै व्यवस्थाअनुरूप नेपाल सरकारको निर्णयबमोजिम अधिकारप्राप्त निकायले करको दायरामा राख्ने र यसैलाई परिपत्रमार्फत जानकारी गराउने कार्यलाई गैरकानूनी भन्न मिल्ने अवस्था नरहने।

आफूले उठाएको विषय सार्वजनिक हक वा सरोकारको विवाद हो, यस्तो विषयमा निवेदन दिने हकदैया आफूलाई प्राप्त छ भन्ने कुरामा पनि निवेदकतर्फबाट बहस जिकिर प्रस्तुत भएकोमा सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको सरोकारमा मात्र केन्द्रित नरही सर्वसाधारण जनता वा जनसमुदायको हितमा केन्द्रित रहेको हुनुपर्छ भनी संवैधानिक व्याख्या गर्ने गरिएको छ। नेपालको न्यायिक अभ्यासलाई हेर्दा पनि सार्वजनिक सरोकारका विवादअन्तर्गत समाजमा पछाडि परेका वर्ग, समुदाय तथा क्षेत्रको हितमा आवाज उठाइएका, लैङ्गिक समानता र समता कायम गर्ने पक्षमा दाबी लिइएका तथा आवाजविहीनहरूको आवाज मुखरित गर्ने उद्देश्यले दायर भएका यस्ता रिट निवेदनहरूमा महत्त्वपूर्ण आदेश भएका छन्। यस्ता रिटहरूमा हकदैयासम्बन्धी विषयमा लचकता अपनाउने गरिएको छ। यद्यपि सार्वजनिक सरोकारको विवाद लिएर अदालत प्रवेश गर्ने व्यक्तिको पनि उक्त विवादमा उठाइएको विषयप्रति तात्विक सरोकार र सार्थक सम्बन्ध रहेको हुनुपर्ने।

प्रस्तुत निवेदनको हकमा हेर्दा निवेदकले उठाएको विषय मुख्यतया मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा ऐजनको नियमावली, २०५३ मा भएको मूल्य अभिवृद्धि करसम्बन्धी व्यवस्थाविपरीत करको दरमा परिवर्तन गरिएको तथा थप वस्तुमा कर लगाइएको कार्य कानूनविपरीतको कार्य हो भन्ने विषयमा केन्द्रित छ। उपर्युक्त विषय आम जनताको सरोकारको विषय हो भनी निवेदकले प्रस्ट गर्न सक्नुभएको छैन। निवेदकले स्थायी सम्पत्तिका रूपमा लेखाङ्कन भई आय आर्जन हुने सम्पत्तिमा मूल्य अभिवृद्धि कर लगाउने भनी ऐनमा भएको व्यवस्थाप्रति पनि प्रश्न उठाएको देखिन्छ भने घर जग्गा करमुक्त क्षेत्र भएको हुँदा यसमा बन्ने संरचनाहरूमा पनि कर लगाउन नहुने भनी उल्लेख गरे पनि यस विषयमा उहाँको मागदाबी स्पष्ट हुन सकेको छैन। निवेदकले उठाएका कतिपय विषयहरू सम्बोधन भएको खण्डमा राज्यको कर आम्दानीमा प्रत्यक्ष असर पर्ने तर कर दायित्वबाट मुक्ति पाउने वर्ग सर्वसाधारण

वा आम जनता हुन सक्ने भन्ने पनि देखिँदैन । निवेदकले आफूहरू स्वयम्‌ले आवाज उठाउन नसक्ने आवाजविहीनहरूको आवाज मुखरित गर्न सकेको अवस्था पनि छैन भने निवेदनमा उठाइएको विषय र निवेदकका बिचमा तात्विक सरोकार (Substantail Interest) तथा सार्थक सम्बन्ध (Meaningful Relation) पनि नदेखिने ।

प्रस्तुत निवेदनमा राज्यको साधिकार निकायले नियमानुसार मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा क्षेत्रका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको व्यवस्था एवम् सोही ऐनले प्रत्यायोजन गरेको अधिकारको सीमाभित्र रही गरेको निर्णय तथा त्यसै आधारमा आन्तरिक राजस्व विभागबाट मिति २०७०।७।३ मा जारी परिपत्र गैरकानूनी एवम् क्षेत्राधिकारविहीन हो भन्ने अवस्था नदेखिने ।

उपर्युक्त तथ्य एवम् प्रमाणसमेतका आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको व्यवस्थाबमोजिम नै नेपाल सरकार मन्त्रिपरिषद्‌को निर्णयसमेतका आधारमा आन्तरिक राजस्व विभागबाट मिति २०७०।७।३ मा जारी परिपत्र तथा उक्त परिपत्रमा उल्लिखित करसम्बन्धी व्यवस्था गैरकानूनी हो भन्ने नदेखिएको साथै सार्वजनिक सरोकारको विवाद हो भनी निवेदकले जिकिर लिएको भए पनि प्रस्तुत निवेदनमा उठाइएको विषयवस्तुप्रति निवेदकको तात्विक सरोकार (Substantail Interest) तथा सार्थक सम्बन्ध (Meaningful Relation) रहेको भन्नेसमेत नदेखिएकोले यी निवेदकलाई प्रस्तुत निवेदन गर्ने हकदैया नै नरहेकोसमेतका आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७०-CR- १३६४, अपहरण तथा शरीरबन्धक, नेपाल सरकार वि. तेजबहादुर थापासमेत*

प्रस्तुत मुद्दामा अपहरण तथा शरीरबन्धक लिने कसुर ठहर गरेको सुरू जिल्ला अदालतको फैसलाको पुनरावेदन गर्ने प्रतिवादीहरू तेजबहादुर थापा तथा लक्ष्मण पुनले अ.बं.२०८ नं. बमोजिम अदालतमा हाजिर भई गरेको बयानमा निर्वाचन तयारीको क्रममा छलफलमा रहेको अवस्थामा जाहेरवालासमेतका व्यक्तिले प्रतिवादीमध्येका तेजबहादुर थापासमेतलाई अपहरण गरी लगेकोमा उल्टो हामीलाई अपहरण गरेको भनी झुट्ठो जाहेरी दिएको हो भनी आरोपित कसुरमा इन्कार रहेका छन् । पुनरावेदनपत्रमा सो कुराको पुनर्पुष्टि गर्दै जाहेरी दरखास्तलाई मात्र आधार मानी कसुर ठहर गरेको फैसला बदर गरी सफाइको जिकिर लिएको अवस्था छ । प्रतिवादीहरूउपर जाहेरवालाले राजनीतिक झुट्ठो अभियोग लगाएको भनी निजहरूको साक्षीले गरेको बकपत्रले प्रतिवादीहरूको भनाइ समर्थित भइरहेको देखिन्छ । यस मुद्दाका प्रतिवादी तेजबहादुर थापाले जाहेरवालामध्येका कमलबहादुर पुनसमेतका व्यक्तिउपर किटानी जाहेरी दिई दायर भएको अपहरण तथा शरीरबन्धकको कसुरमा मुद्दा दायर भई सफाइ पाउने गरी पुनरावेदन अदालत बागलुङबाट फैसलासमेत भइसकेको देखिने ।

प्रस्तुत मुद्दामा पेस भएको अभियोगपत्रको बेहोरा अध्ययन गर्दा, कुन-कुन प्रतिवादीको उक्त वारदातमा के, कस्तो संलग्नता र भूमिका रह्यो, के, कति समान क-कसले लुटी लगे सो यकिन गरेको अवस्था छैन । फौजदारी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने दायित्व अभियोजन पक्षको रहेको तथ्यलाई मनन गर्दा प्रस्तुत मुद्दामा अभियोजन पक्षले तथ्ययुक्त र वस्तुनिष्ठ आधारमा अभियोग प्रमाणित गर्नसकेको अवस्था देखिँदैन । घटना राजनीतिक प्रतिशोधको कारण भएको तथ्य मिसिल संलग्न प्रमाणबाट स्थापित भएको अवस्था छ । प्रतिवादीहरूले आरोपित कसुर गरेको तथ्यको परिपुष्टि शङ्कारहित प्रमाणबाट नभएको हुँदा तथ्ययुक्त एवम् वस्तुनिष्ठ प्रमाणको

अभावमा गोलमटोल रूपमा परेको जाहेरी र सोही आधारमा दायर गरिएको आरोपपत्रको आधारमा मात्र प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्नु न्यायको मान्य सिद्धान्तविपरीत हुने हुँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई जनही ४ वर्ष कैद र रू.५०,०००।– जरिवाना गर्ने गरी सुरू बागलुङ जिल्ला अदालतबाट भएको मिति २०६९।३।५ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई सफाइ दिने ठहऱ्याई मिति २०७०।९।१ मा पुनरावेदन अदालत बागलुङबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अनुपमा पन्त

कम्प्युटरः मिनु शाही

इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०६८-WO-०८२०, उत्प्रेषण / परमादेश, *नानी छोरी मानन्धर वि. नेपाल ससेज फैक्ट्री प्रा.लि.समेत*

राजीनामा लिखतमै उल्लेख रहेको साँध सिमानाको जिकिर लिई पर्खालले साँध सिमाना छुट्याई भोगचलन गरी आएको कित्ता सुधार गरिपाउँ भनी मिति २०६५।१२।२४ मा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा दिएको निवेदनबाट मालपोत कार्यालयले कानूनबमोजिम गरी मिति २०६६।३।१८ मा नयाँ नक्सा सुधारसम्बन्धी निर्णय गर्दा विपक्षी प्रत्यर्थीको नाममा क्षेत्रफल ०-१४-० जग्गा बढ कायम भएको रहेछ। प्रस्तुत निर्णयउपर निवेदकले चित्त नबुझाई एकातिर २०६८।११।२९ मा यस अदालतमा रिट दर्ता गरेको र अर्कोतिर २०६६।८।२५ मा जग्गा खिचोला मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भएको रहेछ। सो मुद्दा मिति २०६८।३।२१ मा वादी दाबी नपुग्ने गरी फैसला भएको र निवेदकले चित्त नबुझाई पुनरावेदन अदालत पाटनमा मिति २०६८।८।९ मा पुनरावेदन दर्ता भएको देखियो। प्रस्तुत मुद्दा मुलतबीमा राख्न भनी स्वयम् निवेदकले मिति २०६९।११।१४ मा दिएको निवेदन मुताबिक नै पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।१४ को मुलतबी आदेश गरेको देखिने।

अतएव, कानूनी प्रक्रिया चलिरहेको, विवादको जग्गा जोडिएको, निवेदक तथा विपक्षी प्रत्यर्थी दुवैको साबिक तथा हालको नक्साको कि.नं. फरक देखिएको र प्रस्तुत हकबेहकको विषयमा दुवै नक्सा भिडाएर मातहतमा रहेको विचाराधीन मुद्दाबाट निर्णय हुने नै हुँदा प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत: अशोककुमार क्षेत्री

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०६९-WO-०३३५, उत्प्रेषण, *इन्दीरा प्रधानसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(५) ले जग्गाको प्रमाण पेस गरी दर्ता गर्नुपर्ने दायित्व र प्रमाणको भार दाबी गर्नेमा राखेको देखिन्छ। प्रस्तुत जग्गाको उल्लिखित बकसपत्र र दर्ताको समयान्तर करिब ५३ वर्ष देखियो र यसबिचमा उक्त जग्गा नेपाल सरकारका नाममा दर्तासमेत भएको पनि झन्डै १ दशकपछि मात्र दर्ताको प्रक्रिया सुरू भएको देखिने।

पर्ती जनिएको जग्गाका सम्बन्धमा मालपोत ऐन, २०३४ को दफा २४(१) ले सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्न नहुने आधार खोली अदालतकै आदेशबमोजिम मालपोत कार्यालय डिल्लीबजारबाट मिति २०६९।२।१७ मा भएको निर्णय कानूनसम्मत नै देखिँदा प्रस्तुत निवेदनको

मागदाबीबमोजिम रिट जारी गर्न नमिल्ने।

अतएव, प्रस्तुत जग्गा पर्ती रहेको, निवेदकले जग्गा दर्ता प्रक्रियामा प्रमाण पुऱ्याउन नसकेको, विलम्ब गरी आएको, कानूनी उपचारमा साधारण अधिकारक्षेत्रको प्रयोग गरिसकेको र हकबेहकको विषयमा मालपोत ऐन, २०३४ बमोजिम अधिकारप्राप्त अधिकारीबाट अदालतकै आदेशबमोजिमको यकिन निर्णय गर्दासमेत छुट दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६९।२।१७ को निर्णय कानूनसम्मत नै देखिँदा अन्यथा भन्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अशोककुमार क्षेत्री

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७५-WO-०४०३, उत्प्रेषण / परमादेश, *अमेरिका थारू वि. दुग्ध विकास संस्थान, लैनचौरसमेत*

निवेदक र विपक्षी दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय, लैनचौर काठमाडौंबिच दैनिक दुध ढुवानी तथा वितरणका सम्बन्धमा करार भएको र सो करारबमोजिमको रकम दाखिला नभए नगरेबाट करारको भङ्ग भएको देखियो । यसप्रकार, यी निवेदक र विपक्षीबिच करारीय विषयवस्तुको विवाद रहेसमेतबाट करारकै सर्तनामामा स्पष्ट उल्लिखित आपसी सहमति वा मध्यस्थताबाट विवादको समाधान गर्न सहमत भएका करारीय विषयवस्तुउपर विद्यमान वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी रिटको क्षेत्राधिकार देखाई दायर भएको प्रस्तुत निवेदनउपर प्रथमदृष्टिमै निवेदन मागदाबीबमोजिमको परमादेश जारी गर्न नमिल्ने।

अतएव, निवेदक र विपक्षी करार गर्न सक्षम रहेका, दुवै सक्षम पक्षले आपसी सहमति र स्वतन्त्रतापूर्वक कानूनबमोजिमको (करार) सम्झौता सम्पन्न भएको, सम्भावित विवादको परिकल्पना गरी विवाद समाधानको संयन्त्रसमेत यकिन गरेको, सम्झौताकै अधीनमा रही करार भङ्ग भएको र करारीय विषयवस्तु विद्यमान रहेको तथा (करार) सम्झौतामा नै उल्लिखित रहेको वैकल्पिक उपचारको बाटो रहिरहेकै अवस्थामा रिट क्षेत्राधिकारअन्तर्गत दायर भएको प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: अशोककुमार क्षेत्री

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ कात्तिक २७ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७०-CI-१२२८, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *किसुनदेव ठाकुर वि. जिल्ला शिक्षा कार्यालय, सिराहासमेत*

पुनरावेदक किसुनदेव यादवले आफू कार्यरत विद्यालयमा प्र.अ.को कार्यभार सम्हालेपछि बरबुझारथको विषयमा पूर्व प्र.अ. सुरेश साहसँग विवाद गरी सो विवाद चर्कंदै गएको कारण उक्त विवाद समाधान गर्ने उद्देश्यले अधिकारप्राप्त अधिकारीबाट पुनरावेदकको अन्यत्र सरूवा गरेको देखिन्छ । शिक्षा ऐन, २०२८ को दफा १६ज(३) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम विद्यालयमा चर्कंदै गएको विवाद समाधान गर्नको लागि अधिकारप्राप्त अधिकारीले पुनरावेदकको सरूवा मिलान गरेको भन्ने देखिँदा अधिकारप्राप्त अधिकारीले कानूनबमोजिम सरूवा गरेको भन्ने आधार लिई निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालतको आदेश मनासिब देखिन आउने।

तसर्थ विवेचित तथ्य एवम् प्रमाणको आधारमा पुनरावेदन अदालत राजविराजबाट रिट खारेज हुने ठहर गरी मिति २०६९।१२।१५ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल चैत ४ गते रोज १ शुभम्।

५

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७२-CI-०६१२, उत्प्रेषण, *प्रेमकुमार श्रेष्ठ वि. काठमाडौं महानगरपालिका, बागदरबारसमेत*

आफ्नो अधिकार हनन भयो भन्नेले कर्तव्य पनि पालना गरेको हुनुपर्दछ । बोलपत्रमा उल्लिखित सर्तहरू स्वीकार गरी त्यसको प्रक्रियामा समावेश हुने पुनरावेदकले त्यसमा उल्लिखित सर्तको पालना गर्ने कर्तव्यलाई इन्कार गर्न पाउने कानूनी आधार देखिँदैन । त्यस्तो सर्त बोलपत्रको कुनै पनि बुँदामा वा त्यसअन्तर्गतको स्पष्टीकरण खण्ड, नोट (Note) आदि जहाँ भए पनि त्यसको कानूनी हैसियतमा कुनै प्रतिकूल असर पर्ने भन्ने अर्थ गर्न मिल्ने आधार पुनरावेदकले पेस गर्न सकेको नदेखिँदा टेन्डर फाराममा उल्लिखित सर्त र सो आधारमा धरौटी रकम जफत गर्न गरेको पत्राचारमा कुनै कानूनी त्रुटि विद्यमान देखिन नआएकोले पुनरावेदन अदालतले रिट निवेदन खारेज हुने ठहऱ्याएको फैसला मनासिब देखिन आउने ।

तसर्थ, निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहे भएको नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।३।८ को फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम् ।

इजलास नं. ३

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-RB-०२७०, सामुद्रिक बिमा सम्बन्धमा, *सकुन बस्नेत वि. दि ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेड, कान्तिपथ*

कुनै बिमा गरिएको सामानको क्षतिपूर्ति दाबी गर्न बिमितले सम्झौतामा तोकिएबमोजिमका सर्तहरू यथावत् रूपमा पालना गरेको हुनु आवश्यक हुन्छ । बिमितले बिमालेख वा सम्झौताका सर्तहरूको पालना नगरेको अवस्थामा बिमकलाई समेत क्षतिपूर्ति दिनुपर्ने दायित्व सिर्जना नहुन पनि सक्ने । बिमा ऐन, ०४९ र बिमा नियमावली, ०४९ ले बिमासम्बन्धी विषयलाई नियमित गरेको देखिन्छ । बिमा नियमावली, २०४९ को नियम ३२ को (१) (२) (३) ले निर्जीवन बिमाको दाबी भुक्तानी प्रक्रिया उल्लेख गरेको छ । जसअनुसार बिमितले बिमा लेखबमोजिमको दाबी गर्नु पर्ने भएमा तत्सम्बन्धी सम्पूर्ण विवरणहरू खुलाई बिमकसमक्ष निवेदन दिनुपर्ने, बिमितको बिमाको दाबी भुक्तानीको निमित्त आवश्यक जाँचबुझ गर्न आवश्यक परेमा बिमकले सर्भेयर खटाउन सक्ने र सर्भेयरले प्रतिवेदन बिमकसमक्ष पेस गरेपछि त्यसबारे बिमा लेखको सर्त तथा सुविधाको अधीनमा रही बिमितले पाउन सक्ने रकम उल्लेख गरी बिमितलाई जानकारी दिनु पर्ने भन्ने व्यवस्था रहेको छ । उक्त कानूनी प्रावधानलाई हेर्दा कुनै पनि सामानको जोखिमलाई रक्षावरण गर्नका लागि बिमा गरिएको छ भने बिमा दाबी गर्नु पर्ने परिस्थिति सिर्जना भएको अवस्थामा बिमा लेखको सर्त तथा सुविधाको अधीनमा रही दाबी पर्न आए बिमा दाबीको रकम भुक्तानी गर्नुपर्ने ।

बिमित शुभ सकुन कम्पनीले बिमक प्रत्यर्थी दि ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेडमा आफ्नो पस्मिना सल ढुवानीका क्रममा हुने जोखिमको रक्षावरणका लागि बिमा गरेको देखिन्छ । यसै सन्दर्भमा उक्त बिमा गरिएको सामान ढुवानी गर्ने क्रममा गाडीमा जलेर नष्ट भएको भन्ने विषय सन्दर्भलाई हेर्दा बा.५ च ९७०६ नं. को निजी कारमा १९ कार्टुनमा ९५० थान पस्मिनासहित काठमाडौंबाट नेपालगन्जको लागि हिँडेको गाडी तौलिहवा पुग्दा अचानक इन्जिनबाट आगो निस्किई गाडीमा आगो लागेको र सम्पूर्ण सलहरू जलेर नष्ट भएको, जलेपश्चात्को

खरानीसमेत राजमार्गका गाडीहरूले उडाएको भन्ने बिमितको प्रतिनिधिले जानकारी उपलब्ध गराएको, घटनास्थलमा सामान जलेको कुनै आधिकारिक प्रमाण नभेटिएको, खरानीसमेत नभेटिएको, गाडी जलेपश्चात् तौलिहवा प्रहरी चौकीमा गाडी ल्याएर राखिएको, प्रहरी मुचुल्कामा पस्मिना कार्टुन जलेको खरानीको चिह्न फेला परेको भन्ने बेहोरा उल्लेख गरी सर्भेयरले प्रतिवेदन दिएको देखिन्छ । उक्त प्रतिवेदनले In the survey inspection we could not reach any strong conclusion regarding the loss ……. Thus, the indemnity of the claim depends upon the terms and condition of the policy. उल्लेख गरी जलेको सम्बन्धमा कुनै निष्कर्ष दिन नसकिने र क्षतिपूर्तिको विषय बिमा लेखको सर्तहरूमा भर पर्ने भनी प्रतिवेदन दिएको देखिने ।

सर्भेयरको प्रतिवेदनले सामान जलेको कुनै आधिकारिक प्रमाण नभेटिएको भन्ने निष्कर्ष दिएको भए तापनि बा. ५ च ९७०६ नं. को निजी कार जली पूर्ण रूपमा नष्ट भएको देखिएको सो कारको भित्र र जमिनमा समेत जलेको उलन कपडाको जस्तो देखिने धुलो खरानी रहेको भन्ने खुलाएको प्रहरीको घटनास्थल मुचुल्कालाई अन्यथा मान्नु पर्ने अवस्था रहेको छैन । त्यसैगरी परीक्षणको लागि पेस गरिएका अवशेषहरू कुनै कपडा डढेर बाँकी रहेको अवशेष हो । सूक्ष्मदर्शी यन्त्रबाट परीक्षण (microscopic examination) गर्दा उक्त अवशेष र त्यस उद्योगबाट पेस गरिएको धागोका नमुना समान गुणको पाइयो भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनको नतिजा रहेको देखिन्छ । तर बिमितले दिएको नमुनाका आधारमा बिमितकै अनुरोधमा गरिएको प्रयोगशाला परीक्षण बिमकले रक्षावरण गरेको मालवस्तु नै हो भनी किटान गर्न सकिने अवस्था देखिएन । सो हुनाले प्रहरीको घटनास्थल मुचुल्का, सर्भेयरले दिएको प्रतिवेदनसमेतका आधारमा बिमितको सामान जली नष्ट भएको पुष्टि भए पनि सो गाडीभित्र बिमितले उल्लेख गरेबमोजिम परिमाणमा बिमालेखले रक्षावरण गरेको वस्तु नै थियो भनी यकिन गर्न सक्ने प्रमाण नदेखिने ।

प्रस्तुत मुद्दामा बिमा गरिएको सामान जलेर नष्ट भएको हुँदा बिमा सुरक्षा उपलब्ध गराई पाउँ भन्ने बिमित पुनरावेदकको जिकिर र बिमितले आफ्नो दायित्व पूरा नगरेकोले बिमा दाबी स्थापित नहुने भन्ने प्रत्यर्थीको जिकिरलाई दुवै पक्षबिच भएको बिमासम्बन्धी करारको सन्दर्भमा बिमा लेखमा रहेका सर्त तथा सुविधाहरूलाई अध्ययन गरी उक्त क्षतिको क्षतिपूर्ति बिमक कम्पनीले भुक्तानी गर्नु पर्ने हो होइन भन्ने सन्दर्भमा हेर्नु पर्ने देखिन आयो । यस सम्बन्धमा करार ऐन, २०५६ दफा २ (क) ले करार भन्नाले दुई वा दुईभन्दा बढी पक्षबिच कुनै काम गर्न वा नगर्नका लागि भएको कानूनबमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता सम्झनुपर्छ भन्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ७१ मा करार पूरा गर्नु पर्ने समय र तरिकाको बारेमा करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिकाबमोजिम करार पूरा गर्नु पर्ने छ भनी व्यवस्थित गरेको देखिन्छ । बिमालेख पनि विशेष प्रकृतिको करार भएको हुँदा यस्मा विशेष व्यवस्था बिमक र बिमित दुवैलाई लागु हुने सम्बन्धमा विवाद छैन । यसै सन्दर्भमा Policy no. 30902/21/063/1759/2009/00091 बाट बिमितले Marine Insurance (in land Transit) बिमा विपक्षी बिमा कम्पनीसँग गरेको देखिन्छ । सामानको बारेमा 950 pcs of Nepalese Pashmina shawls, Packed in cartoons। Details as per copy of Invoice No. 236 dated 16.12.2008 and 238 dated 17.12.2008 submitted to the company भन्ने उल्लेख भएको देखिन्छ । यसले बिमितले बिमा दाबीमा खुलाएको परिमाणको पस्मिना सलको बिमा गरेको विषयमा कुनै विवाद रहेन । त्यसैगरी बिमा लेखमा Carrier's name, consignment Note no & date, truck no. to be intimated भन्ने उल्लेख भएको देखिने । यसले ढुवानीपूर्व नै

ढुवानीकर्ताको नाम, कन्साइन्मेन्ट नं., ढुवानी मिति तथा ट्रक नं. बिमितले बिमकलाई जानकारी गराउनु पर्ने सर्तलाई उल्लिखित पक्षहरूबिच भएको करारमा स्वीकार गरिएको देखिन्छ। करारको पालना त्यतिबेला हुन्छ जब पक्षहरूले आ-आफ्नो सर्त तथा दायित्व पूरा गर्दछन्। करार ऐनको दफा ७१ मा करार पूरा गर्नु पर्ने समय र तरिकाको बारेमा करारमा उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिकाबमोजिम करार पूरा गर्नु पर्ने छ भन्ने व्यवस्था भएबाट समेत बिमालेखमा उल्लेख भएको सर्तअनुसार ढुवानी मिति, ढुवानी गाडी नं. तथा बिल नं. बिमकलाई सामान ढुवानी गर्नुअघि जानकारी गराउनु पर्ने दायित्वलाई स्वीकार गरी करार गरेको अवस्थामा उक्त दायित्व पूरा गर्नु बिमितको लागि बाध्यात्मक पूर्व सर्त र कर्तव्य देखिन्छ, यो ऐच्छिक सर्त नभई यथास्थितिमा पालन गर्नुपर्ने सर्तको रूपमा रहेको छ। बिमितले ढुवानीकर्ता सप्लायर्ससँग ढुवानी सम्झौता गरी सम्झौतापत्र बिमकलाई पेस गरेको भन्नेसम्म जिकिर लिएको देखिए पनि सार्वजनिक ढुवानीको साधनबाट ढुवानी नगरी निजी गाडीमा सामान पठाएको देखिन्छ। बिमालेखको सर्त मुताबिक उल्लिखित विवरण बिमकलाई जानकारी नगराएको भन्ने बिमक / प्रत्यर्थीको जिकिरलाई बिमित पुनरावेदकले अन्यथा भन्न सकेको देखिँदैन। यसले दुवै पक्षबिच भएको बिमालेखको सर्तनामा बिमितले पूरा गरेको नदेखिने।

बिमा गरिएको सामान जलेर नष्ट भएको र सामानको उचित प्रक्रिया पुर्‍याई बिमा गरिएको अवस्था रहेको भए पनि दाबीको प्रयोजनको विचार गर्दा बिमितले बिमालेखमा तोकिएका विशेष र बाध्यात्मक सर्तहरू पूरा नगरेको अवस्थामा बिमालेखको पालना भएको भन्न सक्ने अवस्था नदेखिने।

अतः बिमालेखमा रहेका आवश्यक सर्तहरू पूरा नगरेको अवस्थामा बिमा दाबीबमोजिमको क्षतिपूर्ति बिमितले पाउन नसक्ने आधारमा भएको पुनरावेदन अदालत पाटनको मिति २०७०।३।१७ मा भएको फैसलालाई अन्यथा भन्न सकिएन। पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल जेठ २७ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-०३९४, जालसाज, *अम्बिका पोख्रेल (भट्टराई) वि. बासुदेव घिमिरेसमेत*

करार सम्झौता भङ्ग गर्ने गरी खडा भएको टिप्पणी र सोको जानकारी पत्र प्रमुख जिल्ला अधिकारीसमेतले जालसाज गरी खडा गरेकोले तत्कालीन प्रमुख जिल्ला अधिकारीलाई समेत प्रत्यर्थी बनाई प्रस्तुत मुद्दा दायर हुन आएको सन्दर्भमा निजामती सेवा ऐन, २०४९ को दफा ५७(२) मा कुनै निजामती कर्मचारीउपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त गरेको हुनुपर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दाका हकमा पनि वादीले प्रमुख जिल्ला अधिकारीउपर जालसाज मुद्दा चलाउन अख्तियारवालाको अनुमति लिनुपर्ने देखिन्छ। सो प्रयोजनका लागि फिरादीले सम्बन्धित अधिकारी र गृह मन्त्रालयसमेतलाई जानकारी गराएको पत्र तथा हुलाकको रसिद फिरादसाथ पेस गरेको भए तापनि मुद्दा चलाउन अख्तियारवालाको स्वीकृति प्रदान गरिएको देखिने बेहोराको कागजात मिसिल सामेल नदेखिने। वादीले दाबी गरेको करार सम्झौता भङ्ग गर्ने सम्बन्धमा खडा भएका टिप्पणी आदेश जिल्ला प्रशासन कार्यालयको नियमित प्रक्रियाअन्तर्गत फाँटवाला कर्मचारीले उठाएको टिप्पणी प्रमुख जिल्ला अधिकारीबाट सदर भएको देखिन्छ भने सोही टिप्पणी आदेशबमोजिम नै पुनरावेदकलाई दिइएको जानकारी पत्र तयार भएको देखिन्छ। साथै यिनै फिरादी निवेदक र यिनै प्रत्यर्थी विपक्षी भई पुनरावेदन अदालत

धनकुटामा दायर गरेको निषेधाज्ञा मिश्रित परमादेशको रिट निवेदनमा पेस गरेको लिखित जवाफमा उक्त टिप्पणी आदेश र जानकारी पत्र कानूनबमोजिम नै तयार भएको भन्ने जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ बेहोरालगायतका आधार, कारणलाई विश्लेषण गरी पुनरावेदकको रिट निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत धनकुटाबाट फैसला भइसकेपछि पुनः पुनरावेदकले पुनरावेदन अदालत धनकुटामा यिनै प्रत्यर्थीहरू विरूद्ध जालसाज मुद्दा दायर गरेकोमा उक्त अदालतबाट समेत वादी दाबी नपुग्ने वा प्रत्यर्थीहरूको कार्य जालसाज नठहर्ने गरी भएको फैसला उल्लिखित सन्दर्भ, कानूनी व्यवस्थासमेतका आधारमा अन्यथा नदेखिने।

अतः उल्लिखित विवेचित आधार, कारणबाट निवेदकसँग गरिएको करार प्रत्यक्ष रूपमा निजको कार्य सम्पादनसँग सम्बन्धित देखिएको, निजको कार्य सम्पादन सन्तोषजनक नभएमा प्रमुख जिल्ला अधिकारीले निजसँगको करार भङ्ग गर्नसक्ने कुरा पुनरावेदक र प्रत्यर्थीबिच भएको सम्झौताबाट नै देखिएको स्थिति, प्रमुख जिल्ला अधिकारीले निज पुनरावेदकको कार्य सम्पादनको कारण जनाई निजसँगको करार भङ्ग गर्ने गरेको निर्णय र सोको आधारमा तयार भएको जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको च.नं.४४७५ को पत्रले वादीसँगको सेवा करार सम्झौता भङ्ग भएको जानकारी वादीलाई गराइएको देखिएको र उक्त जानकारीपत्र अन्यथा नदेखिई उक्त कार्य कार्यालयको नियमित प्रक्रियाबमोजिम नै भए गरेको भन्ने अवस्था देखिएको स्थितिसमेतबाट प्रतिवादीहरूको कार्य जालसाजपूर्ण रहेको भन्ने अवस्था नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०६९।११।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७२-CI-०४१०, माना चामल, *कुबिरमान राई वि. असारीमाया राईसमेत*

कानूनतः अंश पाउने व्यक्तिले अंश नपाउञ्जेलसम्म मानाचामल भराई पाउने अवस्था रहन्छ। मानाचामलको रकम के कति निर्धारण गर्ने भन्ने कुराको कुनै गणितीय मापदण्ड नदेखिएको अवस्थामा वादीको अवस्था र प्रतिवादीको हैसियत विचार गरी मिसिल संलग्न प्रमाणहरूका आधारमा अदालतले न्यायिक मन प्रयोग गरी सो निर्धारण गरिने हो। अतः सामान्यतया मानाचामल भराउनुपर्ने खर्चको निर्धारण प्रतिवादीको आयस्रोत एवम् निजको आर्थिक स्थिति, प्रतिवादीले पालनपोषण गर्नुपर्ने परिवारको सदस्य सङ्ख्या र प्रतिवादीको आम्दानीको स्तरलाई आधार मान्नुपर्ने हुन्छ। प्रतिवादीले आफूले मासिक रू.२६,१९०।- निवृत्तिभरण पाउने कुरा स्वीकार गरेको देखिन्छ। प्रतिवादीको प्रतिउत्तरपत्रमा विदेशमा सेक्युरिटी सेवा गरेबापत पाउने रकमबाट खर्च भई रू.२०,०००।- बाँकी रहने गरेको भनी उल्लेख गरेको पाइन्छ। निजहरूको खेतबारी रहे भएकोमा समेत विवाद देखिँदैन। वादीहरूको अन्य आयस्रोत रहे भएको भन्ने प्रतिवादीको जिकिर रहे भएको अवस्था छैन भने र निजहरूले अंशबापतको सम्पत्ति प्राप्त गरिसकेको भन्ने अवस्थासमेत मिसिल संलग्न कागजातबाट नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीसँग आश्रित परिवारको सदस्य सङ्ख्या वादीहरू दुईजनासहित ६ जना रहेको देखिन्छ। प्रतिवादीले मासिक रूपमा प्राप्त गर्ने निवृत्तिभरणको रकम, कपनको घरबाट प्राप्त हुन आउने भाडा, खेतीबारीसमेतबाट हुन आउने आम्दानी, प्रतिवादीले विदेशमा सेक्युरिटी सेवा गरेबापत प्राप्त गर्ने रकम र लगाउको अंश चलन मुद्दामा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित प्रतिवादीको जिम्मामा रहेको सम्पत्तिको आधारमा वादीहरूलाई मासिक रूपमा रू.२०,०००।- का दरले

हुने रकम माना चामलबापत भराइदिने गरी पुनरावेदन अदालत पाटनबाट फैसला भएको देखिन्छ । प्रतिवादी कुविरमान राईको आर्थिक स्थिति एवम् आयस्रोतको आधारमा भएको उक्त फैसला अन्यथा नदेखिएको स्थितिमा पुनरावेदन अदालतको फैसला नमिलेकोले बदर हुनुपर्छ भन्ने पुनरावेदन जिकिर र सोही बेहोराको पुनरावेदक प्रतिवादीका तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार र कारणबाट प्रतिवादी कुबिरमान राईको आर्थिक स्थिति एवम् आयस्रोतको आधारमा वादीहरूलाई निज प्रतिवादीबाट मासिक रू.२०,०००।- (बिस हजार) का दरले हुने रकम माना चामलबापत भराइदिने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७२-CR-२०२९, वैदेशिक रोजगार कसुर, *बबिन राई वि. नेपाल सरकार*

म पुनरावेदकले आरोपित कसुरमा दुवै निकायका इन्कार रही बयान गरे तापनि सो इन्कारी बयानलाई बेवास्ता गरी केवल लिखतमा सहीछाप गरेको स्वीकार गरेको भन्ने कुरालाई म विरूद्धको प्रमाणमा लिई भएको फैसला कानूनविपरीत भएको हुँदा बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गरी हेर्दा, आफ्नो इच्छाविपरीत रू.४,२०,०००।- (चार लाख बिस हजार रूपैयाँ) रकम लिएको भनी कागजमा सहीछाप गराएको भन्ने मुख्य पुनरावेदन जिकिर रहेकोमा आफ्नो इच्छाविपरीत जबरजस्ती रू.४,२०,०००।- (चार लाख बिस हजार रूपैयाँ) जस्तो ठुलो रकम लिएको भनी सहीछाप गराइसकेपछि निज पुनरावेदक प्रतिवादीले त्यस कार्यप्रति कहाँ कुन निकायमा गएर के कस्तो उजुर गरेको वा सो लिखत बदर गराउन के कस्तो कदम चालेको भनी केही खुलाउन सकेको पाइँदैन । यसरी कागजमा रहेको सहीछाप आफ्नो हो तर आफ्नो मन्जुरीबेगर जबरजस्ती कागजमा सहीछाप लगाउन बाध्य बनाएको भन्ने जिकिर लिँदैमा पुनरावेदक प्रतिवादी निर्दोष रहेको भन्ने अनुमान गर्न सकिने अवस्था रहँदैन । आफ्नो कथनलाई साबित गर्ने वस्तुनिष्ठ प्रमाण पनि पेस गर्न सक्नु पर्ने हुन्छ जुन पुनरावेदक प्रतिवादीले प्रस्तुत गर्न सकेको पाइँदैन । सो लिखत जबरजस्तीसँग गराएको हो भने करकापतर्फ उजुर गर्न सक्नुपर्नेमा सो गर्न सकेको अवस्थासमेत नदेखिने ।

अतः जाहेरी दरखास्त, पीडितको बयान र मिति २०६८।४।२७ को लिखत कागजमा प्रतिवादीले सहीछाप गरेको ठिक साँचो हो भनी आफैँले स्वीकार गरी गरेको बयान कागजबाट पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिसमेत नलिई जाहेरवालीको देवर पीडित मविन्द्र राईलाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको भन्ने देखिन आएकोले वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।५।१४ मा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा ऐ.ऐ. को दफा ४३ बमोजिम कैद एक वर्ष छ महिना र जनही रू.१,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहर्‍याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हिरा डंगोल

इति संवत् २०७५ साल भदौ ६ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा, ०७५-WH-०१५८, बन्दीप्रत्यक्षीकरण, *पितकुमारी भुजेल वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

बन्दी सूर्यबहादुर भुजेललाई पक्राउ गरी मुद्दा दायर गर्दा निवेदकउपर बम विस्फोटन गराई कर्तव्य

ज्यान, ज्यान मार्ने उद्योग, राज्य विरूद्धको अपराध र सङ्गठित अपराध मुद्दाको अभियोग लगाएको र ललितपुर जिल्ला अदालतबाट उक्त मुद्दामा थुनछेक आदेश हुँदा पुर्पक्षका लागि कारागार कार्यालयमा पठाएको देखिन्छ । निज थुनुवाउपर लगाइएको आरोप ठहर हुने वा नहुने के हो तथा थुनुवा कसुरदार हुन् वा होइनन् भन्ने सम्बन्धमा सो मुद्दा हेर्ने साधिकार निकायबाट निर्णय हुने नै हुन्छ । उक्त विषय बन्दीप्रत्यक्षीकरणको रिटबाट विवेचना गर्न मिल्दैन । सो विषयका सम्बन्धमा मुद्दा हेर्ने अधिकारप्राप्त निकायबाटै सबुद प्रमाणको व्याख्या विश्लेषण गरी उचित निर्णय हुन बाँकी नै रहेको देखिन्छ । यसप्रकार मुद्दा हेर्ने अधिकारप्राप्त निकायले कानूनबमोजिम निर्णय गर्नुअगावै निवेदकउपर लागेको आरोपको सम्बन्धमा अनुसन्धानसमेतका लागि कानूनी प्रक्रिया पुऱ्याई निवेदकलाई अदालतको आदेशले थुनामा राखिएको अवस्थालाई गैरकानूनी थुना भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने । बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन निवेदक थुनामा रहेको हुनुपर्ने र सो थुनुवा गैरकानूनी रहेको हुनुपर्छ । गैरकानूनी थुना भएको अवस्थामा मात्र यस प्रकारको आदेश जारी गरिने हो । निवेदक थुनामा रहेको भए पनि निजलाई बम विस्फोटन गराई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, राज्य विरूद्धको अपराध र सङ्गठित अपराध मुद्दाको कसुरमा अनुसन्धान भई अभियोजन गरी निजलाई ललितपुर जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि थुनामा पठाएको देखिन्छ । मुद्दा कारबाहीयुक्त अवस्थामा रहेको र साधिकार निकायको आदेशबाट निवेदक बन्दी थुनामा रहेको देखिँदा त्यसलाई गैरकानूनी थुनामा राखेको मान्न नमिल्ने ।

तसर्थः निवेदकउपर बम विस्फोटन गराई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, राज्य विरूद्धको अपराध र सङ्गठित अपराध मुद्दाको अभियोग लगाएको र मुद्दा हेर्ने साधिकार निकाय ललितपुर जिल्ला अदालतबाट उक्त मुद्दामा थुनछेक आदेश हुँदा पुर्पक्षका लागि कारागार कार्यालयमा पठाएको अवस्थामा सो थुनालाई गैरकानूनी थुना भन्न मिलेन । विपक्षीहरूको काम कारबाहीबाट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: राजकुमार दाहाल
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७६ साल वैशाख २९ गते रोज १ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा, ०७५-WH-०१७६, बन्दीप्रत्यक्षीकरण, *सिता प्रधान वि. सुरेशकुमार श्रेष्ठसमेत*

वेदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ मा वैदेशिक रोजगारसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात शिर्षकअन्तर्गतको उपदफा (१) मा "यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कसुर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभागलाई जानकारी हुन आएमा विभागले कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई अनुसन्धान अधिकृत तोकी सोसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात गराउन सक्ने छ" भन्ने र उपदफा २ मा "उपदफा (१) बमोजिम कसुरको अनुसन्धान तथा तहकिकात गर्दा वा सबुद प्रमाण सङ्कलन गर्दा कसुरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसुरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिने, कसुरसँग सम्बन्धित कागजात वा अन्य चिजवस्तुहरू आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्नेसमेत प्रचलित कानूनबमोजिम प्रहरीले पाएसरह सबै अधिकार अनुसन्धान अधिकृतलाई हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । यसरी नै उपदफा (३) मा "उपदफा (२) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने पर्याप्त आधार

भएमा कारण खोली तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा धरौट वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारबाही गर्न वा एक पटकमा सात दिनमा नबढाई बढीमा तिस दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्ने छ" व्यवस्था रहेको देखिन्छ । यसबाट विष्णुकुमार प्रधानलाई मुद्दा हेर्ने साधिकार निकाय वैदेशिक रोजगार न्यायाधिकरणमा पेस गरी उक्त निकायको अनुमतिले अनुसन्धानका लागि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१(३) बमोजिम थुनामा राख्न सक्ने नै देखिने ।

निवेदकका पति विष्णुकुमार प्रधानलाई बिनाकारण लेनदेनको विषयमा पक्राउ गरी अनुसन्धानको निमित्त भनी हिरासतमा राखी गैरकानूनी थुनामा राख्ने कार्य गरेका छन् भनी निवेदनमा उल्लेख गरेको भए पनि फुर्वा शेर्पासमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विष्णुकुमार प्रधान भएको वैदेशिक रोजगार कसुर मुद्दामा मुद्दा हेर्ने साधिकार निकाय वैदेशिक रोजगार न्यायाधिकरणमा पेस गरी म्याद थपसमेत भइरहेको अवस्थामा निजको निवेदन बेहोराको विश्वस्त हुने कुनै आधार प्रमाण निजतर्फबाट प्रस्तुत हुन आएको देखिएन । केबल रिट निवेदनमा बेहोरा उल्लेख गरेकै आधारमा आरोपित कसुरमा निजको संलग्नता थिएन भनी निष्कर्षमा पुग्न र सो आरोपअन्तर्गत मुद्दा हेर्ने अधिकारप्राप्त निकायबाट अनुसन्धानको सिलसिलामा म्याद थपको कार्यसमेत पूरा गरी राखिएको थुनालाई गैरकानूनी थुना मान्न नमिल्ने ।

मुद्दा हेर्ने अधिकारप्राप्त निकायले कानूनबमोजिम म्याद थप गरी निवेदकउपर लागेको आरोपको सम्बन्धमा अनुसन्धानका लागि कानूनी प्रक्रिया पुऱ्याई निवेदकलाई थुनामा राखिएको अवस्थालाई गैरकानूनी थुना भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिन आएन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन निवेदक थुनामा रहेको हुनुपर्ने र सो थुनुवा गैरकानूनी रहेको हुनुपर्छ । गैरकानूनी थुना भएको अवस्थामा मात्र यस प्रकारको आदेश जारी गरिने हो । विष्णुकुमार प्रधानलाई मुद्दा हेर्ने साधिकार निकाय वैदेशिक रोजगार न्यायाधिकरणमा पेस गरी म्याद थप भई सोअनुसार अनुसन्धानका लागि थुनामा रहेको देखिँदा त्यसलाई गैरकानूनी थुनामा राखेको मान्न नमिल्ने ।

तसर्थ, माथिका प्रकरणहरूमा गरिएको व्याख्या एवम् विवेचनाका आधारमा प्रस्तुत रिट निवेदनका निवेदक विष्णुकुमार प्रधानलाई राखिएको थुना गैरकानूनी रहेको नदेखिँदा हाल निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल वैशाख २९ गते रोज १ शुभम् ।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०६७-CR-११६१, १२०३ ०६८-CR-००२८, घुस (रिसवत), *डोलबहादुर कार्की वि. नेपाल सरकार, नेपाल सरकार वि. स्वामी ब्रह्मानन्द उदासीनसमेत र स्वामी ब्रह्मानन्द उदासीनसमेत वि. नेपाल सरकार*

प्रतिवादी डोलबहादुर कार्कीले कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि मिति २०६७।५।१४ को खानतलासी मुचुल्कामा निजको झोलाबाट उजुरवाला राजकुमार राई नामको प्रवेश-पत्रको प्रतिलिपिको खाली ठाउँमा "c/o मा.डि.वि. कार्की, अन्तरवार्ता आज १० गतेको लागि १ मात्र अनुरोध छ, जसरी भए पनि पास गरिदिनु हुन अनुरोध छ" भन्ने बेहोरा लेखी त्यसको तलबाट हस्ताक्षर भएकोमा उक्त हस्ताक्षर मैले लेखेको होइन भनी इन्कारी बयान गरेको पाइन्छ । प्रवेशपत्रमा लेखिएको उक्त बेहोरामा प्रतिवादी इन्कार रहेको भए तापनि सो सम्बन्धमा आयोगले मिति २०६७।५।२१

मा उजुरवाला राजकुमार राई नामको प्रवेशपत्रको प्रतिलिपिमा लेखिएको विवादग्रस्त हस्ताक्षर एवम् दस्तखत र वीर अस्पतालमा मेडिकल जाँच गर्न ल्याउँदा प्रतिवादीले स्वास्थ्य परीक्षण गर्न नमानी हामी बिरामीसहितका टोली फिर्ता भयौँ भनी लेखिएको हस्तलिपि र दस्तखत एकआपसमा मिल्छ, मिल्दैन ? भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउँदा उक्त प्रयोगशालाको मिति २०६७।५।२२ को प्रतिवेदनमा प्रवेशपत्रमा लेखिएको हस्तलिपिलाई O2, दस्तखतलाई Q1 र मेडिकल जाँच गर्न नमानी फिर्ता आउँदा लेखिएको हस्तलिपिलाई S2 र दस्तखतलाई S1 मा विभाजन गरी हस्तलिपि तथा दस्तखत परीक्षण गर्दा Q1 र S1 अन्तर्गतको दस्तखत पूरै मिलेको र Q2 तथा S2 अन्तर्गतका हस्तलिपिमध्ये अ, त, क, म, अक्षरहरूको गुणमा केही समानता पाइए तापनि हस्तलिपिको पर्याप्त नमुनाको अभावमा स्पष्ट राय दिन नसकिने बेहोरा उल्लेख भएको देखिन्छ। केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट हस्तलिपिको पर्याप्त नमुनाको अभावमा स्पष्ट राय दिन नसकिएको भन्ने बेहोरा लेखी आएपछि प्रवेशपत्रको हस्तलिपि र डोलबहादुरले स्वहस्ताले लेखेको बयानको प्रतिलिपि जाँच गराउन पुनः पठाएकोमा डोलबहादुर कार्कीको विवादग्रस्त प्रलेखको हस्तलिपि र नमुना हस्तलिपिमा समानता पाइएको भन्ने बेहोरा लेखी आएको देखिन्छ । उपर्युक्त रायलाई दस्तखत तथा हस्तलिपि परीक्षण गर्ने विशेषज्ञहरूले समर्थन गरी अदालतमा उपस्थित भई बकपत्रसमेत गरेबाट प्रवेश-पत्रमा "c/o मा.डि.वि. कार्की, अन्तरवार्ता आज १० गतेको लागि १ मात्र अनुरोध छ, जसरी भए पनि पास गरिदिनु हुन अनुरोध छ" भनी लेखिएको हस्तलिपि र सोमा भएको दस्तखत प्रतिवादी डोलबहादुर कार्कीकै भएको तथ्य पुष्टि हुन आउने।

अख्तियारबाट टोलीभित्र पस्ने बित्तिकै रूपैयाँ मेरो विस्तारामा राखी नजिकैको कुर्सीमा बसेको भनी स्वामी ब्रह्मानन्दले बयान गरेको देखिन्छ। निजको उक्त बयान नजिकै कालो झोला राखी रातो प्लाष्टिकको कुर्सीमा बसी हात फिँजाएको डोलबहादुरको तस्बिर, विस्तारामा स्वामी ब्रह्मानन्द बसेको तस्बिर, सोही कोठामा घर धनी भनिएका भाइकाजी श्रेष्ठले बरामद भएको रकम अवलोकन गरेको तस्बिरसमेतबाट प्रतिवादीहरू दुवैजनाले राजकुमार राईबाट घुस रिसवत लिएको पुष्टि हुन आएको छ। बरामदी मुचुल्का र माथि उल्लिखित तत्काल खिचिएका तस्वीरलाई अन्यथा प्रमाणित गराउन सकेको अवस्था नदेखिने। उजुरवाला राजकुमार राईलाई प्रहरी निरीक्षक पदमा पास गराई दिने बेहोराबाट प्रवेशपत्रमा लेखिएको हस्तलिपि र दस्तखत प्रतिवादी डोलबहादुर कार्कीको नै भएको तथ्य विशेषज्ञबाट भएको परीक्षण प्रतिवेदनबाट प्रमाणित भइरहेको छ भने अर्कोतर्फ उजुरवाला राजकुमार राईले डोलबहादुर कार्कीसँग भेटघाट हुँदा रकम खर्च नगरी जाँच पास भइन्न भनेकोले आयोगबाट प्रमाणित गराई रकम रू.१ लाख निजलाई दिएकोमा सोही रकम बरामद भएको हो भनी बकपत्रसमेत गरेकोबाट उजुरी बेहोरामा उल्लेख भएबमोजिम डोलबहादुर कार्कीसमेतले रिसवत माग गरेको रकम आयोगबाट प्रमाणित भई प्रतिवादी स्वामी ब्रह्मानन्दको कोठाबाट स्वामी ब्रह्मानन्द र डोलबहादुरबाट रकम बरामद भई निजहरू दुवैजना पक्राउ परेको देखिँदा प्रतिवादी डोलबहादुर कार्कीले उजुरवाला राजकुमार राईलाई प्रहरी निरीक्षक पदमा जागिर लगाइदिने भनी निज उजुरवालाबाट रिसवत लिएको तथ्य पुष्टि हुन आउने।

बरामदी मुचुल्कामा मलाई बलपूर्वक सहीछाप गराइएको हो, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कपटपूर्ण ढङ्गबाट फसाएको हो भनी डोलबहादुर कार्कीले बयान गरेको देखिन्छ । निज तत्कालीन संविधान सभाको सभासद् एवम् सांसदसमेत रहेको र एउटा जिम्मेवार पार्टीको सदस्यसमेत रहेकोले निजलाई आयोगबाट खटी गएका राष्ट्रसेवकले बलपूर्वक सहीछाप गराउन सक्ने अवस्था र कारण देखिँदैन । त्यस्तै अख्तियारबाट निजलाई कपटपूर्ण

ढङ्गबाट फसाउनु पर्ने के कारण हो र आयोगमा रहेका कुन कर्मचारी वा सदस्यसमेतले निजलाई फसाउन चलखेल गरेको हो ? सो सम्बन्धमा विश्वास गर्न सकिने वस्तुनिष्ठ एवम् भरपर्दो प्रमाण गुजार्न सकेको नदेखिने। प्रतिवादी डि.वि. भन्ने डोलबहादुर कार्कीका हकमा निज तत्कालीन संविधान सभाको सभासद् भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ) बमोजिमको राष्ट्रसेवकको परिभाषाभित्रैको पदाधिकारी रहे भएको भन्ने सम्बन्धमा माथि उल्लेख भइसकेकोले सो सम्बन्धमा थप उल्लेख गरिरहन परेन । निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(२) बमोजिम सजाय हुन साथै सोही ऐनको दफा २४ बमोजिम थप सजायको माग दाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ। माथि प्रकरण प्रकरणहरूमा विवेचना भएबमोजिम यी प्रतिवादीले उजुरवाला राजकुमार राईबाट निजलाई प्रहरी निरीक्षक पदमा नोकरी लगाइदिने प्रलोभनमा पारी बरामद भएको रकम रू.१,००,०००।– (एक लाख) घुस रिसवत लिएको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुरमा ऐ. ऐनको दफा ३(१)(ग) बमोजिम ४ चार महिना कैद र बिगो रू.१,००,०००।- (एक लाख) जरिवाना हुने र ऐ.ऐ.को २४ नं. बमोजिम थप २ (दुइ) महिना कैद सजाय हुने ठहऱ्याई विशेष अदालतबाट भएको फैसला मिलेकै देखिने।

अब बरामद भएको मितिभन्दा अघि नै घुस रिसवतबापत लगेको रू.३,०५,०००।– र बरामद भएको रू.१,००,०००।– समेत दुवै जम्मा बिगो कायम गरी फैसला गर्नु पर्नेमा घटी बिगो कायम गरी भएको फैसला बदर गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(२) नं. बमोजिम सजायको माग दाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ। ऐ.ऐ.को दफा ३(१) मा रिसवत लिने दिनेलाई हुने सजायका सम्बन्धमा व्यवस्था गरेको पाइन्छ। जसमा "राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरू कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गर्नेलाई कसुरको मात्राअनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिवाना हुने" भनी ऐ. देहायको (ग) मा "पचास हजार रूपैयाँभन्दा बढी एक लाख रूपैयाँसम्म बिगो भए चार महिनादेखि ६ महिनासम्म कैद हुने" कानूनी व्यवस्था रहेको पाइने । बरामदी मुचुल्कामा उल्लिखित रकम लिनुभन्दा पहिले पनि यी प्रतिवादीले राजकुमार राईबाट रू.३,०५,०००।- घुस रिसवत लिइसकेको भए उक्त रकम के कस्तो परिपञ्चबाट कसले कसलाई दिएको हो, सो दिएको देखिने वस्तुनिष्ठ प्रमाण पेस गरी अभियोग दाबी पुष्टि गराउनु पर्नेमा अभियोजन पक्षले अभियोग दाबीबाहेक सो दाबी पुष्टि गर्न अरू कुनै प्रमाण गुजार्न सकेको देखिएन । यस स्थितिमा अभियोग दाबीका आधारमा मात्र ठोस एवं वस्तुनिष्ठ प्रमाणको अभावमा ३,०५,०००।– समेत घुस रिसवत लिएको भनी ठहर गर्नु न्यायोचित नहुने।

तसर्थ उपर्युक्त तथ्य, आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीमध्येका स्वामी ब्रह्मानन्द उदासीको हकमा निजको मृत्यु भइसकेको सम्बन्धमा माथि उल्लेख भइसकेकोले सो सम्बन्धमा केही गर्नु परेन । पुनरावेदक प्रतिवादी डि.वि. कार्की भन्ने डोलबहादुर कार्कीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुरमा ऐ. ऐनको दफा ३(१)(ग) बमोजिम बरामद भएको रकम रू.१,००,०००।– (एक लाख) जरिवाना र ऐ.ऐ.को २४ नं. बमोजिम थप २ (दुई) महिना कैद सजाय हुने ठहऱ्याई विशेष अदालतबाट मिति २०६७।१२।०६ मा

भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चिन्तामणी शर्मा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल असार १७ गते रोज ३ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७३-CR-१५०३, जबरजस्ती करणी, *महेशकुमार साह वि. नेपाल सरकार*

प्रतिवादीले आफूलाई जबरजस्ती करणी गर्दागर्दै भागेका हुन् भन्ने बेहोराको कागजलाई समर्थन हुने गरी अदालतमा आई बकपत्र गरिदिएको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष जाहेरवालीकी छोरी परिवर्तित नाम च कुमारीलाई आफूले जबरजस्ती करणी गरेको हो भनी आरोपित कसुरमा साबित रही बयान गरेको देखिन्छ। प्रतिवादीको अनुसन्धानको क्रमको साबिती बयानसँग मेल खाने गरी पीडित बालिकाले प्रारम्भमा गरेको कागज र पछि गरेको बकपत्रको अन्तर्वस्तुका आधारभूत कुराहरूमा असङ्गति देखिएको छैन । अदालतमा निज प्रतिवादीले आरोपित कसुरमा इन्कारी बयान गरे तापनि अनुसन्धानको क्रमको आफ्नो साबिती बयान स्वेच्छाविरूद्ध भएको भन्ने कुरा निजले प्रमाणित गराउन सकेको अवस्था छैन भने वारदात मितिकै दिन भएको मिसिल संलग्न घटनास्थल मुचुल्कामा घटनास्थलमा रगतका छिटाहरू देखिएको, घटनास्थल वरपरको झार मडारिएको भन्ने उल्लेख भएको देखिन्छ। विवादरहित र आधारभूत स्वतन्त्र प्रमाणबाट इन्कारी बयान समर्थित हुन नसकेको अवस्थामा प्रतिवादीको प्रमाणबिनाको इन्कारी बयान मात्रलाई आधार लिई प्रतिवादीलाई आरोपित कसुरमा सफाइ दिनु न्यायको रोहमा उपयुक्त नहुने।

वस्तुत: जबरजस्ती करणी मुद्दामा पीडित नै पहिलो साक्षी हुने र पीडितको भनाइले सर्वाधिक महत्त्व राख्ने हुन्छ। प्रतिवादीले आफूलाई जबरजस्ती करणी नगरेको भए ६ वर्ष मात्रैकी पीडितले निजलाई किटान गरी देखाउनुपर्ने अन्य कुनै कारण, परिस्थिति देखिन आएको छैन। जबरजस्ती करणीजस्तो सङ्गिन अपराधमा छोरीलाई पीडितका रूपमा उभ्याई पीडितको आमाले नै प्रतिवादीउपर जाहेरी दिएको अवस्था छ। ६ वर्षकी पीडितका सम्बन्धमा आफ्नो इज्जत, प्रतिष्ठा र नारी अस्मितामा आँच आउने गरी जाहेरवाली निजकी आमाले अकारण पोल्नुपर्ने विश्वसनीय आधार देखिन आएको छैन । अत: जबरजस्ती करणी नभएको भए आफ्नी ५ वर्षकी छोरीलाई उनाउ व्यक्तिले जबरजस्ती करणी गरेको भनी आमाले दिएको किटानी जाहेरीलाई अन्यथा भन्न सकिने स्थिति आधार कारणबाट नदेखिएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण, कागजात एवम् प्रतिवादीउपरको जाहेरी बेहोरा, निजको अदालतसमक्षको बयान र पीडितको कागज एवम् निजले अदालतमा गरेको बकपत्रसमेतबाट आरोपित कसुरमा निज प्रतिवादीको संलग्नता रहेनछ भनी मान्न मिल्ने आधार नदेखिने।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा वीर्य स्खलन नभएको, पीडितको कन्याजाली नच्यातिएको, योनिमा लिङ्गको प्रवेश नभएको अवस्थामा पीडितउपर जबरजस्ती करणी ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको छैन, आफूले पीडितलाई जबरजस्ती करणी नगरेकोले आरोपित कसुरमा सफाइ पाउनुपर्दछ भन्ने प्रतिवादीको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ । सो सम्बन्धमा विचार गर्दा, पीडित स्वयम् र जाहेरवाला निज पीडितकी आमाले निज प्रतिवादीले जबरजस्ती करणी गरेको भनी अदालतमा समेत बकपत्र गरिदिएको देखिन्छ भने जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभूत गवाह हुने, निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(ख) (क) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने।

जबरजस्ती करणीको वारदातमा वीर्य स्खलन

नभएको अवस्थालाई जबरजस्ती करणी भएको मान्न नमिल्ने भनी वीर्य स्खलनको अवस्थालाई अनिवार्य तत्त्वको रूपमा राखेको देखिँदैन । योनिमा लिङ्गको केही भाग प्रवेश गरे मात्र पनि जबरजस्ती करणीको वारदात हुनको लागि पर्याप्त हुने हुन्छ । त्यसमा पनि जबरजस्ती करणीको कार्यबाट पीडितको कन्याजाली च्यातिएको नै हुनुपर्ने भन्ने अवस्था पनि हेरिँदैन । पीडितलाई समाती भुइँमा लडाई कट्टु फुकाली लिङ्ग घुसारेको आधार, प्रमाणहरूबाट देखिएको अवस्थामा प्रतिवादीको लिङ्गको पूर्ण प्रवेश (Complete penetration) र वीर्य योनिमा स्खलन (Emission of semen) नभएको वा पीडितको कन्याजाली (Hymen) नच्यातिएको अवस्थालाई आधार बनाएर यी कुराहरूको अभावमा प्रतिवादीले पीडितलाई करणी नगरेको ठहर गर्नु न्यायोचित नहुने ।

प्रतिवादीलाई बालक ठहर गरी निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम जबरजस्ती करणीको उद्योगमा आधा सजाय गर्ने गरी सुरू फैसला भएकोमा पुनरावेदन अदालतबाट प्रतिवादीलाई जबरजस्ती करणीको वारदातमा अभियोग दाबीबमोजिम नै सजाय गर्ने गरी फैसला भएको देखियो । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १७ वर्ष भएको भनी तथा निजले इलाका प्रशासन कार्यालयबाट नागरिकता पनि प्राप्त गरेको बेहोरा उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न सोनमती मझौरा गा.वि.स. सिराहाबाट प्रतिवादीले प्राप्त गरेको जन्मदर्ता प्रमाणपत्रमा प्रतिवादीको जन्ममिति २०५०।११।३ उल्लेख भइरहेको अवस्था छ । प्रतिवादीले आफ्नो बयानमा उल्लेख गरेको उमेरलाई निजको जन्मदर्ता प्रमाणपत्रले समेत पुष्टि गरेको अवस्थामा सुरू सिराहा जिल्ला अदालतले निज प्रतिवादीलाई बालक कायम गरी र निजले जबरजस्ती करणीको उद्योग गरेको ठहर गरी भएको फैसलालाई उल्टी गरी आधार, प्रमाणको विश्लेषणबाट प्रतिवादीको उमेर १७ वर्ष कायम गरी आरोपित कसुरमा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं.ले दश वर्ष कैद र पीडितउपर परेको शारीरिक, मानसिक क्षतिबापत ऐ. महलको १० नं. बमोजिम निजलाई प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार) क्षतिपूर्तिसमेत भराइदिने गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला अन्यथा नदेखिने ।

विद्यमान बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा "सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम अमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने छ" **भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन**, २०७४ को दफा ५ मा "**कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । वारदात मितिमा निज प्रतिवादी महेशकुमार साहको उमेर १७ वर्ष देखिएको प्रस्तुत मुद्दामा निज प्रतिवादीले जबरजस्ती करणीको कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण हुँदाका बखत उक्त अपराधमा कानूनबमोजिम घटी सजाय हुने व्यवस्था विद्यमान रहे भएको देखिएको** र **उक्त कानूनी व्यवस्था निजका हकमा समेत आकर्षित हुने देखिएकाले निज प्रतिवादी महेशकुमार शाहलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई अर्थात् १० वर्षको दुई तिहाइले हुन आउने** ६ **वर्ष** ८ **महिना अवधि सजाय हुने** ।

इजलास अधिकृतः- कमलकान्त जोशी

इति संवत् २०७६ साल असार २६ गते रोज ५ शुभम् ।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७४-CR-०१८५, भ्रष्टाचार

(नक्कली प्रमाणपत्र), *विणादेवी महतो वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा आफ्नो शैक्षिक प्रमाणपत्र सक्कली नै भएको र यसअघि अनुसन्धानका क्रममा प्रमाणपत्रसम्बन्धी भएको छानबिन एकलौटी रूपमा भएकोले पुनः प्रमाणीकरणका लागि पठाइनुपर्ने र सम्बन्धित परीक्षा बोर्डमा गई आफूले समेत सत्यतथ्य पत्ता लगाई लिई आउने भनी स.ज.१० मा बयान गरेको देखिन्छ । सो मुताबिक प्रतिवादीले प्रमाण कागज बुझिपाउँ भन्ने निवेदनसाथ निज प्रतिवादीले विहार विद्यालय परीक्षा समिति, पटनाबाट द्वितीय श्रेणीमा उत्तीर्ण गरेको सत्य हो, निजको पंजियन संख्या ७।३-२०।६९२२।९३ हो, निजको शैक्षिक योग्यतासम्बन्धीको विवरण अभिलेखमा रहेको भन्ने बेहोराको दिनाङ्क ०७-०५-२०१५ अङ्कित पत्र प्रमाणका रूपमा पेस गरेको देखिने । प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा विहार विद्यालय परीक्षा समितिको उल्लिखित बेहोराका दुई फरकफरक पत्रहरू प्राप्त भएको भन्दै सोमध्ये कुन बेहोरा साँचो हो ? यकिन गरी पठाउन भनी सुरू अदालतबाट मिति २०७२।११।२० मा आदेश भई सोही बेहोराको उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरलाई पत्राचारसमेत भएको देखियो । सो सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमीको मिति २०७४।१।१५ को जवाफी पत्र हेर्दा, “विणादेवी महतोको प्रमाणपत्र प्रमाणीकरण गर्न यस कार्यालयबाट खटी गएको प्रमाणपत्र प्रमाणीकरण टोलीले विहार विद्यालय परीक्षा समिति, पटनाको नतिजा अभिलेखको वर्ष १९९४, रोल कोड ७१४६, अनुक्रमाङ्क ५५० बाट रूजु गर्दा, अपुष्टित (Not Verified), कम्प्युटर तथा नतिजा अभिलेखमा निजको कुनै रेकर्ड नरहेको” भन्ने बेहोरा उल्लेख भई आएको देखिन्छ । यसरी एकातिर प्रतिवादीले पेस गरेको माध्यमिक तहको प्रमाणपत्र निज पढेको भनिएको विद्यालयबाट रूजु हुन नसकेको स्थिति छ भने अर्कोतिर निज प्रतिवादीले आफ्नो प्रमाणपत्र सक्कली नै रहेको भन्ने जिकिर लिएको भए तापनि प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम उक्त आफ्नो प्रमाणपत्र सक्कली नै रहेको भन्ने वस्तुनिष्ठ प्रमाण निजले गुजार्न सकेको देखिँदैन । यस स्थितिमा पुनरावेदकले सन् १९९४ मा विहार विद्यालय परीक्षा समिति पटनाबाट माध्यमिक तह उत्तीर्ण गरेको भनी लिएको दाबी स्थापित हुन नसकेकोले निजले पेस गरेको माध्यमिक तहको निजको उक्त प्रमाणपत्र सक्कली रहेको भन्ने नदेखिने।

नक्कली प्रमाणपत्र पेस गरी शिक्षक पदमा नियुक्ति लिएका निज प्रतिवादीलाई हुने सजाय सम्बन्धमा हेर्दा, आरोपपत्रमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा परिभाषित कसुर गरेको हुँदा प्रतिवादीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको सजाय हुन भनी दुवै ऐनबमोजिम आरोपपत्र दायर भएको देखिन्छ । तत्कालीन समयमा प्रचलित नेपाल अधिराज्यको संविधान, २०४७ तथा न्यायको मान्य सिद्धान्तसमेतबाट "कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने व्यवस्था भएकोमा प्रतिवादीले नक्कली बेहोराको प्रमाणपत्र पेस गरेको समयलाई यकिन गरी कुन ऐन लागु हुने भन्नेतर्फ विचार गर्नुपर्ने देखिन्छ । यी प्रतिवादी विणादेवी महतोले प्रस्तुत विवादको शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र पेस गरी मिति २०५३।२।६ मा शिक्षक पदमा नियुक्ति लिएको देखिँदा प्रस्तुत कसुर वि.सं.२०५३ मा भएको भन्ने देखिन आयो । यसप्रकार प्रतिवादीले २०५३ सालमा माध्यमिक तहको नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी प्रा.वि. शिक्षक पदमा सेवा प्रवेश गरेको देखिएको र निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कानूनी

व्यवस्थाविपरीत रहेको देखिएको र प्रतिवादीउपरको अभियोग दाबीमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ बमोजिमको सजायको माग गरेको देखिएको स्थितिमा यी प्रतिवादी विणादेवी महतोलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू.५००।– (पाँच सय) जरिवाना हुने ठहऱ्याई भएको विशेष अदालतको फैसला अन्यथा नदेखिने।

तसर्थः उल्लिखित विवेचित आधार, कारणबाट निज पुनरावेदक / प्रतिवादी विणादेवी महतोलाई नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी शिक्षक पदमा नियुक्ति भएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा ऐ. ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५००।– (पाँच सय) जरिवाना हुने ठहऱ्याई सुरू विशेष अदालत काठमाडौंबाट मिति २०७४।२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- कमलकान्त जोशी
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७६ साल जेठ १४ गते रोज ३ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७०-CI-०७४०, अंश दर्ता, *जागेश्वर यादव वि. नेपु यादव*

अंशबन्डाको १ नं. को कानूनी व्यवस्थाबाट अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नुपर्छ भन्ने देखिन्छ। त्यस्तै अंशबन्डाकै ३ नं. मा सँग बसेका दाजुभाइ तथा दिदी बहिनीका छोराछोरीहरूमा आफ्नो आफ्नो बाबु वा आमाको मात्र अंश हुन्छ भन्ने व्यवस्था भएकोले आफ्नो-आफ्नो हाँगाबाट मात्र अंश पाउने।

अंश लिई पाइसकेको भन्ने कुरा सप्रमाण पुष्टि भएको मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन। अंश पाएको मान्नलाई अंशबन्डाको कागज रजिस्ट्रेसनको नं.१ ले रजिस्ट्रेसन पारित भएको हुनुपर्छ। अन्यथा अंशबन्डा भएको मान्न सकिँदैन। वादी प्रतिवादीहरूका बिचमा अंशबन्डा भएको देखिने त्यस्तो कागजको अभाव रहेकोले अंशभाग पाइसकेको भन्न मिल्ने नदेखिँदा अंशबन्डा लाग्ने कुरामा विवाद नहुने।

पुस्तावलीको आधारबाट मूल अंशी रामनारायण यादव, देवनारायण यादव र सूर्यनारायण यादव देखिन आएको र रामनारायणपट्टि चन्द्रावती, वाइरवती र निजको धर्मपुत्र महेन्द्र रहेको, देवनारायणपट्टि आशोवती र जोगेन्द्र रहेका तथा सूर्यनारायणपट्टि नेपु र निजको छोराहरू वालेश्वर, नागेश्वर, जागेश्वर, कामेश्वर र रामेश्वर भन्ने देखिन आएपछि वाइरवतीसमेतले रामनारायणको भागबाट, आशोवतीसमेतले देवनारायणको भागबाट र नेपुसमेतले सूर्यनारायणको भागबाट अंशभाग पाउने देखिन आयो। त्यसैले मूल अंशियारहरूको बिचमा पहिला ३ (तीन) भाग लगाई रामनारायणको भागमा परेको सम्पत्तिलाई ३ भाग गरी त्यसमध्यको १ भागलाई पुनः ३ भाग लगाई सोमध्येको १-१ भाग रामनारायणको हाँगापट्टिको अंशियारहरूले पाउने, श्रृङ्गारदेवी महेन्द्रको श्रीमती हुँदा महेन्द्रले प्राप्त गरेको १ भागलाई २ भाग लगाई महेन्द्र र श्रृङ्गारदेवीको हकमा अंशभाग लाग्ने देखियो। त्यसैगरी देवनारायणको हाँगातर्फ निजले प्राप्त गरेको १ भागलाई आशोवति र जोगेन्द्रका बिचमा दुईभाग लगाई १-१ भाग अंश पाउने देखियो। सूर्यनारायणको १ भागलाई निजको हाँगामा अंशियारहरूबिच भाग लगाई आआफ्नो अंश भाग पाउने।

तसर्थ माथि उल्लेख भएको ऐनको प्रावधान एवम् आधार र कारणसमेतबाट पहिला तीनजना मूल अंशियारहरूको बिचमा तीन भाग गरी सोमध्येको १-१ भागलाई चन्द्रावती वाइरवती र धर्मपुत्र महेन्द्रसमेतका हकमा ३ भाग लगाई १ भाग अंश महेन्द्रले, महेन्द्रले

प्राप्त गरेको १ भाग लाई पुनः २ भाग गरी त्यसमध्ये १ भाग सिंगारदेवीले, देवनारायणको १ भागलाई २ भाग गरी आशोवती र जोगेन्द्रले एक-एक अंश भाग पाउने ठहऱ्याई भएको इन्साफ मनासिब नै देखिने।

अतः पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।२।२० मा भएको फैसला माथि उल्लेख भई विवेचना भएको आधार एवम् प्रमाणसमेतबाट मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम्।

यसमा निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिका फैसला भएका छन् :

- ०७०-CI-०७३९, अंश दर्ता, *नागेश्वर यादवसमेत वि. वाइरवती यादवसमेत*
- ०७०-CI-०७५८, लिखत दर्ता बदर दर्ता, *जागेश्वर यादव वि. गीताकुमारी यादवसमेत*
- ०७०-CI-०८७४, अंश दर्ता, *प्रेमकला कुमार यादव वि. नेपु यादवसमेत*

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CI-०११७, अंश चलन, *आशालाल महर्जन वि. हर्कलाल महर्जनसमेत*

आशाकाजी र हर्कलालको नागरिकताको प्रमाणपत्रमा बाबुको नाम हर्षनारायण जनिएको भन्ने सम्बन्धमा यी दुवैजनाका बाबु एकै व्यक्ति हुन् भन्ने अन्य कुनै प्रमाणबाट समर्थित हुन आएको नदेखिँदा संयोगवश बाबुको नाम मिलेकोसम्मका कारणबाट आशाकाजी र हर्कलाल उही एउटै बाबुका छोरा हुन् भन्ने सम्झन मिल्ने अवस्था देखिएन। पुनरावेदक वादीको आमा धनकुमारी तथा भाइहरू संजय महर्जन र साँहिला महर्जनले कि.नं.१३५ को जग्गा सम्बन्धमा मिति २०६२।१०।२ मा कैफियत बेहोरामा भुलबाट हाम्रा पति पिता आशाकाजी महर्जनको नाम लेखिएको भए पनि निजको परलोक भइसकेको हुँदा हर्कलालका नाउँमा एकलौटी मोही नामसारी भएमा मन्जुर छ भनी मन्जुरी दिएको देखिन्छ। मिसिल संलग्न प्रमाण कागजबाट पुनरावेदक वादी आशालाल महर्जनले उल्लेख गरेअनुसारको नाता सम्बन्ध देखिने पुस्तेवारी प्रमाणित हुन सकेको देखिँदैन। बरू प्रमाण कागजबाट वादी दाबी खण्डित भइरहेको अवस्था देखिने।

प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुने छ। भनी उल्लेख भएको पाइन्छ। सोअनुरूप पुनरावेदक वादीले आफू अंशियार नाता सम्बन्धभित्रको एकाघर सगोलको अंशियार हो भन्ने दाबी प्रमाणद्वारा पुष्टि गराउन सकेको देखिँदैन। आमा धनकुमारीउपर वादीले अंश माग दाबी गरेका बखत अंश पाउने नपाउने, के कति पाउने भन्ने कुरा त्यतिबेलै कानूनबमोजिम निर्क्यौल हुने विषयवस्तु एकातर्फ विद्यमान रहेकै पनि देखिन्छ। तसर्थ वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत पाटनको इन्साफ मनासिब नै देखिने।

अतः माथि विवेचित आधार, प्रमाणबाट वादी आशालाल महर्जनले प्रतिवादी हर्कलालसमेतबाट अंश पाउँ भनी गरेको फिराद दाबी पुग्न नसक्ने गरी ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

- यसमा यसै लगाउको ०७१-CR-०१४१, करकाप, *आशालाल महर्जन वि. हर्कलाल महर्जनसमेत* भएको मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CI-०७६९, अंश, *पदमबहादुर अधिकारी वि. विष्णुकुमारी अधिकारी*

यस अदालतबाट वादी प्रतिवादी दुवै पक्षबाट

अंशबन्डा गर्नु पर्ने सम्पत्तिको अंशबन्डाको महलको २०, २१, २२, र २३ नं. बमोजिम तायदाती फाँटवारी दाखिल गराउनु भनी २०७२।३।९ मा आदेश भएकोमा वादीले सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं.४ को कि.नं.४५६ को क्षे.फ.०-०-५ जग्गा र सोमा बनेको घर तथा प्रतिवादीसँग भएको ५ तोला सुन रहेको भन्ने उल्लेख गरी २०७२।३।५ मा तायदाती फाँटवारी पेस गरेको देखिन्छ । प्रतिवादीले आफ्नो नाममा कुनै चल अचल सम्पत्ति नभएको भनी ०७२।०६।२४ मा निवेदन दिएको देखिन्छ । वादीले उल्लेख गरेको उल्लिखित कि.नं.४५६ को जग्गा प्रतिवादीको नाउँमा दर्ता रहेको भन्ने मिसिल संलग्न दर्ता बुझ्ने सम्बन्धमा भएको पत्राचारबाट देखिन आएको छैन । उता प्रतिवादी जिम्मामा बन्डा गर्नुपर्ने चल अचल सम्पत्ति केही नरहेको भन्ने प्रतिवादीको तायदाती फाँटवारीसम्बन्धी निवेदनबाट देखिएकोले प्रतिवादीबाट वादीलाई अंश दिलाइदिने अवस्था देखिन नआउने ।

तसर्थ बन्डा गर्नु पर्ने सम्पत्ति प्रतिवादीको जिम्मामा रहे भएको भन्ने देखिन नआएकोले प्रतिवादीबाट अंश दिलाई पाउँ भन्ने वादीको दाबी पुग्ने अवस्था नहुँदा सुर्खेत जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला परिवर्तन गर्नु पर्ने देखिन नआउने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको ०७१-CR-०७५२, सम्बन्ध विच्छेद, *पदमबहादुर अधिकारी वि. विष्णुकुमारी अधिकारी* मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ ।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-०९१०, अंश हक कायम दर्ता, *जगै केवट वि. छिब्बनलाल केवट*

कि.नं. १८३ को जग्गाका जग्गाधनी भगवतीप्रसादले मिति २०६८।६।११ मा "बुद्धु केवट र निजको भाइ महादेव केवटले उक्त जग्गा उखडामा जोती कमाई आएको र सो जग्गा हाल निज बुद्धु र महादेवका सन्तानले भोगचलन गरी आएकोले उक्त जग्गा बुद्धुका नातिहरू तथा महादेव केवटका छोरा छिब्बन केवटको नाउँमा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा लिएमा फरक पर्ने छैन" भनी छोडपत्र गरिदिएको देखिन्छ । यसरी उक्त जग्गाका जग्गाधनीले उक्त जग्गा संयुक्त रूपमा उखडामा कमाएको भनी दुवैजनाका सन्तानहरूका नाउँमा छोडपत्र गरिदिएबाट उक्त जग्गामा बुद्धु केवट र महादेव केवटको श्रम रहेको देखिन आउने ।

प्रतिवादी जगै केवटका बाजे बुद्धु केवटको नाममा उखडा फाराम भरिएको भए तापनि यी वादी र प्रतिवादीका बाबुहरूसमेत एकासगोलमा रहँदा बस्दा सगोलकै उखडामा कमाई आएकोमा प्रतिवादीका बाजे बुद्धु केवटका नाउँमा उखडा फाराम भरिएको सगोलको जग्गा निजको निजी सम्पत्ति हो भन्न मिल्ने देखिँदैन । प्रतिवादीका बाजे बुद्धु केवटका नाउँमा उखडा फाराम भरिएको विवादित जग्गाको दर्ता स्रेस्ता आफ्नो नाउँमा नआइसकेको अवस्थामा बन्डापत्रमा त्यस्तो दर्ता नै नभएको जग्गा उल्लेख गरी बन्डा हुन सक्ने अवस्था नभएकोले त्यस्तो जग्गालाई अंशबन्डाको लिखतमा अबन्डा गोश्वारा नराखिएको भन्ने कारणबाट उक्त पैतृक सम्पत्तिमा प्रत्यर्थी वादीको अंश हक नरहेको भन्न मिल्ने नदेखिने ।

तसर्थ वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।१।१० मा भएको फैसला उल्टी गरी विवादको कि.नं. १८३ को ०-६-१० जग्गामध्ये आधा अर्थात् ०-३-५ जग्गामा वादी छिब्बनलाल केवटको अंश हक कायम भई वादीले कानूनबमोजिम दर्ता गराई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।१२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७४ साल पुस १२ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको ०७२-CI-०९११, अंश हक कायम दर्ता, *जगै केवट वि. छिब्बनलाल केवट* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-०७००, लिखत दर्ता बदर दर्ता गरी चलनसमेत चलाई पाउँसमेत, *सगुन श्रेष्ठ राजवंशी वि. तेजनारायण राजवंशीसमेत*

प्रतिवादी तेजनारायणले २०६३ सालमै आफ्नो अंश भाग लिई छुट्टी भिन्न भएको अवस्था रहेको भन्ने पारित बन्डापत्रको लिखतबाट समेत देखिएको छ । प्रतिवादी तेजनारायणसँग वादीको२०६७ आश्विनमा विवाह भएको भन्ने देखिन्छ । वादीले प्रतिवादीउपर २०६९।५।१५ मा सम्बन्ध विच्छेद मुद्दा दायर गरेको र सो मुद्दामा वादीले अंशसमेतमा दाबी लिएको देखिन्छ। यसरी वादी प्रतिवादीका बिच अंशसहितको दाबी लिई सम्बन्ध विच्छेद मुद्दा दर्ता भई कारबाही चलिरहेको अवस्थामा वादी प्रतिवादी सगोलमा नभई मानु छुट्टिएका अंशियारा रहेको मान्नु पर्ने।

मुद्दा दर्ता हुनुपूर्व वादी प्रतिवादी सगोलका पति पत्नी रहेकोमा विवाद छैन । प्रतिवादीहरूले पारित गराई लिनु दिनु गरेको लिखतको जग्गा मिति २०६३।३।३० मा प्रतिवादी तेजनारायणले अंशबापत प्राप्त गरेको देखिएकोले ती जग्गाहरू पैतृक सम्पत्ति रहेको भन्ने देखिने।

प्रतिवादीले पारित गरी लिनु दिनु गरेको जग्गा यी वादीसमेतको अध्ययन एवम् डेराभाडा खर्च तथा किताब कपीमा खर्च भएको भन्ने प्रतिवादीको जिकिरअनुसार वादीकै अध्ययन खर्चको लागि जग्गा बिक्री गरेको भए वादीले प्रतिवादी पतिउपर अंशसमेतमा दाबी लिई सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्नुपर्ने अवस्था देखिँदैन। प्रतिवादी जिकिरबमोजिम जग्गा बिक्री गर्नु परेको भए वादीको सहमति लिन बाधा पर्ने अवस्थासमेत देखिँदैन । वादीको अंशमा समेत दाबी लिई फिरादपत्र दर्ता भइसकेपछि प्रतिवादीहरूले पारित गराई लिएको लिखतको जग्गाबाट वादीलाई अंश हटक गर्ने उद्देश्य रहेको भन्ने देखिन आएको छ। घर व्यवहार चलाउन आवश्यक पर्ने रकमको जोहो गर्नु पर्ने अवस्थामा मात्र घरको मुख्य व्यक्तिलाई सगोलको सम्पत्ति बिक्री व्यवहार गर्न पाउने छुट उल्लिखित अंशबन्डाको १८, १९ नं. ले प्रदान गरेकोमा प्रस्तुत विवादमा प्रतिवादी तेजनारायण राजवंशीले बिक्री गरेको जग्गा घर व्यवहार चलाउनको लागि बिक्री गरेको भन्ने नभई वादीलाई अंश भागबाट वञ्चित गर्ने उद्देश्यबाट जग्गा हस्तान्तरण गरेको देखिन आउने।

वादीको अंशमा समेत दाबी परी फिराद पत्र दायर भइसकेपछि वादीको मन्जुरीबेगर प्रतिवादीहरूले पारित गराई लिनु दिनु गरेको लिखतका जग्गामध्ये वादीको अंश हक लाग्ने हदसम्मको दाबीको लिखत कायम रहन सक्ने अवस्था देखिन नआउने।

वादीले आफ्नो पतिको भागमा पर्ने जग्गामध्ये २ भागको १ भागमा पर्ने जग्गाको लिखत बदरमा दाबी लिएको देखिएको छ। प्रतिवादी तेजनारायणले २०६३।३।३० मा नै अंश भरपाइबाट आफ्नो अंश बुझी लिएको देखिएकोले दाबीमा अन्य अंशियारको अंश भाग छुट्याई पति तेजनारायणको भागमा पर्ने जग्गाको लिखत बदरमा दाबी लिए पनि तेजनारायणबाहेक अन्य अंशियारको दाबीको लिखितको जग्गामा अंशभाग लाग्ने अवस्था नहुँदा दाबीको लिखतको आधा जग्गामा वादीको हक पुग्ने अवस्था देखिन आउने।

अतः झापा जिल्ला कुमरखोद गाउँ विकास समिति वडा नं.८ को कि.नं.३३१ को ज.हे.०८४६५.७५ का जग्गाको दाबीको लिखत बदर नहुने ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला र सो फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसला नमिलेकोले उल्टी भई उल्लिखित जग्गा नरमगरम मिलाई २ भागको १ भागमा पर्ने जग्गाको लिखत बदर भई वादीका नाममा दर्ता हुने

र सोको वादीले चलनसमेत चलाई लिन पाउने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CI-०६९९, सम्बन्ध विच्छेद, *सगुन श्रेष्ठ राजवंशी वि. तेजनारायण राजवंशी*
- ०७२-CI-०७०१, लिखत दर्ता बदर दर्ता गरी चलनसमेत चलाई पाऊँ, *सगुन श्रेष्ठ राजवंशी वि. तेजनारायण राजवंशीसमेत*

६

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-१९९७, जग्गा खिचोला मेटाई दिवाल हटाई चलनसमेत, *सन्तीरादेवी कुर्मी वि. बाबुराम कुर्मीसमेत*

वादीले प्रतिवादीको जगसम्म भत्काई पाउँ भन्ने दाबी लिए तापनि प्रतिवादीले जगभन्दा माथि घर बनाउन लागेकोमा वादीले कुनै प्रकारको उपचारको बाटो अवलम्बन गरेको देखिएन । नक्सामा नयाँ घर बनाएको भन्ने वादीले उल्लेख गर्न सकेको पनि देखिँदैन । मिति ०६७।२।१४ मा निर्माण कार्य नगर्नु भन्ने आदेश भएको र तत्पश्चात् निर्माण कार्य गरेको भन्ने वादीको दाबी रहेको देखिँदैन । अदालतको आदेशानुसार भएको नक्सा र सर्भे नापीको नक्साको आकृति प्रकृति मिलेकै देखिन्छ । न.नं. ८,१४,१५ वादीको कि.नं. १०६६ नक्साभित्र पर्ने सर्भे नक्साको आकृतिबाट समेत देखिँदैन । यदि ती नक्सा नं. का जग्गाहरू वादीको कि.नं. १०६६ को मान्ने हो भने सर्भे नापीको नक्सा एवम् सुरू अदालतबाट भएको नक्साको आकृति नै फरक पर्न जाने ।

वादीको साक्षी दुधनाथ यादवले मिति २०६७।६।४ मा सुरू अदालतमा बकपत्र गर्दा कुन मितिमा वादीको जग्गा विपक्षीहरूले खिचोला गरेको हो सो मिति खुलाउन सकेको देखिएन । यसरी नै प्रतिवादीका साक्षी मोलहु कुर्मीले प्रतिवादीहरूले नयाँ घर बनाएको होइन, घर पुरानो हो भनी सुरू अदालतमा बकपत्रसमेत गरेको देखिँदा नक्साबाट देखिएका घरहरूको निर्माण वादीले फिराद पत्रमा घर बनाएको भनी उल्लेख गरेको मितिभन्दा अगाडि नै भएको देखिन आउने ।

वादीले दाबी गर्दा नै प्रतिवादी चन्द्रराम कुर्मीले उत्तरतर्फ पूर्व पश्चिम ९६ उत्तर दक्षिण १२$^1/_2$ फिट खिचोला गरेको भनी दाबी लिएको देखिन्छ । विवादमा देखिएको न.नं ६ को जग्गा वादीले दाबी गरेभन्दा बढी देखिए पनि वादीले पूर्व पश्चिम ९६ फिट उत्तर दक्षिण १२$^1/_2$ फिटमा दाबी लिएको हुँदा दाबीबमोजिम निज प्रतिवादी चन्द्ररामले खिचोला ठहर गरेकोलाई अन्यथा भन्ने अवस्था नरहने ।

प्रतिवादी चन्द्रराम कुर्मीबाहेकका प्रतिवादीहरू बाबुराम कुर्मी र कतवारू कुर्मीको हकमा विचार गर्दा अदालतको आदेशानुसार भई आएको नक्साको न. नं. ८ र १४ मा पुराना घर देखिन्छन । प्रतिवादीहरूले दाबीको जग्गा कहिले खिचोला गरे भनी वादीले यकिन मिति खुलाउन सकेको पनि देखिँदैन । अदालतलको आदेशले भई आएको नक्सा सर्जमिन मुचुल्काबाट ती घरहरू यथास्थितिमा रहेको भन्ने देखिन्छ । भई आएको नक्सा सर्जमिन मुचुल्कालाई वादीले अन्यथा भन्न सकेको पनि देखिँदैन । उक्त नक्सा नं. ८ र १४ मा भएका घरहरू पुरानै रहे भएकोले प्रतिवादीहरूले खिचोला गरेको भन्न मिल्ने अवस्थाको विद्यमानता नदेखिएको हुँदा सुरूको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा गरिरहनु नपर्ने ।

तसर्थ, पुनरावेदन अदालतबाट मिति २०६९।३।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल वैशाख ११ गते रोज ३ शुभम् ।

७

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७४-WH-००३६, बन्दीप्रत्यक्षीकरण, *वीरेन्द्रकुमार पाल वि. उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास, बाँकेसमेत*

निवेदकले भन्सार नतिरी कानूनविपरीत हाइड्रोलिक कटर मेसिनसमेतका सामान चोरी पैठारी गरी ल्याएको आरोपमा कसुर ठहर भई निर्णय भएको भन्ने देखिन आएको र निर्णयअनुसारको जरिवाना दाखेल गर्न सक्तैन भनी कागजसमेत गरेपछि दण्ड सजायको ३८ नं.को देहाय १ बमोजिम थुनामा राख्न पठाएको भन्ने देखिएबाट यस्तो थुनालाई गैरकानूनी थुना भन्न मिल्ने देखिएन । यसरी कानूनबमोजिम थुनामा राख्ने गरी लिखित जवाफ कर्ताहरूबाट भएको कार्य गैरकानूनी नदेखिएपछि निवेदकको मागअनुसार त्यस्तो कार्यबाट निवेदकको संविधानद्वारा प्रत्याभूत गरिएको हक अधिकारमा आघात पुग्यो भन्ने देखिन नआएकोले मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थ मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

८

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-१००६, उत्प्रेषण / परमादेश, *श्रुती न्यौपानेसमेत वि. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज, काठमाडौंसमेत*

प्रत्यर्थी परशुराम देव त्रि.वि. शिक्षण अस्पताल महाराजगन्जको शाखा अधिकृत पदबाट सामान्य प्रशासन महाशाखा त्रि.वि. कीर्तिपुरमा काजमा खटाइएको भए पनि MBBS अध्ययन गर्नको निमित्त स्टाफ कोटाको लागि छुट्याइएको सिटमा भर्नाको लागि आह्वान भएको प्रवेश परीक्षाको फाराम भर्न निर्धारित अवधिसम्ममा निजलाई रमाना गरिसकेको नदेखिएको र काजमा खटाइएको कारणले मात्र पदाधिकार रहेको पदअनुसार पाउने सुविधा विपक्षी परशुराम देवले नपाउने भन्ने नदेखिएको साथै निजको शाखा अधिकृत पदलाई प्राविधिक अधिकृत पदमा समायोजन गरी हाल सोही त्रि.वि.शिक्षण अस्पतालमा कार्यरतसमेत हुँदा निज परशुराम देवले त्रि.वि. शिक्षण अस्पतालबाट कर्मचारीको हैसियतबाट प्राप्त गर्ने सुविधा पाउँदैन भन्न नमिल्ने।

प्रत्यर्थी परशुराम देवको छोरा विकास देव MBBS अध्ययनको लागि छुट्याइएको त्रि.वि. शिक्षण अस्पतालको स्टाफ कोटाको निमित्त प्रवेश परीक्षामा सम्मिलित हुन अयोग्य रहेको नदेखिएको र विकास देवले उक्त कोटाको निमित्त प्रवेश परीक्षाको नतिजाअनुसार बढी अङ्क प्राप्त गरेको देखिएको हुँदा पुनरावेदकको निवेदन मागअनुसारको आदेश जारी हुने अवस्था विद्यमान रहेको नदेखिएको भनी रिट निवेदन खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको आदेशमा त्रुटि रहेको देखिन आएन । अतः माथि विवेचित आधार र कारणबाट पुनरावेदन अदालत पाटनको मिति २०७२।८।२३ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल माघ ७ गते रोज १ शुभम्।

इजलास नं. ५

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७३-WO-०३९१, *उत्प्रेषण / परमादेश, रामवरण राउत वि. नेपाल सरकार, शिक्षा मन्त्रालय सिंहदरबार काठमाडौं*

इजिप्ट सरकारले उपलब्ध गराएको एम.वि.

वि.एस.को ५ सिटमा निवेदकसमेत ५ जनाको नाम अनुमोदनको लागि पठाएकोमा ३ जनाको अनुमोदन स्वीकृत भई आएको र २ जनामध्ये इन्दिलाकुमारी यादवको हकमा Rejected र निवेदक रामवरण राउतको हकमा Has to change another subject भनी लेखी आएको भन्ने कुरामा विवाद नदेखिने।

निवेदक रामवरण राउतको हकमा पठाएको अनुमोदन Has to change another subject भनी लेखी आएको भए पनि एकपटक अनुमोदन गरी पठाएका विद्यार्थीको हकमा छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम २२क बमोजिम छात्रवृत्तिको लागि छनौट भएको व्यक्तिलाई कुनै स्वदेशी वा विदेशी शैक्षिक संस्थामा मनोनयन गरिएकोमा सो शैक्षिक संस्थाबाट Confirmation प्राप्त हुन नआएमा निजलाई यस नियमावलीबमोजिम पुनः छात्रवृत्तिमा मनोनयन गर्न सकिने व्यवस्था गरेको देखिन्छ। उक्त कानूनी व्यवस्थालाई आधार मानी रिट निवेदक रामवरण राउतले आफूलाई प्राथमिकतामा राखी मात्र छात्रवृत्तिमा मनोनयन गरिपाउँ भनी शिक्षा मन्त्रालयमा पुनः निवेदन गरेकोमा शिक्षा मन्त्रालयको मिति २०७३।६।५ को निर्णयबाट मनोनयनपश्चात् मनोनयन स्वीकृत नहुँदा निजहरूको भविष्यमा गम्भीर असर पर्ने भएकाले विषयगत गाम्भीर्यलाई ध्यान दिई निवेदक रामवरण राउतको नामसमेत समावेश गरी परराष्ट्र मन्त्रालय, मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखालाई सम्बोधन गरी मिति २०७३।६।५ कै पत्रबाट पत्राचार भएको देखिने।

शिक्षा मन्त्रालयको लिखित जवाफमा मिति २०७३।३।५ गते रिट निवेदक रामवरण राउतले शिक्षा मन्त्रालयसँग गरेको कबुलियतनामामा मनोनयनमा परेपश्चात् सम्बन्धित राष्ट्र/निकायबाट Confirmation प्राप्त नभएमा पूर्व मनोनयनको आधारमा मात्र अन्यत्र मनोनयन गर्न बाध्य पारिने छैन भनी कबुलियत गरेको भनी उल्लेख गरेको देखिन्छ। सो कबुलियतनामालाई यी निवेदक रामवरण राउतले अन्यथा भन्न सकेको नदेखिने।

निवेदक रामवरण राउतको मनोनयन सम्बन्धमा विषयमा परिवर्तन (Has to change another subject) गर्न भनी लेखी आएपछि पनि शिक्षा मन्त्रालयको मिति २०७३।६।५ को निर्णयबाट मनोनयनपश्चात् मनोनयन स्वीकृत नहुँदा निजहरूको भविष्यमा गम्भीर असर पर्ने भएकोले विषयगत गाम्भीर्यलाई ध्यान दिई निवेदक रामवरण राउतको नामसमेत समावेश गरी परराष्ट्र मन्त्रालय, मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखालाई सम्बोधन गरी मिति २०७३।६।५ कै पत्रबाट पत्राचार भएकै देखिन्छ । यसबाट रिट निवेदक रामवरण राउतलाई MBBS अध्ययन गर्न नपाउने गरी शिक्षा मन्त्रालयबाट निर्णय भएको भन्ने देखिएन। छात्रवृत्तिका लागि मनोनयन गरी पठाएको राष्ट्र / निकायबाट सम्बन्धित विश्वविद्यालयले तोकेको मापदण्ड पूरा नभई मनोनयन अस्वीकृत वा विषय परिवर्तनको लागि लेखी आएको अवस्थामा त्यस्ता विद्यार्थीका हकमा पहिला मनोनयन भएकै विषयमा अर्को राष्ट्र वा स्वदेशी विदेशी शैक्षिक संस्थामा पुनः अनुमोदन गरी पठाउनु पर्छ भन्न मिल्ने पनि हुँदैन । अनुमोदन गरी पठाएको राष्ट्रको विश्वविद्यालयबाट यी निवेदकको हकमा अनुमोदन विषय परिवर्तन गरेर अध्ययन गर्न पाउने गरी लेखी आएको भए पनि शिक्षा मन्त्रालयबाट मिति २०७३।६।५ मा मनोनयन स्वीकृत नहुँदा निजहरूको भविष्यमा गम्भीर असर पर्ने भएकोले विषयगत गाम्भीर्यलाई ध्यान दिई यी निवेदक रामवरण राउतको नाम समावेश गरी परराष्ट्र मन्त्रालयमा पत्र पठाएकोसमेत देखिँदा यी निवेदकलाई शिक्षा मन्त्रालयबाट असर पर्ने गरी कुनै निर्णय भएको देखिएन । वस्तुतः उत्प्रेषणको आदेशले अधिकार क्षेत्रात्मक त्रुटि गरी वा कानूनले तोकेको कार्यविधि प्रतिकूल निर्णय गरेमा त्यस्तो निर्णयलाई बदर गर्दछ । अतः निर्णय नै नभएको अवस्थामा निर्णय बदर गर्नु पर्ने अवस्था विद्यमान नभएकोले प्रस्तुत निवेदनउपर उत्प्रेषणको आदेश जारी हुने अवस्था

नदेखिने।

पछि प्रमाण स्वरूप निवेदकले पेस गरेको मिति २०७३।८।२२ र २०७३।९।१५ मा गोरखापत्रमा प्रकाशित छात्रवृत्ति सूचना हेर्दा त्रिभुवन विश्वविद्यालय शिक्षण चिकित्साशास्त्र अध्ययन संस्थान र काठमाडौं विश्वविद्यालयअन्तर्गतका कलेजहरूमा मनोनयन गरी पठाउन शिक्षा मन्त्रालयबाट प्रकाशित अन्तिम योग्यता क्रममा समूहगत योग्यता क्रमभित्र नाम रही सम्बन्धित विश्वविद्यालयबाट तोकेको मापदण्ड पूरा गरेका उम्मेदवारहरूको हकमा मिति २०७३।८।१७ को अन्तिम मेरिटलिस्टको आधारमा मिति २०७३।८।२२ देखि २०७३।८।२९ सम्म आवेदन दिन सूचना प्रकाशित गरी प्राथमिकतासमेत खुलाई निवेदन दिन आह्वान गरिएको देखिन्छ। सो प्रकाशित सूचनाबमोजिम तोकेको मापदण्डमा यी निवेदक पर्ने भए शिक्षा मन्त्रालयबाट विचार हुने नै हुँदा प्राथमिकता राखी पूर्वमनोनयन भएकै विषयमा पुन: मनोनयन गरिपाउँ भन्ने परमादेशको आदेश जारी हुनुपर्ने अवस्था नदेखिने।

तसर्थ, माथि विवेचित आधार कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल पुस १९ गते रोज ४ शुभम्।

- यसमा यसै लगाउको ०७३-WO-०३९२, उत्प्रेषण / परमादेश, *इन्दिलाकुमारी यादव वि. शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६८-WO-०७०६, उत्प्रेषण / परमादेश, *धन गुप्तासमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार*

रिट निवेदकले च.नं. ३१२३ को मिति २०४९।९।६ गतेको मालपोत कार्यालय, सप्तरीको पत्र बदर गरिपाउँ भनी मागदाबी गरी मिति २०६८।१०।२४ गते प्रस्तुत रिट निवेदनसाथ उपस्थित हुनुभएको छ ।१९ वर्षसम्म आफ्नो हकको सम्बन्धमा मौन बसी एकाएक रिट क्षेत्रबाट उपचार खोज्न आएका निवेदकहरू के कस्तो वस्तुनिष्ठ कानूनबाट विलम्ब हुन गई अदालत प्रवेश गर्नु परेको हो भन्नेबारे कतै उल्लेख देखिँदैन । छुट दर्ता अधिकारको विषय होइन। यस अदालतबाट ने.का.प. २०६७, अङ्क ३, नि.नं.८३३६ मा “छुट जग्गा दर्ता भन्ने कुरा असीमित समयको लागि बनेको व्यवस्था होइन” भन्ने सिद्धान्त प्रतिपादित छ । यस्तै ने.का.प.२०६७, अङ्क ७, नि.नं.८४१७ मा “सम्पत्तिको खोजी यथासमयमा गर्नु सम्पत्ति आफ्नो हो भन्ने दाबी गर्नेको दायित्व हो। समयको लामो अन्तरालले छुट दर्ता गरिपाउँ भन्ने दाबीमा प्रतिकूल प्रभाव पर्दछ” भन्ने व्याख्या भएको प्रस्तुत विवादको सन्दर्भमा समेत सान्दर्भिक देखिने।

निवेदक स्वयम्को निवेदन दाबीबाट नदी उकास जग्गा फिल्डबुकमा नेपाल सरकारको नाममा जनिएको भनी उल्लेख गर्नुभएको छ। सुरू नापी बखत निवेदकहरू फिल्डमा अनुपस्थित भएको खण्डमा उक्त जग्गा श्री ५ को सरकारको नाममा कायम हुन गएकोमा छुट दर्ता हो भने सोही कारण देखाई कारबाही अगाडि बढाउनु पर्ने हो। उक्त जग्गा नै आफ्ना पिताले खरिद गरेको हो होइन ? कुन मिति वा समयमा नदी उक्त जग्गामा पसेको हो ? के कस्तो अवस्थामा नदी बगेकै अवस्थामा के कसरी नापी भई कित्ता नम्बर कायम हुन गएको हो भन्नेबारे यी निवेदक आफैँ अस्पष्ट देखिन्छन् । मिति २०२१।२।११ मा राजीनामाबाट खरिद गरेको कि.नं.५७६ को १-११-१ र कि.नं.१५७५ को ०-१४-३ मध्ये ०-३-० सर्वे हुँदा नाप नक्सा भई दर्ता भएको र कि.नं.५७६ पूरै तथा कि.नं.१५७५ को ०-११-३ सर्वे नापी हुँदा नदिमा परी नक्सा भएको भन्ने दाबी गरे पनि ती बेहोरा प्रमाणित गर्न पर्याप्त प्रमाण मालपोत कार्यालयमा पेस गर्न सकेको छैन । रिट निवेदनमा उक्त जग्गाहरू नदी

कटानमा पर्न गई केही कटानमा नपरी बाँकी रहेकोमा सर्वे नापीमा कि.नं.१५७ को ५-५-० खोलामा नापी भई हाल खोलाले छाडी उकास जग्गा हाम्रो हक भोगमा रहेको र सोमध्ये साबिक कि.नं.५७६ को १-६-१ र साबिक कि.नं.१५७६ को ०-९-० समेत जग्गा १-१५-१ श्री ५ को सरकारको नाउँ फिल्डबुकबाट कट्टा गरी आफ्नो नाममा दर्ता गर्न माग गर्दा ती २(दुई) कित्ता जग्गाको चारकिल्ला सीमामा जोडिएको थियो भन्ने जिकिर लिन सकेको छैन भने दाबी गर्दा एकै कित्ताबाट १-१५-१ आफ्नो नाममा दर्ता गर्न माग गरेको देखिन्छ । यसरी यी निवेदकहरूको निवेदन जिकिर विश्वसनीय नदेखिएबाट सफाहात लिई यी निवेदक अदालत प्रवेश गरेको विश्वसनीय आधार नदेखिने ।

अत: यस अवस्थामा २०४९ सालमै श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गा सम्बन्धमा विलम्ब गरी मिति २०६८।१०।२४ मा रिट दायर गरेको र त्यसरी रिट दर्ता गर्दासमेत मुलुकी ऐन, जग्गा मिच्नेको २ नं., जग्गा पजनीको ८ नं. लगायत नागरिक अधिकार ऐन, २०१२ को दफा ६ का आधारमा भनी दायर भएको प्रस्तुत निवेदनबाट निवेदकले उपचार पाउन सक्ने देखिँदैन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत २८ गते रोज ५ शुभम् ।

इजलास नं. ६

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CI-०७९५*, निषेधाज्ञा, *सीता गौतमसमेत वि. बुटवल नगरपालिका (हाल बुटवल उपमहानगरपालिका) कार्यालय, बुटवल रूपन्देहीसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३६(१) र (२) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा तोकिएबमोजिम घर जग्गा कर तथा मालपोत तथा भूमि कर लगाउन सक्ने व्यवस्था रहेकोसमेत देखिन्छ । प्रत्यर्थी बुटवल नगरपालिकाको लिखित जवाफबाट निवेदकहरूले अटो व्यवसाय गरेको जग्गा सार्वजनिक नभई बुटवल नगरपालिकाका नाउँमा हकभोग स्वामित्व दर्ता स्रेस्ताको जग्गा भएकोले करार गरी बहालमा निवेदकहरूसमेतलाई उक्त स्थानमा बस्न दिइएको भन्ने देखियो । यसरी प्रत्यर्थी बुटवल नगरपालिकाले कानूनबमोजिम आफूलाई प्राप्त अधिकारअन्तर्गत रही अटो व्यवसायीसँग बहाल सम्झौता गरी प्रदान गरेको स्थानमा यी पुनरावेदकहरूले अटो व्यवसाय गरी आएकोमा सम्झौताको अवधि समाप्त भएपश्चात् सम्झौता नवीकरणका लागि बुटवल नगरपालिकाबाट मिति २०६९।६।१४ मा सूचना प्रकाशन गरेको देखिने ।

मिसिल संलग्न उक्त सूचनाको प्रतिलिपि हेर्दा बुटवल नगरपालिका र बुटवल अटो इन्जिनियरिङ एसोसियसनबिच २०६८।९।१३ मा भएको सहमतिअनुसार बाँकी भुक्तानी गरी सम्झौता गर्न आउन आह्वान गरेको देखिन्छ र उक्त सूचनाअनुसार सम्झौता गर्न नआएमा हालसम्म सम्झौता नभएका व्यवसायीलाई १५ दिनको समय राखी व्यक्तिगत रूपमा बाँकी बक्यौता भुक्तानी गरी सम्झौता गर्नका लागि पत्राचार गर्ने, सो अवधिभित्र समेत बाँकी रकम भुक्तान गर्न नआएमा तीन पुस्ते विवरणसहितको नाम र रकम उल्लेख गरी स्थानीय पत्रिकामा नाम सार्वजनिक गरिने, तीनपुस्ते विवरणसहितको र रकमको विवरण प्रकाशित भएको १५ दिनभित्रमा पनि बाँकी बक्यौता भुक्तान नगरेमा सरकारी बाँकीसरह असुलको प्रक्रियामा जाने र भौतिक संरचना हटाउनुका साथै अटो भिलेज क्षेत्रभित्र निजलाई भविष्यमा व्यवसाय गर्न जग्गा लिज वा सम्झौता गर्नबाट वञ्चित गरिने छ भन्नेसमेतका सर्तहरू उल्लेख गरेको पाइन्छ । यसरी नगरपालिकाले आफ्नो हक स्वामित्वमा रहेको जग्गामा कानूनबमोजिम बहालमा दिँदा वा प्रयोग गर्न दिँदा विभिन्न सर्तहरू निर्धारण गर्न सक्ने नै देखिने ।

निवेदकहरूले विपक्षी नगरपालिकासँग विभिन्न मितिमा कबुलियत गरी कबुलियत सर्तअनुसारको दस्तुरहरूसमेत बुझाउँदै आएकोमा कबुलियत सम्झौताको म्याद २०६७ साल आषाढमा समाप्त भइसकेको अवस्थामा निवेदकहरूले अव्यवस्थित बसोबासीको हैसियतले उक्त जग्गाहरू भोगचलन गर्दै आएको कुरालाई यी पुनरावेदकहरूले निवेदनपत्रमा स्वीकार नै गरेको देखिन्छ । यसबाट पनि उक्त जग्गाहरूमा निवेदकहरूको निर्विवाद हकभोग रहेको भन्ने नभई केवल करारीय सम्बन्धको आधारमा यी पुनरावेदकहरूले करारबमोजिमका सर्तहरू पालना गरेको खण्डमा करार अवधिसम्म भोगाधिकार रहने हो । तर यी पुनरावेदकले करारमा राखिएका सर्तहरूसमेत पालना नगरेको तथा उक्त करारको अवधि २०६७ साल आषाढमा नै समाप्त भइसकेको अवस्थामा प्रत्यर्थी नगरपालिकासँग पुनरावेदकहरूले पुनः करार नवीकरण गरेको भन्नेसमेत देखिएन । यस अवस्थामा प्रत्यर्थी नगरपालिकाले पहिले भएको करारबमोजिम बहाल बुझाउनेलगायत करार नवीकरण गर्ने सम्बन्धमा कानूनबमोजिमका सर्तहरू राखी सूचना प्रकाशन गरेको देखिँदा गैरकानूनी तरिकाले यी पुनरावेदकहरूलाई हटाउन लागेको भन्ने निवेदन दाबी कानूनसङ्गत नभएकोले प्रत्यर्थी नगरपालिकाको उक्त कार्यबाट यी पुनरावेदकहरूको कानूनी हकमा आघात पार्ने आशङ्काको रहेको भन्न मिल्ने नदेखिँदा निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य, कानून, आधार र प्रमाणसमेतबाट यी पुनरावेदकहरूले अटो व्यवसाय गरी आएको जग्गा निजहरूको निर्विवाद हक स्वामित्वको जग्गा नभई उक्त जग्गामा प्रत्यर्थी नगरपालिकासँग भएको करारीय सम्बन्धको आधारमा करार सम्झौता बहाल रहेको अवधिसम्म मात्र भोगाधिकारसम्म रहे भएकोमा उक्त करार सम्झौताको अवधि समाप्त भइसकेको देखिएकोले पुनरावेदन अदालत बुटवलबाट निषेधाज्ञाको निवेदन खारेज हुने ठहर्‍याई मिति २०७०।९।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल मङ्सिर ८ गते रोज१ शुभम् ।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CR-१३१०, ०७३-CR-०४९९, डाँका, नेपाल सरकार वि. ओसी आलमसमेत*

प्रस्तुत मुद्दामा जाहेरवालाको मौकाको किटानी जाहेरी, अनुसन्धान अधिकारीसममक्ष प्रतिवादीहरूको बयान, जाहेरवालाको बकपत्रलगायत मिसिल संलग्न अन्य कागजातहरूबाट प्रतिवादी शेख खुर्सेदले अन्य प्रतिवादीहरू ओसी आलम, विकासकुमार साह कलवार, शेष अब्बास, अरमान हुसेन, शेख खुर्सेद (शेख हुसेनको छोरा), शेष मुन्नासमेत ६/७ जनाको समूह भई जाहेरवालालाई बोलाई दोकानमा ल्यापटप लिन हिँड्नु भनी साथमा लिई गई केही पर एकान्त बाटोमा पुगेपछि निजलाई घेरछेक गरी कुटपिट गरी जाहेरवालाको साथमा रहेको नगद रू.४५,०००- (पैंतालिस हजार मात्र), १२ आनाको सुनको सिक्री, नोकिया कम्पनीको मोबाइलसमेत डाँका गरी लगेको भन्ने तथ्य पुष्टि हुन आएको छ । यसरी चोरी गर्ने तरिका र चोरी गर्ने व्यक्तिको संख्याको आधारमा चोरीको प्रकृतिको निर्धारण हुने हुँदा प्रतिवादीहरूले ७ जनाको समूह भई जाहेरवालालाई घेरछेक गर्ने कुटपिट गर्ने र निजका साथमा रहेको सम्पत्ति लुटेर लिएको र उक्त कार्यमा प्रतिवादी शेख खुर्सेदको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ । यसरी प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, चोरीको महलको ६ नं. मा उल्लेख भएअनुसारको देखिँदा निज प्रतिवादीले समेत डाँका गरेको ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिने ।

यसमा जाहेरीमा उल्लेख भएको चोरीको सुनको सिक्रीको मूल्य रू.३९,०००।- (उनन्चालिस

हजार मात्र) भएको र जाहेरवालाको मोबाइलको मूल्य रू.८,०००।- (आठ हजार मात्र) भएको देखिने कुनै प्रमाण जाहेरवालाले पेस गर्न सकेको देखिँदैन। मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरूले डाँका गरेको नगद रू.४५,०००।- (पैंतालिस हजार मात्र), सुनको सिक्रीको मूल्य रू.१४,६७९।- (चौध हजार छ सय उनासी मात्र) र मोबाइलको मूल्य रू.३,०००।- (तीन हजार मात्र) कायम हुन गई जम्मा बिगो रू.६२,६७९।- (बैसट्ठी हजार छ सय उनासी मात्र) हुने देखिन्छ। अत: प्रतिवादीहरूलाई घटी बिगो कायम गरी जरिवाना गरेको अवस्था नदेखिने।

मुलुकी ऐन, चोरीको महलको १४(४) नं. ले डाँका गर्नेलाई बिगोको डेढी बढाई गर्नुपर्छ भन्ने कानूनी व्यवस्था गरेकोले डाँकाको कसुर जति जनाले गरेको ठहरिन्छ ती प्रत्येक कसुरदारलाई चोरीको बिगोको दामासाहीको हिसाबले जरिवाना हुने नभई जनहीको हिसाबले जरिवाना हुने देखिने। अत: प्रतिवादीहरूलाई डाँका गरेको ठहऱ्याएको बिगोको डेढी बढाई जनही जरिवाना गर्नुपर्नेमा दामासाहीको हिसाबले जरिवाना हुने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिने।

अत: प्रतिवादीहरू ओसी आलम, विकासकुमार साह कलवार, शेख अब्बास, अरमान हुसेन, शेष खुर्सेद (शेष सलिमको छोरा) शेष खुर्सेद (शेष हुसेनको छोरा) लाई डाँका गरेको ठहऱ्याएको बिगो रू.६२,६७९।- (बैसट्ठी हजार छ सय उनासी मात्र) को डेढी रू.९४,०१८।५० (चौरानब्बे हजार अठार रूपैयाँ पचास पैसा मात्र) जनही जरिवाना हुने ठहऱ्याउनु पर्नेमा प्रतिवादीहरूलाई दामासाहीको हिसाबले जरिवाना हुने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।८।८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरू ओसी आलम, विकासकुमार साह कलवार, शेख अब्बास, अरमान हुसेन, शेष खुर्सेद (शेष सलिमको छोरा) शेष खुर्सेद (शेष हुसेनको छोरा) लाई जनही रू.९४,०१८।५०।- (चौरानब्बे हजार अठार रूपैयाँ पचास पैसा मात्र) जरिवाना हुने र अरूमा पुनरावेदन अदालत हेटौंडाको फैसला सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल मङ्सिर ३० गते रोज २ शुभम्।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-CR-१६५९, डाँका, *नेपाल सरकार वि. हिरालाल तामाङसमेत*

जाहेरवालाले जाहेरी दरखास्तमा निजको घर र पसलसमेतबाट नगद रू.६,०००।-, हाफपाइन्टको गोजीमा रहेको नगद रू.८५,०००।-, टुबोर्ग वियर थान-१५, ड्यु थान-१०, एक कार्टुन रमपम चाउचाउ, सिमसहितको नोकिया मोबाइल सेट थान-१, सि.डी.एम.ए. फोन थान-१ समेत जबरजस्ती लुटी त्यसपछि मेरो श्रीमती, आमाहरू सुत्ने गरेको अर्को घरमा गई धम्की दिई डेढ तोलाको सिक्री, कानमा लगाएको सुनको रिङसमेत जम्मा ३ तोला सुनको गहनासमेत जम्मा रू.२,२०,१५०।- मूल्य बराबरको धनमालहरू डाँका भएको भनी उल्लेख गरेकोमा प्रतिवादीहरू हिरा तामाङ र सुजन मगरको साथबाट बरामद भएको सामानमध्ये सिमसहितको नोकिया मोबाइल सेट थान-१, स्काई सिम थान-१, सुनको सिक्री थान-१, नगद रू. १,६१३।– जाहेरवालाको भएको भनी निजले चिनी सनाखतसमेत गरिदिएको देखियो। यसमा प्रतिवादीहरूले जाहेरवालाको पसल र घरबाट नगद र अन्य धनमाल डाँका गरी लगेको कुरा स्वीकार नै गरेको तर निजहरूले जाहेरवालाको हाफपेन्टबाट रू.८५,०००।- चोरी गरेको भन्ने तथ्य कहीँकतै उल्लेख नभएको, बरामद भएको नगदमा समेत सो बराबरको रकम फेला नपरेको र जाहेरवालाले समेत हाफपेन्टमा रू.८५,०००।– रहेको थियो भन्ने तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको देखिँदैन। यसर्थ प्रतिवादीहरूले अनुसन्धानको क्रममा र

अदालतमा समेत उपस्थित भई गरेको बयानसमेतबाट रू.८,५००।– रूपैयाँ हाफपेन्टमा भएको र बरामद भई फेला परेको अन्य धनमालको समेत गर्दा जम्मा रू. ३२,४५०।– बराबरको धनमाल डाँका गरेको देखिँदा चोरीको सामानको डेढी बढाई रू.४८,६७५।– जनही प्रतिवादीहरूलाई सजाय गरेको हदसम्म पुनरावेदन अदालत राजविराज इजलासको फैसलालाई अन्यथा रहेछ भनी मान्न नमिल्ने ।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट प्रतिवादीहरू हिरालाल तामाङ र सुजन भन्ने भोजबहादुर मगरले मुलुकी ऐन, चोरीको महलको ६ नं. बमोजिम डाँका गरेकोले सोही महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र चोरीको सामान रू.३२,४५०।-को डेढी बढाई रू. ४८,६७५।– दामासाहीले जरिवाना भई जाहेरवालाले आफ्नो बिगोसमेत प्रतिवादीहरूबाट भराई पाउने, प्रतिवादी छवि विष्टको हकमा तामेली र अर्का प्रतिवादी टेकबहादुर तामाङ फरार रहेकोले निजको हकमा मुलतबी रहने ठहऱ्याएको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६९।०६।०८ को फैसला केही उल्टी भई प्रतिवादीहरू हिरालाल तामाङ र सुजन भन्ने भोजबहादुर मगरलाई जनही ६ वर्ष कैद र जरिवानाको हकमा बिगोको रू. ३२,४५०।– डेढी हुने रू. ४८,६७५।– जनही प्रतिवादीलाई जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।०६।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुभद्रा जि.सी, लक्ष्मी राना

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम् ।

इजलास नं. ७

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७२-CR-०९३८, लागु औषध ब्राउन सुगर, *अजय गुरूङ वि. नेपाल सरकार*

प्रतिवादी अजय गुरूङका साक्षी निरन्जन श्रेष्ठले अदालतमा बकपत्र गर्दा लागु औषध सेवन गर्छन् भन्ने सुनेको हुँ, आँखाअगाडि देखेको छैन भनी बकपत्र गरेको देखिँदा पुनरावेदक / प्रतिवादी अजय गुरूङ आफू लागु औषधको दुर्व्यसनी रहेको र बरामद लागु औषध सेवनको लागि ल्याएको भनी प्रतिवादी अजय गुरूङले सुरू अदालतसमक्ष बयान गरेकोमा बरामद लागु औषधको मात्रा २ ग्राम ६९० मिलिग्राम रहेको र निज प्रतिवादीले बिक्री वितरण गर्न लागेको अवस्थामा पक्राउ परेको अवस्था नदेखिएको हुँदा निज प्रतिवादीले उक्त बरामद भएको लागु औषध सेवनको लागि ल्याएको देखिन आउने ।

प्रतिवादीले लागु औषध कारोबार गरेको भन्ने सम्बन्धमा विचार गर्दा आफू लागु औषधको दुर्व्यसनी रहेको र बरामद भएको लागु औषध सेवन गर्न भनी ल्याएको भनी सुरू अदालतमा गरेको बयानसमेतलाई बरामदी मुचुल्का, लागु औषध परीक्षण प्रतिवेदन तथा बुझिएका साक्षी प्रमाणले पुष्टि गरेको देखिन्छ । साथै यी प्रतिवादीको घरकोठा खानतलासी गर्दा लागु औषध नापतौल गर्ने सामग्री तथा लागु औषध मुद्दासँग प्रमाण लाग्ने अन्य चिजवस्तु फेला नपरेको भन्ने खानतलासी मुचुल्काबाट देखिएकोले यी पुनरावेदक / प्रतिवादी अजय गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम रू.१०,०००।– जरिवाना र ऐ. दफा १६ बमोजिम थप ३(तिन) वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७१।०२।११ मा भएको फैसला लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम रू.१०,०००।– जरिवाना गरेको हदसम्म सुरू फैसला केही उल्टी भई निज प्रतिवादी अजय गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) को कसुरमा ऐ. दफा १४(१)(छ)(१) बमोजिम ५(पाँच) वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन

अदालत बुटवलबाट मिति २०७२।१।६ मा भएको फैसला मिलेको नदेखिने ।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट पुनरावेदक / प्रतिवादी अजय गुरूङले अवैध लागु औषधको सेवन गर्ने कार्यसम्म गरेको, सोबाहेक अन्य खरिद बिक्री सञ्चय जस्ता कारोबार गरेको कुरा प्रमाणित हुन आएको नदेखिँदा पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१।६ मा भएको फैसला उल्टी भई प्रतिवादी अजय गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम सेवनतर्फ १(एक) वर्ष कैद तथा ऐ. दफा १६ बमोजिम पटकेतर्फ थप १(एक) वर्ष कैद र रू.२५,०००।– (पच्चिस हजार रूपैयाँ) जरिवाना गरी कुल २(दुई) वर्ष कैद र रू.२५,०००।– (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर १ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७३-CR-०१०८, लागु औषध कोरेक्स, *वृजकिशोर गिरी वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा यी प्रतिवादी वृजकिशोर गिरी मोटरसाइकलमा चढी आइरहेको अवस्थामा प्रहरीको गस्ती टोलीले चेकजाँच गर्दा निजले पछाडि भिरेको खैरो झोला खोली हेर्दा ९५ थान लागु औषध कोरेक्स फेला परी बरामद भएको तथ्य बरामदी मुचुल्काबाट देखिन्छ । सो लागु औषध बरामद हुँदा तयार भएको बरामदी मुचुल्काको रोहबरमा बसी यी प्रतिवादी वृजकिशोर गिरीले सहीछाप गरेको देखियो । सो बरामदी मुचुल्कालाई पुष्टि हुने गरी बरामदी मुचुल्कामा बस्ने मानिसहरू प्र.ह. सुरेन्द्र साह र प्र.ज. नवराज घिसिङले प्रतिवादीले बोकेको खैरो रंगको झोला खोजी चेकजाँच गर्दा निजको झोलाबाट ९५ थान लागु औषध कोरेक्स बरामद भएको भनी बकपत्र गरेको देखिन्छ । आफूबाट लागु औषध बरामद भएको होइन भनी अनुसन्धान अधिकारी तथा अदालतमा इन्कारी बयान गरे तापनि निज प्रतिवादीले उक्त इन्कारी बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी बयान प्रमाणबाट पुष्टि भएको नदेखिएको हुँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम निजले जानी जानी आफ्नो साथमा अवैध लागु औषध राखी ओसारपसार गरेको भनी अनुमान गर्नुपर्ने देखिने ।

प्रतिवादीउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) को कसुरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम सजाय गरिपाउँ भनी गरिएको अभियोग दाबी ठहर भएको देखिन्छ । यसरी कसुरदार ठहर भएपछि उक्त दफा १४(१)(झ) बमोजिम न्यूनतम पनि रू१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने हुन्छ । कानूनद्वारा निर्धारित हद वा सीमाभन्दा बाहिर गई जरिवाना अङ्क निर्धारण गर्ने स्वेच्छाचारी अधिकार निर्णयकर्तामा रहेको छैन । तसर्थ जरिवाना अङ्क निर्धारण गरेको कुरामा समेत पुनरावेदन अदालतको फैसलामा कुनै त्रुटि नदेखिने ।

अतः विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादी वृजकिशोर गिरीले अभियोग दाबीअनुसारको कसुर गरेको देखिँदा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम २(दुई) वर्ष कैद र रू.५,०००।– (पाँच हजार रूपैयाँ) जरिवाना भई बरामद भएको मोटरसाइकलसमेत जफत हुने ठहरी रौतहट जिल्ला अदालतबाट मिति २०६८।११।३० मा भएको फैसलामा २(दुई) वर्ष कैद गरेकोसम्म सुरू फैसला सदर गरी जरिवानाको हकमा केही उल्टी गरी निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम रू.१,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०३।२० मा भएको

फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६९-WO-०८३४, उत्प्रेषण, *डम्बरबहादुर खड्कासमेत वि. शिक्षा विभाग, सानोठिमीसमेत*

प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न रहेको श्री कालिका माध्यमिक विद्यालय म्याङलुङ न.पा. वडा नं. ६, जिरीखिम्ती तेह्रथुमले जिल्ला शिक्षा कार्यालय, तेह्रथुमलाई लेखेको च.नं. ९८, प.सं. २०७४।०७५, मिति २०७४।११।८ को पत्रको बेहोराबाट मिति २०७१।५।३० गतेदेखि निम्न माध्यमिक तहमा कार्यरत शिक्षक मन्दिरा गौतमको ठाउँमा विनिता तिवारी र प्राथमिक तहमा कार्यरत शिक्षक शशिका लिम्बूको ठाउँमा प्रज्ञा श्रेष्ठ स्थायी शिक्षकको रूपमा नियुक्ति भई कार्यरत रहेको भन्ने देखिन आएको छ। प्रस्तुत रिट निवेदनको मुख्य दाबी नै विपक्षी श्री कालिका माध्यमिक विद्यालय म्याङलुङ न.पा. वडा नं. ६, जिरीखिम्ती तेह्रथुमसमेतले करारमा शिक्षक नियुक्ति गर्ने प्रक्रियामा शिक्षा ऐन, २०२८ र नियमावली, २०५९ को कानूनी प्रावधानविपरीत गरेकोले उक्त निर्णय बदर गरिपाउँ भन्ने रहेको देखिन्छ। करारमा शिक्षक नियुक्ति गर्ने गरी गरिएको निर्णयबमोजिम सिफारिस भएका शिक्षकहरूको ठाउँमा स्थायी शिक्षकको नियुक्ति भइसकेको भन्ने देखिन आएको हुँदा प्रस्तुत रिट निवेदन निष्प्रयोजन भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको सम्बन्धमा थप विवेचना गरिरहन नपर्ने।

अतः विवेचित आधार, कारण र प्रमाणबाट मिति २०७१।५।३० गतेदेखि निम्न माध्यमिक तहमा कार्यरत शिक्षक मन्दिरा गौतमको ठाउँमा विनिता तिवारी र प्राथमिक तहमा कार्यरत शिक्षक शशिका लिम्बूको ठाउँमा प्रज्ञा श्रेष्ठ स्थायी शिक्षकको रूपमा नियुक्ति भई कार्यरत रहेको भन्ने मिति २०७४।११।८ मा श्री कालिका माध्यमिक विद्यालय म्याङलुङ न.पा. वडा नं. ६, जिरीखिम्ती तेह्रथुमले जिल्ला शिक्षा कार्यालय, तेह्रथुमलाई लेखेको पत्रबाट देखिएको हुँदा प्रस्तुत रिट निवेदन निष्प्रयोजन भइसकेको देखिँदा खारेज हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल माघ १० गते रोज ५ शुभम्।

- यसै लगाउको ०६९-WO-०८३५, उत्प्रेषण, *पार्वती कार्की वि. शिक्षा विभाग, सानोठिमीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०६८-WO-०२७५, उत्प्रेषण / परमादेश, *तुलसीप्रसाद थारू वि. पुनरावेदन अदालत पाटनसमेत*

प्रस्तुत विवादमा सम्झौताबमोजिमको डिजाइन इस्टिमेटमा व्यापक परिवर्तन भएको र तराईको तत्कालीन असहज परिस्थितिको कारणले गर्दा सुविधा र आवश्यकताको आधारमा (Termination of contract by convenience and necessity) करार द्विपक्षीय सहमतिमा नै अन्त्य गरी क्षतिपूर्ति दिने लिने सहमति भएकोमा क्षतिपूर्ति रकमको सम्बन्धमा विवाद भएपछि रिट निवेदक र ठेकेदारबिच भएको सम्झौताबमोजिम नेपाल मध्यस्थता परिषद् (NEPCA) द्वारा सोमनाथ पौडेललाई मिति २०६६।१०।२० मा विवाद समाधानको लागि एकल मध्यस्थता नियुक्ति गरेको देखिन्छ। एकल मध्यस्थबाट मिति २०६७।५।३ मा भएको निर्णयमा यी रिट निवेदकले ठेकेदारसँग भएको सम्झौताका सर्तहरू (conditions of contract) को clause no. 4, 11.1(a), 12, 51.2, 59 तथा 60(1) र 60(2) तथा Instructions to Bidders को बुँदा नं. ३७ समेतको विपरीत रहेको भन्ने निवेदन दाबी लिएको भए तापनि निवेदकले सो दाबी प्रमाणित गर्न सकेको देखिँदैन। मध्यस्थताको

निर्णयउपर परेको निवेदन दाबी पुष्टि गर्ने दायित्व निवेदकको हुने र मध्यस्थताको निर्णयउपर कानूनी प्रश्नमा मात्र पुरानवेदन लाग्ने भन्ने कानूनी व्यवस्था भएको अवस्थामा रिट निवेदकले मध्यस्थताबाट भएको निर्णय गैरकानूनी छ भनी प्रमाणित गर्न सकेको नदेखिने।

मातहत अदालत वा निकायबाट भएको निर्णय वा फैसला गैरकानूनी रहेको अवस्थामा मात्र उत्प्रेषणको आदेशद्वारा बदर गरिन्छ । उत्प्रेषणको आदेश जारी हुनको लागि तल्लो निकायबाट भएको निर्णय वा फैसला गैरकानूनी भएको हुनुपर्दछ । सो अवस्थामा सो निर्णय बदर गर्नको लागि अदालतबाट उत्प्रेषणको आदेश जारी गरिन्छ। एकल मध्यस्थबाट भएको निर्णयउपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा मध्यस्थबाट भएको उक्त निर्णयमा कुनै कानूनी त्रुटि नरहेको भनी मध्यस्थको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब नै रहेकोले अन्यथा मान्न नमिल्ने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट एकल मध्यस्थबाट मिति २०६७।५।३ मा भएको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।२।५ मा भएको फैसलामा कुनै कानूनी त्रुटि रहेको नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल चैत ५ गते रोज ३ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७३-WO-०१०१, उत्प्रेषण / परमादेश, *विजय स्वाँरसमेत वि. कृषि विकास बैंक, मुकाम रामशाहपथसमेत*

रिट निवेदक विजया स्वाँर मिति २०७३।२।२७ देखि विपक्षी कृषि बैंकको सेवाबाट अवकाश प्राप्त गरिसकेको देखिन्छ । नेपाल सरकार (मन्त्रिस्तरीय) को मिति २०७१।४।८ को निर्णयानुसार मिति २०७१।४।११ मा पत्राचार गर्दा सोको सर्त नं. १ मा विभिन्न दर्जा, पद तथा तहको सुरू तलबमानमा १० (दश) प्रतिशतले वृद्धि गरी सञ्चालक समितिबाट निर्णय गराई नयाँ तलबमान तोक्ने भन्ने अर्थ मन्त्रालयको प.सं.स.स.०७१।७२ च.नं.०५ मिति २०७१।४।११ को नयाँ तलबमान तथा ग्रेडबारेको पत्रमा उल्लिखित बेहोराबाट देखिएको छ। यी निवेदकले सो निर्णयलाई अन्यथा भन्न सकेको पनि नदेखिने।

सोही निर्णय र पत्राचारको आधारमा मिति २०७१।४।२८ मा कृषि विकास बैंक सञ्चालक समितिको निर्णयानुसार सबै तहका कर्मचारीलाई १० प्रतिशतका दरले तलब वृद्धि गर्ने भनी निर्णय भएको र उक्त निर्णयबाट यी निवेदकलाई विभेद गरेको भन्ने देखिँदैन । उक्त निर्णयबमोजिम मिति २०७१।४।१ देखि लागु हुने गरी तोकिएको तलब तथा ग्रेड रकमको विवरण हेर्दा क्र.सं. १ मा उपमहाप्रबन्धक वा सोसरहको सुरू तलब रू.३६७००।-, ग्रेड सीमा संख्या ७, ग्रेड दर रू.१२२५।-, जम्मा ग्रेड रकम रू.८५७५।– र अन्तिम तलब स्केल रू.४५२७५।– कायम गरिएको उक्त निर्णयको प्रतिलिपिबाट देखिने।

निवेदकले उक्त मिति २०७१।४।२८ को निर्णयलाई स्वीकार गरी पदमा बहाल रहुन्जेलसम्म सो निर्णयानुसारको सुविधाहरू उपभोग गरेको देखिन्छ । रिट निवेदकले आफू पदमा बहाल रहुन्जेलसम्म विपक्षी कृषि विकास बैंक सञ्चालक समितिको मिति २०७१।४।२८ को निर्णयबमोजिमको सेवा सुविधालाई स्वीकार गरी सेवाबाट अवकाश भइसकेपछि विपक्षी कृषि विकास बैंक सञ्चालक समितिको मिति २०७१।४।२८ को निर्णयलाई चुनौती दिई २ (दुई) वर्षपछि मिति २०७३।४।२७ मा आएर प्रस्तुत रिट निवेदन दायर गरेको हुँदा रिट जारी हुन सक्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत

रिट निवेदन खारेज हुने ।

अतः विवेचित आधार, कारण र प्रमाणबाट यी रिट निवेदकले कृषि विकास बैंक सञ्चालक समितिको मिति २०७१।४।२८ को निर्णयलाई स्वीकार गरी पदमा बहाल रहुन्जेलसम्म सो निर्णयानुसारको सुविधाहरू उपभोग गरिसकेको अवस्थामा अवकाशपश्चात् अनुचित विलम्ब गरी २ (दुई) वर्षपछि विपक्षी कृषि विकास बैंक सञ्चालक समितिको मिति २०७१।४।२८ को निर्णयलाई चुनौती दिई मिति २०७३।४।२७ मा आएर प्रस्तुत रिट निवेदन दायर गरेको हुँदा रिट जारी हुन सक्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल चैत्र ४ गते रोज २ शुभम् ।

इजलास नं. ८

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा, *०७२-CR-१७९३,* जबरजस्ती करणी, *नेपाल सरकार वि. परिवर्तित नाम पीडिखोला-३ समेत*

प्रतिवादीहरूले प्रहरीमा बयान गर्दा आफूहरूले पीडिताकै अनुरोधमा पीडिताको योनिमा आफ्नो लिङ्ग दलेको भन्ने बेहोरा लेखाएको अवस्था देखिन्छ । पीडिताको योनिमा कुनै क्षति नदेखिनुले पनि प्रतिवादीहरूले पीडिताले भनेझैं निजको योनिमा लिङ्ग छिराई पटक पटक करणी गरेको पुष्टि हुन आएन । प्रत्यक्षदर्शी भनिएका कमल जि.टी र देविलाल भुषालले पनि अदालतमा आई बकपत्र गर्दा जबरजस्ती करणी गरेको नदेखेको भन्ने बेहोरा लेखाएको देखिन्छ । जाहेरवालाले किटानी बकपत्र गरे पनि निज प्रत्यक्षदर्शी नभएकोले निजको भनाइलाई प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न सकिने अवस्था छैन । पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको शारीरिक मानसिक अवस्था ठीक भएको, योनिमा कुनै क्षति देखिएको छैन । तत्काल घटनास्थलमा पीडितालाई देख्ने कमल जि.टी. समेतको भनाइअनुसार पनि निजहरूले पीडितालाई के भयो भनी सोधपुछ गर्दा निज केही नबोलेकोले आफूहरूले निजको आमा जिम्मा लगाएको भने देखिन्छ । यसरी जाहेरवालीले पीडिताको योनि सुनिएको र योनिबाट रगत आएको भन्ने बेहोरा लेखाएको भए पनि पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट सो बेहोरा समर्थित हुन आएको नपाइने ।

प्रतिवादीहरूको उमेरको सम्बन्धमा विचार गर्दा, वादी नेपाल सरकारले प्रतिवादीहरूको उमेर १४ वर्ष पुगेको १६ वर्ष ननाघेको भन्ने आधारमा सजायको मागदाबी लिई अभियोग दाबी पेस भएको देखिन्छ । यो दाबी नेपाल सरकारले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराले परीक्षण गरिदिएको रिपोर्टमा प्रतिवादीहरूको उमेर १३ वर्षदेखि १४ वर्षसम्मको देखिएको भन्ने उल्लेख भएको आधारमा लिइएको देखियो । सम्बन्धित गाउँ विकास समिति कार्यालय, पीडिखोला स्याङ्जाको पत्रसाथ प्राप्त जन्मदर्ताको प्रतिलिपि र नरोदय उच्च माध्यमिक विद्यालय पीडिखोलाको पत्र र विद्यार्थी भर्ना दर्ता रजिस्ट्रर हेर्दा पीडिखोला ३ को जन्ममिति २०५६।१०।१७ र पीडिखोला ६ को जन्ममिति २०५५।६।१६ रहेको भन्ने उल्लेख भई आएकोले वारदात भनिएको मिति २०७०।५।१९ मा पीडिखोला ३ को उमेर १३ वर्ष ७ महिना २ दिन र पीडिखोला ६ को उमेर १४ वर्ष ११ महिना ३ दिन रहेको देखिन्छ । बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ हेर्दा उमेर निर्धारण गर्ने सम्बन्धमा पहिलो प्राथमिकता अस्पतालबाट जारी गरिएको जन्म प्रमाणपत्रले पाउने, दोस्रो प्राथमिकता जन्मदर्ता प्रमाणपत्रले र तेस्रो प्राथमिकता विद्यालयको चारित्रिक प्रमाणपत्रले पाउने व्यवस्था गरेको र अस्पतालले उमेर सम्बन्धमा जाँच गरिदिएको प्रतिवेदनले त्यसपछिको प्राथमिकता पाउने हुँदा उमेर निर्धारण गर्ने सम्बन्धमा

प्रस्तुत मुद्दामा जन्मदर्ताको प्रमाणपत्र र स्कुलमा भर्ना भएको भर्ना रजिस्ट्रमा उल्लिखित रेकर्डलाई नै प्राथमिकता दिनुपर्ने।

प्रतिवादीहरूको वारदात मितिमा पीडिखोला ६ को उमेर १४ वर्षमाथि १६ वर्षमुनिको र पीडिखोला ३ को उमेर १० वर्षमाथि १४ वर्षमुनिको रहेको देखिन्छ। प्रतिवादीहरू पनि उमेर नपुगेका नाबालिकहरू नै रहेको देखिन्छ । यौनजन्य क्रियाकलापको बारेमा पूर्णरूपमा जानकारी ज्ञान सो उमेरका नाबालकलाई हुन सक्ने देखिँदैन । पूर्ण यौन सन्तुष्टिको लागि सो उमेरका नाबालकको शारीरिक रूपमा परिपक्वता नहुने हुँदा जबरजस्ती करणी गर्ने मनसायसहित अपराधले पूर्णता पाएको भन्न सकिने अवस्था नरहने । यस अवस्थामा निज नाबालक प्रतिवादीहरूले जबरजस्ती करणीको उद्योगको कसुरसम्म गरेको मान्नु पर्ने।

जबरजस्ती करणीको महलको ३(२) नं. र ५ नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम पीडिखोला ६ को उमेर १४ वर्षमाथि १६ वर्षमुनिको देखिँदा निजको हकमा २ वर्ष कैद गर्न उपयुक्त देखिन्छ । अर्का प्रतिवादी पीडिखोला ३ को उमेर भने १० वर्षमाथि र १४ वर्षमुनिको नाबालक देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम २ महिना मात्र कैद गर्दा न्यायोचित हुने देखियो । यी प्रतिवादीहरू कलिलो उमेरका देखिन्छन्। निजहरूले प्रहरीमा गरेको साबिती बयानअनुसार पनि आफूहरूले पीडिताकै प्रस्तावमा करणी गर्ने उद्योग गरेको भन्ने देखिँदा कसुर गर्दाको परिस्थिति हेर्दा पनि निजहरूले जबरजस्ती करणी गर्ने आपराधिक मनसायले बल प्रयोग गरेको भन्ने नदेखिएको र निजहरूले योभन्दा पूर्व कुनै कसुर गरेको भन्ने नदेखिनुको साथै सामाजिक अध्ययन प्रतिवेदन हेर्दा निजहरूको परिवारबाट उचित रेखदेखको व्यवस्था मिलाएमा अन्य बिज्याइँ गर्ने अवस्था नरहेको भन्ने उल्लेख भएको देखिएको हुँदा बालकहरूको सर्वोत्तम हितलाई विचार गर्दा निजहरूलाई तत्काल कैदमा राख्न उपयुक्त नदेखिँदा निजहरूलाई ठहर भएको कैद तत्काल भोग्नु नपर्ने गरी हाल बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगन गर्न कानूनसङ्गत नै देखिने।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादी पीडिखोला ३ को उमेर १४ वर्षमुनिको देखिँदा निजको हकमा सुरू स्याङ्जा जिल्ला अदालतले २ वर्ष कैद सजाय हुने ठहऱ्याएको फैसला केही उल्टी गरी निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम २(दुई) महिना कैद सजाय र अर्का प्रतिवादी पीडिखोला ६ को हकमा निजको उमेर १४ वर्षमाथि १६ वर्षमुनिको देखिँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम २(दुई) वर्ष कैद सजाय हुने ठहऱ्याई कैद सजाय स्थगित गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।९।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल असार ८ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CR-०९४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवीप्रसाद जोशी*

मूलतः मृतक र प्रतिवादी मिति २०६९।१०।२३ मा धनगढीबाट मोरङमा सँगै फाराम भर्न गई फर्कने क्रममा मिति २०६९।१०।२५ मा नारायणघाटबाट कैलालीतर्फ सँगै बसमा आएका अवस्थामा लम्की भन्ने स्थानमा रहेको पूर्णप्रसाद जोशीले बनाउँदै गरेको घरमा बन्दै गरेको १० फिट लम्बाइ, १० फिट चौडाइ र १० फिट गहिराइ भएको सेफ्टी ट्याङ्कीमा गंगाराम जोशीको लास भेटिएको छ । प्रतिवादीले मृतकलाई मार्नुपर्ने कुनै रिसइवी देखिँदैन। काका भतिज नाता सम्बन्धको व्यक्ति भई अध्ययन गर्ने क्रममा सँगै बसेको देखिने। रात्री बसमा

यात्रा गरेको, आफूसँगै बसेको मृतक आए नआए तत्काल खोजी नगरेकै आधारले मात्र प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भनी मान्न मिल्ने नदेखिने । रात्री बसमा निन्द्रा लागी सुतेको भनी प्रतिवादीले बयान गरेको देखिन्छ । मृतक र प्रतिवादीको बिचमा बसमा र बसबाहिर कहीँकतै झैझगडा तथा वादविवाद परेको भन्ने चालक एवम् सहचालकसमेतको कागजबाट देखिन आउँदैन । मृतकको लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा भिषेरा प्रतिवेदन मौकामा तयार भएको कागज प्रमाणहरूसँग Corroborate हुन सकेको देखिँदैन । सँगै फर्म भर्न विराटनगर गएको र फर्किने क्रममा मृतकको सामानसमेत प्रतिवादीले ल्याएको भनी शङ्का गरी प्रतिवादीले नै मृतकको कर्तव्य गरी मारेको हो भन्ने देखिन्छ । फौजदारी न्याय प्रणालीमा शङ्काको सुविधा प्रतिवादीले पाउने न्यायिक सिद्धान्त रहेको पाइने ।

वस्तुतः प्रत्यक्ष तथा ठोस प्रमाणबाट मृतकको मृत्यु प्रतिवादीको कार्यबाट भएको तथ्य पुष्टि हुन आएको छैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादीउपरको अभियोग दाबी पुष्टि गर्ने प्रमाणको भार वादी नेपाल सरकारमा निहित रहेको पाइन्छ । सोबमोजिम अभियोग दाबीबमोजिमको ठोस एवम् निश्चयात्मक प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुन नसकेको अवस्थामा फौजदारी न्याय तथा न्यायिक सिद्धान्तको रोहमा शङ्काको भरमा प्रतिवादीलाई कसुरदार करार गर्न मिल्ने पनि देखिँदैन । जाहेरी दरखास्त तथा अनुसन्धान तहकिकातको क्रममा तयार भएको कागजहरू अन्य प्रत्यक्ष तथा ठोस प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा अभियोग मागदाबीबमोजिम प्रतिवादीलाई कसुरदार करार गरेको सुरू फैसला उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत दिपायलको फैसला अन्यथा भन्न नमिल्ने ।

अत: माथि विवेचित आधार र प्रमाणहरूबाट प्रतिवादी देवीप्रसाद जोशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ विपरीतको कसुरमा १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहर गरी अभियोग दाबीबाट प्रतिवादी देवीप्रसाद जोशीले सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत दिपायलको मिति २०७१।६।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकारी : रणबहादुर कटुवाल,
कालिबहादुर साम्यू लिम्बू
इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., ०७५-CR-००३९, ०२०१, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. शिव बस्नेतसमेत*

प्रतिवादीहरूबाट बरामद भएको लागु औषध पत्रिकामा पोका पारी, त्यसलाई पनि प्लाष्टिकले बेरी, रूमालमा पोका बनाई, प्लाष्टिककै धागोले बाँधेको अवस्थामा बरामद भएको छ । लागु औषधको परिमाण पनि ५० पोका रहेको र प्याकेजिङ शैली र परिमाणको प्रकृति र ओसारपसारको तौरतरिकासमेत हेर्दा सुरक्षित र अति सावधानीपूर्ण तरिका अपनाई, पोका बनाई ल्याएको देखिन्छ । यसबाट बिक्री वितरण तथा ओसारपसारको लागि तयारी गरिएको प्रस्ट हुन्छ । बरामदित ५० पोका लागु औषधको परिमाणलाई मध्यनजर गर्दा सेवनसम्मको लागि मात्र ल्याएको पुष्टि हुँदैन । ३८ ग्राम ९४० मिलिग्राम मात्राको लागु औषध सेवनसम्मका लागि मात्र ल्याएको भन्नु तर्कसङ्गत र न्यायसङ्गत हुन सक्दैन । प्रतिवादीहरूबाट बरामदित लागु औषधको परिमाणबाट खरिद, बिक्री वितरण गर्न तथा सञ्चय गर्न, राख्न र ओसारपसारका लागि ल्याएको भन्ने तथ्य प्रमाणबाट पुष्टि हुने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) मा "पच्चिस ग्रामदेखि एक सय ग्रामसम्मको कारोबार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म

कैद र पचहत्तर हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना" गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको छ । यी प्रतिवादीहरूबाट बरामदित लागु औषधको परिणाम हेर्दा प्रतिवादीहरूको हकमा सोही दफा आकर्षित हुने देखिन्छ । विदेश भारत गई लागु औषध हेरोइन खरिद गरी मोटरसाइकलमा नदेखिने तरिकाबाट ल्याएको र लागु औषधका परिमाणसमेतलाई दृष्टिगत गरी कसुरको मात्राअनुसार प्रतिवादीहरू शिव बस्नेत तथा निरोज बस्नेतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम जनही १० वर्ष कैद र रू.७५,०००।- जरिवाना गरेको उच्च अदालत सुर्खेतको फैसला कानूनसम्मत नै देखिन आयो । निज प्रतिवादीहरूलाई सेवनतर्फ थप सजाय गरिरहन उपयुक्त नभएको हुँदा सेवनतर्फ थप सजाय नगरेको उच्च अदालत सुर्खेतको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा आफूहरू सेवनकर्तासम्म भएकाले सेवनतर्फ मात्र सजाय गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिर विधिसम्मत मान्न नसकिने ।

त्यसैगरी प्रतिवादीमध्येका उदयबहादुर हमाललाई समेत अभियोग दाबीअनुसार नै सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारकै पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादी उदयबहादुर हमालको साथबाट लागु औषध बरामद भएको देखिँदैन । प्रतिवादी उदयबहादुर हमाल लागु औषध ओसारपसार तथा बिक्री वितरण गर्दै गरेको अवस्थामा पक्राउ परेको भन्ने पनि देखिएको छैन । प्रतिवादीहरू शिव बस्नेत तथा निरोज बस्नेतले प्रतिवादी उदयबहादुर हमालबाट लागु औषध खरिद गरेको भनी मौका तथा अदालतमा पोल गरी बयान गरेको देखिन्छ । उक्त सहअभियुक्तको पोल वस्तुनिष्ठ, प्रत्यक्ष र विश्वसनीय प्रमाणबाट पुष्टि भएको छैन । सहअभियुक्तको पोल "शङ्कारहित स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएको सहअभियुक्तको पोलको आधारमा आरोपित कसुर गरेको मान्न नसकिने" (*ने.का.प.*२०४९, भदौ, नि.नं.४५४५) भनी न्यायिक व्याख्या भएको पाइन्छ । प्रतिवादीहरू शिव बस्नेत र निरोज बस्नेतलाई लागु औषध बिक्री गरेको छैन भनी प्रतिवादी उदयबहादुर हमालले अदालतमा बयान गरेको देखियो । कसुर पुष्टि हुने यथेष्ट प्रमाणबिना सहअभियुक्तको पोलका आधारमा मात्रै फौजदारी कसुरमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुने ।

प्रतिवादी उदयबहादुर हमाललाई लागु औषध ब्राउन सुगर मुद्दा सुर्खेत जिल्ला अदालतमा मिति २०७२।१०।१९ मा दायर गरिएको छ । प्रस्तुत मुद्दामा दोस्रो पटक कायम गरिपाउँ भन्ने अभियोगतर्फ बेवास्ता गरिएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेत रहेको देखिन्छ । सो सम्बन्धमा विचार गर्दा प्रतिवादी उदयबहादुर हमालउपरको कसुर प्रमाणित नभई निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर भएको छ । निजउपरको कसुर नै ठहर नभएको अवस्थामा पटके कायम गरी थप सजाय हुन सक्ने अवस्था देखिएन । कसुर नै ठहर नभएको अवस्थामा सजाय गर्नु दण्डका स्थापित सिद्धान्तविपरीत हुन्छ । निज प्रतिवादी उदयबहादुर हमालको हकमा पटके कायम गरी सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर मनासिब मान्न नमिल्ने ।

अतः विवेचित आधार, कारण तथा कानूनी व्यवस्था र प्रतिपादित नजिर सिद्धान्तसमेतबाट यी पुनरावेदक प्रतिवादीहरू शिव बस्नेत र निरोज बस्नेतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम जनही १०(दश) वर्ष कैद र रू.७५,०००।- जरिवाना गरी अर्का प्रतिवादी उदयबहादुर हमाललाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको उच्च अदालत सुर्खेतको मिति २०७४।१२।१५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः भरतकुमार दहाल

इति संवत् २०७६ साल मङ्सिर १५ गते रोज १ शुभम् ।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७०-CR-०६२६, सवारी ज्यान, *झनेन्द्रबहादुर महत वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा उपस्थित भई बयान गर्दा अनुसन्धान अधिकारीसममक्षको बयान बेहोरालाई स्वीकार गरेको पाइन्छ। प्रतिवादीको साबिती बयानबाट निजले मादक पदार्थ सेवन गरी तीव्र गतिमा गाडी हाँकेको पुष्टि हुन आएको छ। मादकपदार्थ रक्सी सेवन गरी तीव्र गतिमा गाडी हाँकेकै कारण दुर्घटना हुन गई मृतक डम्बरबहादुर अधिकारीको मृत्यु भएको देखिन आउने।

मादक पदार्थ सेवन गरी गाडी तीव्र गतिमा हाँक्नु सो कार्यबाट हुन सक्ने परिणामलाई बेवास्ता गर्नु हो। सडकको छेउमा राँगालाई लगिरहेको व्यक्तिलाई ठक्कर दिएको भन्ने देखिन आएको छ। प्रतिवादीले मादक पदार्थ सेवन गरी तीव्र गतिमा गाडी चलाउँदाको परिणाम जान्दाजान्दै सो परिणामलाई बेवास्ता गरेकै कारण सडक छेउमा हिँडिरहेको व्यक्तिलाई ठक्कर दिई मृतकको मृत्यु भएको तथ्य पुष्टि हुन आएकाले प्रतिवादीको यस्तो कार्य लापरवाहीपूर्ण रहेको देखिने।

अतः उपर्युक्त विवेचित आधार, कारणबाट प्रतिवादी झनेन्द्रबहादुर महतले मादक पदार्थ सेवन गरी तीव्र गतिमा गाडी हाँकेकै कारण मृतक डम्बरबहादुर अधिकारीको मृत्यु भएको तथ्य पुष्टि भएको हुँदा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को १६१(२) बमोजिम २ (दुई वर्ष कैद सजाय) हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०५८।७।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्प्रू लिम्बू
इति संवत् २०७५ साल माघ ३ गते रोज ५ शुभम्।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७१-WO-०२३२, उत्प्रेषण / परमादेश, अवधविहारी प्रसाद साह तेली वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

रिट निवेदक अवधविहारी प्रसाद साह अध्यक्ष रहेको उपभोक्ता समितिले नाला निर्माण कार्य सञ्चालन गरेको समयमा प्रचलनमा रहेको स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको कानूनी व्यवस्थाहरू हेर्नुपर्ने हुन्छ। सो ऐनको दफा २३४ ले नेपाल सरकारले निर्देशन दिन सक्ने सम्बन्धमा व्यवस्था गरी उपदफा (१) मा "नेपाल सरकारले स्थानीय निकायलाई प्रचलित कानूनद्वारा तोकिएको कार्यहरू सम्पादन गरे नगरेको, पिछडिएका जनजाति, महिला तथा बालबालिकाहरूको हितलाई आवश्यक प्राथमिकता दिए नदिएको, पर्यावरण सन्तुलन जस्ता विषयले प्रश्रय पाए नपाएको जस्ता विषयहरूमा नियमित अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने छ" भन्ने उल्लेख भएको पाइन्छ। त्यसैगरी उपदफा (२) ले "उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशन पालन गर्नु सम्बन्धित स्थानीय निकायको कर्तव्य हुने छ" भनी कानूनी व्यवस्था गरेको छ। उपर्युक्त कानूनी व्यवस्थाबमोजिम नेपाल सरकारले स्थानीय निकायलाई कुनै काम कारबाही सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने र सो निर्देशन पालन गर्नु स्थानीय निकायको कर्तव्य हुने भन्ने कानूनी व्यवस्था रहेको पाइने।

प्रस्तुत रिट निवेदनमा निवेदक अवधविहारी प्रसाद साहको अध्यक्षतामा गठित उपभोक्ता समितिमार्फत नाला निर्माण भएको देखियो। सो नाला निर्माणको क्रममा लागेको रकमको बिल भर्पाइसमेत संलग्न गरी निवेदकले गौर नगरपालिकामा कागजातहरू पेस गरेको रहेको छ। तर सो नाला निर्माणमा वास्तविक लागतको बारेमा रकम निकासा दिने सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पुनः जाँचबुझ गरी मूल्याङ्कन गर्ने अख्तियारअनुसार नै पुनः मूल्याङ्कन भएको देखियो। यसरी निवेदकले पेस गरेको खर्च लागेको रकम अस्वाभाविक रूपमा रहेको मूल्याङ्कन

समितिको प्रतिवेदनको आधारमा वास्तविक लागत रकम मूल्याङ्कन गर्ने गरेको कार्यमा कुनै कानूनी त्रुटि नदेखिने।

तसर्थ विवेचित आधार र कारणबाट यी रिट निवेदक अवधविहारी प्रसाद साह अध्यक्ष रहेको उपभोक्ता समितिले गौर नगरपालिकाको कार्यादेशअनुसार गरेको कार्यको सम्बन्धमा अख्तियारवाला निकाय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पुनः जाँचबुझ गरी वास्तविक लागत रकम मूल्याङ्कन गरेको सम्बन्धमा कुनै कानूनी त्रुटि नदेखिँदा रिट निवेदन माग दाबीअनुसारको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: देविमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल पुस २७ गते रोज १ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७५-CR-०१४७, जबरजस्ती करणी, *नेपाल सरकार वि. कुलबहादुर मल्ल ठकुरी*

प्रथमत: घटना वारदातको मिति २०७२।४।२० गते बिहान भएको भन्ने रहेकोमा घटना घटेको मितिले सात दिनपछि २०७२।४।२७ मा मात्रै जाहेरी दरखास्त परेको देखिन्छ। यसरी ढिलो गरी जाहेरी पर्नुको कुनै युक्तियुक्त कारण मिसिल संलग्न कागजातबाट खुल्न आएको छैन। प्रतिवादीले घटना घटेको भनेको समयमा जाहेरवालीको घरमा गएको र निजकी छोरी धादिङ २४(१२) सँग कुरा गरेको भन्ने कुरा स्वीकार गरेको देखिए पनि जबरजस्ती करणीको कसुर गरेकोमा इन्कार रहेको पाइन्छ। पीडित भनिएकी यी धादिङ २४(१२) ले आफ्नो स्वास्थ परीक्षण गर्न नदिएको कारण निजको स्वास्थ्य परीक्षण हुन नसकेको भन्ने निजको स्वास्थ परीक्षण गर्ने चिकित्सकले अदालतमा आई गरेको बकपत्रबाट खुल्न आएको छ। पीडितको शरीरमा चोटपटक लागेको वा सामान्य प्रतिकारको चिह्न रहेको भन्नेसम्म पनि मिसिलबाट देखिँदैन। पीडितको स्वास्थ्य परीक्षण भई करणी भएको खुल्न नआएको स्थितिमा अनुमानको आधारमा मात्रै निज पीडितउपर करणी भएको भनी निष्कर्षमा पुग्न सकिने अवस्था नरहने।

प्रतिवादी सत्तरी वर्षको वृद्धा भन्ने देखिन्छ। सामान्यत: सत्तरी वर्षको वृद्धावस्थाका व्यक्तिले करणीको उद्देश्यले पीडित एकान्तमा रहेको मौका मिल्नासाथ करणीको प्रयास गरे होलान् भन्ने कुरामा शङ्काको गुञ्जायस रहन्छ। वारदात भएको भनिएको समय बिहानको अं. ८:०० बजेको समय रहेको र वारदातस्थल जाहेरवालाको घर भन्ने देखिएको हुँदा पीडितलाई प्रतिवादीले करणी गर्न उपयुक्त एकान्त स्थान तथा पर्याप्त समय र अवसर पाएको भन्ने स्थिति नदेखिने।

पीडित धादिङ २४(११) बोल्न नसक्ने सुस्त मनस्थितिको व्यक्ति भएको भन्ने देखिन्छ। त्यस्तो व्यक्तिबाट गरिएको भनिएको कुनै कागज वा बकपत्रको प्रामाणिक महत्त्व ग्रहण गर्दा अदालतले ध्यान पुऱ्याउनु अत्यन्तै आवश्यक हुन्छ। त्यस्तो व्यक्तिले गरेको इसारा वा साङ्केतिक भाषाको भावार्थ बुझेर शब्दमा उतार गर्ने कार्य चुनौतीपूर्ण हुने हुँदा त्यस्तो व्यक्तिको भाषा बुझ्ने विशेषज्ञको आवश्यकता रहन्छ। प्रस्तुत मुद्दामा साङ्केतिक भाषा बुझ्ने मानिसबाट सवाल जवाफ गराई निजको भनाइ लेखिएको भन्ने देखिन आएको छैन। पीडितको कागज तथा बकपत्र गराउँदा निजको आमालाई रोहवरमा सम्म राखेको देखिन्छ। पीडितको आमा स्वयम् जाहेरवाला रहेकाले निजको उद्देश्य प्रारम्भिक रूपमा नै प्रतिवादीलाई सजाय गराउनेतर्फ केन्द्रित हुने भएकाले जाहेरवालाको सहयोग वा रोहवर भएकै आधारमा पीडितले साङ्केतिक रूपमा व्यक्त गरेको कुरा शङ्कारहित तवरले प्रमाणमा लिन मिल्ने देखिँदैन। पीडितकी बहिनीले गरेको मौकाको कागज र अदालतमा गरेको बकपत्र तथा जाहेरवालीको बकपत्रसमेत मिसिल संलग्न वस्तुगत प्रमाणहरूबाट समर्थित भइरहेको नदेखिँदा प्रमाणमा लिन र सोही

आधारमा मात्र प्रतिवादीले आरोपित कसुर गरेको मान्न मिल्ने नदेखिने।

वस्तुत: पीडित स्वयम्को असहयोगका कारणबाट करणी भएको हो होइन भन्ने परीक्षण हुन नसकी निजको स्वास्थ्य परीक्षणबाट निजउपर करणी भएको थियो भन्ने तथ्य स्थापित हुन सकेको छैन । बोल्न नसक्ने पीडिताको बयान, पीडितकी बहिनीले गरेको मौकाको कागज तथा बकपत्रमा उल्लेख गरेको भनाइ मिसिल संलग्न वस्तुगत तथा अन्य प्रमाणहरूबाट समर्थित हुन सकेको पाइँदैन। प्रतिवादी अनुसन्धानको क्रममा र अदालतमा समेत कसुर गरेकोमा इन्कार रहेकोमा पुनरावेदक वादी पक्षबाट निज प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गरेको मान्न सकिने अन्य विश्वसनीय तथा भरपर्दो प्रमाण पेस हुन सकेको नपाइने।

कसैलाई पनि ठोस आधार प्रमाणबिना कसुरदार ठहर गर्न नमिल्ने फौजदारी न्यायको स्थापित मान्यता रहेको छ । सर्वोच्च अदालतबाट ने.का.प.२०५९, अङ्क ११, नि.नं. ५१५७ मा "वादी पक्षले शङ्कारहित तवरले आफ्नो दाबी प्रमाणित गर्न नसकेको अवस्थामा सिर्फ शङ्काको आधारमा मात्र जबरजस्ती करणीजस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसुरदार ठहऱ्याउनु फौजदारी न्यायशास्त्रको विपरीत हुने" भन्ने न्यायिक सिद्धान्त प्रकाशित भएको पाइन्छ। तसर्थ, पीडितउपर जबरजस्ती करणी भएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट स्पष्ट रूपमा खुल्न नआएको र प्रतिवादीले आरोपित कसुर गरेको भनी वादी पक्षले शङ्कारहित तवरले अभियोग दाबी प्रमाणित हुने प्रमाण पेस गरी आरोपित कसुर पुष्टि गर्न सकेको नपाइएकाले प्रतिवादीलाई केवल शङ्काको आधारमा कसुरदार मान्न नमिल्ने हुँदा निज प्रतिवादी कुलबहादुर मल्ल ठकुरीलाई आरोपित कसुरबाट सफाइ दिने गरी उच्च अदालत पाटनबाट भएको फैसला अन्यथा नदेखिने।

अतः विवेचित आधार, कारण तथा न्यायिक सिद्धान्तसमेतबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. र ३क नं. बमोजिम १० वर्ष कैद र पीडितले प्रतिवादीबाट रू.६५,०००।- क्षतिपूर्ति भराई पाउने गरी धादिङ जिल्ला अदालतबाट भएको सुरू फैसला उल्टी गरी प्रतिवादी कुलबहादुर मल्ल ठकुरीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दीपेन्द्र थापा मगर

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम्।

७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री डम्बरबहादुर शाही, ०७५-WH-०२१७, बन्दीप्रत्यक्षीकरण, *सूर्यबहादुर तामाङ वि. धादिङ जिल्ला अदालत, तहसिल शाखासमेत*

निवेदक प्रतिवादी सूर्यबहादुर तामाङलाई लागेको कैद वर्ष ६।०।० र जरिवाना रू.१,१०,६२५।- समेतको बापतमा निजलाई मिति २०७५।०१।१३ देखि लागु हुने गरी जरिवाना तिरे मिति २०८१।०१।१२ मा र जरिवाना नतिरे सोबापतमा दण्ड सजायको ३८, ४० र ५३ नं. बमोजिम थप कैद वर्ष ४।०।० हुने भएकोले मिति २०८१।१।१३ देखि मिति २०८५।१।१२ सम्म कैद गर्नु भनी कैद ठेकी पठाइएको धादिङ जिल्ला अदालतको च.नं. ८४४० मिति २०७५।१।१४ को पत्रबाट देखिँदा परिवर्तित कानूनको सन्दर्भमा जरिवाना रू.१,१०,६२५।- बापतमा निजलाई मिति २०८१।१।१३ देखि मिति २०८५।१।१२ सम्म थप कैद वर्ष ४।०।० कैद ठेकेको मिलेको देखिन आएन। अब उपर्युक्तानुसारको कानूनी व्यवस्थाअनुसार निवेदक प्रतिवादी सूर्यबहादुर तामाङलाई भएको डाँका मुद्दाको फैसलाअनुसारको जरिवाना रू.१,१०,६२५।- बापतमा कैद गर्नु पर्दा दिनको रू.३००।- का दरले कैद कट्टा हुन मनासिब देखिन आउने।

निवेदक प्रतिवादी सूर्यबहादुर तामाङलाई लागेको कैद वर्ष ६।०।० बापतमा निजलाई मिति २०७५।०१।१३ देखि लागु हुने गरी जरिवाना तिरे मिति २०८१।०१।१२ मा र जरिवाना रू.१,१०,६२५।- नतिरे सोबापत समेत कैद गर्नुपर्दा प्रतिदिनको रू.३००।– को दरले कैद वर्ष १।०।९ (एक वर्ष नौ दिन) गर्नु पर्ने देखिएकोले मिति २०८१।०१।१३ देखि मिति २०८२।१।२१ गतेसम्म कैदमा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए उक्त मुद्दाबाट मात्र मिति २०८२।१।२२ गते कैदबाट मुक्त गर्नुपर्ने देखिन्छ। सोबाहेक कैद वर्ष ६।०।० को हकमा कैद ठेकी पठाइएको धादिङ जिल्ला अदालतको च.नं.८४४० मिति २०७५।१।१४ को पत्र मिलेकै देखिन आउने।

तसर्थः उल्लिखित आधार तथा कारणसमेतबाट निवेदक प्रतिवादी सूर्यबहादुर तामाङलाई लागेको जरिवाना रू.१,१०,६२५।– निजले नतिरे सोबापतमा मिति २०८१।१।१३ देखि मिति २०८५।१।१२ सम्म थप वर्ष ४।०।० कैद गर्नु भनी कैद ठेकी पठाइएको धादिङ जिल्ला अदालतको च.नं. ८४४० मिति २०७५।१।१४ को पत्र सो हदसम्म मिलेको नदेखिएकोले सोलाई सच्याई दिएको छ। अब, प्रतिवादी सूर्यबहादुर तामाङलाई लागेको कैद वर्ष ६।०।० बापतमा निजलाई मिति २०७५।०१।१३ देखि लागु हुने गरी जरिवाना तिरे मिति २०८१।०१।१२ मा र जरिवाना रू.१,१०,६२५।– नतिरे सोबापतसमेत कैद गर्नुपर्दा प्रतिदिनको रू.३००।– को दरले कैद वर्ष १।०।९ (एक वर्ष नौ दिन) गर्नु पर्ने देखिएकोले मिति २०८१।०१।१३ देखि मिति २०८२।०१।२१ गतेसम्म कैदमा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए उक्त मुद्दाबाट मात्र मिति २०८२।१।२२ गते कैदबाट मुक्त गर्नु भनी अदालतमा रहेको निजको लगतसमेत सच्याई पुनः कैद म्याद ठेकी कारागार कार्यालय, धादिङ र निवेदक प्रतिवादी सूर्यबहादुर तामाङलाई पठाउनु भनी सुरू धादिङ जिल्ला अदालतमा लेखी पठाइदिनू। साथै मिति २०६४।३।६ मा सुरू मुद्दा दायर हुँदासमेत निज प्रतिवादी सूर्यबहादुर तामाङ फरार नै रहेको देखिँदा निवेदन मागबमोजिम निजलाई भएको कैदको हकमा कैद हद गर्न मिलेन, कानूनबमोजिम गर्नु भनी धादिङ जिल्ला अदालतबाट मिति २०७५।५।२९ मा भएको आदेशलाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७६।१।५ को आदेश सो हदसम्म कानूनसम्मत नै देखिन्छ । अतः निवेदक अदालतलको फैसलाबमोजिमको कैद जरिवानाबापतमा थुनामा रहेको भन्ने देखिँदा हाल निजको थुना गैरकानूनी देखिन नआएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था विद्यमान देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७६ साल कात्तिक २८ गते रोज ५ शुभम्।

८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री डम्बरबहादुर शाही, ०७६-WH-०१२३, बन्दीप्रत्यक्षीकरण, *सीता भन्ने विमाया गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक प्रतिवादी सीता भन्ने विमाया गुरूङलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. को १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय भएको हुँदा निजले सोबमोजिमको कैद भुक्तान गरिरहनु भएको देखिन्छ । कैदीबन्दीलाई सुधार गरी असल नागरिकका रूपमा समाजमा स्थापित गर्नुपर्दछ भन्ने मान्यता दण्डको आधुनिक सुधारात्मक सिद्धान्तको रहेको पाइन्छ । यो मान्यतालाई हाम्रो देशको फौजदारी न्याय प्रणालीमा समेत आत्मसात् गरी केही ऐन कानूनहरूमा समेत कैदीबन्दीको सुधारका सम्बन्धमा केही व्यवस्थाहरू गरिएकोसम्म देखिन्छ । यसैअनुरूप कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (१) र (२) बमोजिमको व्यवस्था कैद सजाय छोट्याउन सकिनेसम्मको कानूनी व्यवस्था

हो। सबै मुद्दाका कैदीबन्दीहरूको कैद सजाय छोट्याउनु नै पर्ने गरी बाध्यकारी व्यवस्था गरेको भनी मान्न मिल्ने देखिन आउँदैन। कैद कट्टी वा छुटको सुविधालाई कुनै कैदीले अधिकारको रूपमा दाबी गर्न सक्ने कानूनी व्यवस्था विद्यमान रहेकोसमेत देखिन नआउने।

हाल प्रचलनमा रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा जन्मकैदको सजाय पाएको कसुरदारले कैदमा रहँदा चाल चलनमा सुधार ल्याएको अवस्थामा निजले कैदकट्टी वा छुटको सुविधा पाउन सक्ने कानूनी व्यवस्था रहेको देखिन आउँदैन। सो दफा ३७ को देहायको खण्ड (क) मा "जन्मकैदको सजाय पाएको" कैदकट्टी गर्न नमिल्ने भनी नकारात्मक सूचीमा राखिएको देखिन्छ। कारागार नियमावली, २०२० र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा रहेको कानूनी व्यवस्थाअनुसार कैद कट्टी वा माफी मिनाहासम्बन्धी कागजात कारागार कार्यालयका जेलर र प्रमुख जिल्ला अधिकारीको सिफारिससहित कारागार व्यवस्था विभागमा पठाउने र सो सिफारिस प्राप्त भएपश्चात् सक्कल कागजातहरूको अध्ययन गरी कारागार व्यवस्था विभागले गृह मन्त्रालयमा कैद कट्टी वा माफी मिनाहाको निर्णयको लागि सिफारिस गर्ने व्यवस्था रहेको देखिने।

निवेदक प्रतिवादी सीता भन्ने विमाया गुरूङले सर्वस्वसहित जन्मकैदको सजाय पाएको देखिएको र यसरी गम्भीर प्रकृतिको फौजदारी कसुर गरी सजाय भुक्तान गरिरहेका कैदीबन्दीलाई निजकै माग दाबीबमोजिम असल आचरणका आधारमा आधा सजाय भुक्तान भएपश्चात् नै थुनामुक्त गर्ने हो भने समाजमा दण्डहीनताले प्रश्रय पाउने र पीडितले भय एवम् त्रासमा बाँच्नु पर्ने अवस्थाको सिर्जना हुन जान्छ। निज निवेदकलाई कैदकट्टी वा माफी मिनाहा दिने गरी सम्बन्धित कारागार कार्यालयका जेलर र प्रमुख जिल्ला अधिकारीले गरेको सिफारिससहितको सक्कल फाइल कारागार व्यवस्था विभागमा प्राप्त भएको भन्नेसमेत देखिन नआउने।

कारागार नियमावली, २०२० को नियम २९(१) मा रहेको सजाय छोट्याउन "सकिने छ" भन्ने कानूनी व्यवस्था यी निवेदकले स्वतः अधिकारको रूपमा प्राप्त गर्ने हो भन्ने पनि देखिन आउँदैन। सो नियमावलीमा उल्लिखित "सकिने छ" भन्ने प्रयुक्त शब्द स्वविवेकीय रूपमा रहेको छ। सो सुविधा प्रदान गर्न आवश्यक सर्तहरू पूरा गरेको भन्ने सिफारिस गर्ने पदाधिकारीले वस्तुगत ढङ्गबाट पुष्टि भएको आधार देखाउनु पर्ने हुन्छ। सिफारिस गर्ने पदाधिकारीले प्रयोग गर्ने सर्तसहितको स्वविवेकीय अधिकार स्वतः कसैलाई प्रदान हुन्छ भनी मान्न नमिल्ने।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ ले गरेको कानूनी व्यवस्थामा प्रयुक्त शब्द "सक्ने छ" भन्ने उल्लेख छ। उक्त "सक्ने छ" भन्ने शब्दले समेत स्वतः अधिकार सिर्जना गर्न सक्तैन। सो दफा ३७ ले पनि कसुरदारको चाल चलनमा सुधार आएको देखिनु पर्नेसहितको सर्तहरू तोकेको छ। कारागारले तोकिएबमोजिमको कैद सजाय कट्टा गर्न नसक्ने भनी सो दफा ३७ को देहायको खण्ड (क) मा उल्लिखित नकारात्मक सूची स्वतः अमान्य हुन नसक्ने।

तसर्थः उल्लिखित आधार कारणहरूसमेतबाट निवेदकलाई विपक्षीहरूले गैरकानूनी रूपमा थुनामा राखेको नभई निवेदक अदालतको कैदी पुर्जीअनुसार नै थुनामा रहनु भएको देखिन आएकोले निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७६ साल कात्तिक २८ गते रोज ५ शुभम्।

९

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CI-०५७२,* मोही नामसारी, *जसोधिया देवी वि. दासनारायण चौधरी*

मोही चुल्हाई खाँको मिति २०५६।१०।१४ मा मृत्यु भएको भन्ने तथ्य मिसिल संलग्न निजको मृत्युदर्ता प्रमाण-पत्रबाट देखिन्छ । निज चुल्हाई खाँका नजिककी हकदार एक मात्र पत्नी सठीदेवी चौधरीको पनि २०५२।१।१७ मा नै मृत्यु भएको भन्ने देखिन्छ । निज चुल्हाई खाँ तथा सठीदेवीका चार छोराहरू: जोगनारायण चौधरी, रामनारायण चौधरी, चेतनारायण चौधरी र दासनारायण चौधरी रहेकोमा चेतनारायण चौधरीको पनि २०५८।१०।५ मा मृत्यु भइसकेको र उक्त जग्गा चुल्हाई खाँको मृत्युपछि वादी दासनारायण चौधरीले नै जोतकोड गर्दै आएको भन्ने बेहोरा स्थानीय निकाय तथा गा.वि.स. को कार्यालय, बेला, सर्लाहीबाट मिति २०६८।१२।२७ मा मोही नामसारी सम्बन्धमा गरिदिएको सिफारिसबाट समेत देखियो। निज चुल्हाई खाँ उक्त जग्गाको मोही स्थापित भइसकेको अवस्थामा एकपटक मोही कायम भइसकेको व्यक्तिलाई कानूनबमोजिम निष्काशन नभएसम्म निज मोहीको मोहियानी हक कानूनबमोजिम सुरक्षित नै रहने हुन्छ। जग्गाको सर्भे नापीको समयदेखि नै जग्गा जोत्दै आएको र फिल्डबुकमा मोही जनिई मोहियानी हकको प्रमाण-पत्रसमेत प्राप्त गरिसकेको अवस्थामा मोहीको उक्त हक स्वतः समाप्त नहुने। २०५३ सालमा संशोधन भएको भूमिसम्बन्धी ऐनले मोहीलाई आधा जग्गाको स्वामित्व प्रदान गरेको छ। निजको मृत्युपछि निजको हकवालाले नामसारी गराई लिन पाउने हुन्छ । यस सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (१) ले "मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजका एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजु, भाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने छ" भनी व्यवस्था गरेको छ। यस सन्दर्भमा मोही चुल्हाई खाँको मृत्युपछि उक्त जग्गामा निजका छोरा वादी दासनारायण चौधरीले नै जोतकोड गरी आएको हुँदा निजको नाममा मोही नामसारी गरी पाउन लिएको दाबीलाई अन्यथा भन्न मिल्ने पनि नदेखिने।

प्रस्तुत मुद्दामा दाबी जग्गाको तत्कालीन जग्गाधनी वैद्यनाथप्रसाद गुप्ता रौनियारको समयमा नै जग्गाधनी र मोहीबिच मिलापत्र भई मोही लगत कट्टा भइसकेको भन्ने जिकिर लिइरहँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ र भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम २४छ को कानूनी प्रक्रिया तथा कार्यविधि अपनाई उक्त मोही लगतकट्टा गरिएको भन्ने कहीँकतैबाट प्रमाणित हुन सकेको देखिएन। तसर्थ, ऐन तथा नियमले तोकेको प्रक्रिया पुऱ्याई कानूनसङ्गत रूपमा मोही लगत कट्टा नै नभएको अवस्थामा मोहीको हकलाई असर पर्ने गरी भएको पत्राचार रेकर्डको आधारमा मात्र कानूनबमोजिम सिर्जित मोहियानी हक समाप्त हुन नसक्ने।

दाबी जग्गाको तत्कालीन जग्गाधनी वैद्यनाथप्रसाद गुप्ता रौनियारको समयमा नै जग्गाधनी र मोहीबिच मिलापत्र भई मोही लगत कट्टा भइसकेको भन्ने प्रतिउत्तर तथा पुनरावेदन जिकिर रहेको देखिन्छ तर के कुन मितिमा कहाँबाट मिलापत्र भएको हो ? उक्त मिलापत्रको लिखत पेस गरेको पनि देखिँदैन । साथै, विपक्षी दासनारायण चौधरीले मिति २०६८।१२।२८ मा भूमिसुधार कार्यालय, सर्लाहीमा मोही नामसारीको लागि दिइएको निवेदनउपर सुनुवाइको क्रममा मालपोत कार्यालय, सर्लाहीबाट प्राप्त मिसिल संलग्न च.नं.२२१३, मिति २०६९।०७।२१ को पत्रमा "वडा नं. ८(क) कि. नं. ६९ को जग्गा जसोधिया देवी महतोको नाउँमा आउनुपूर्वको वैद्यनाथप्रसाद गुप्ता रौनियारको नाउँको मोठ स्रेस्तामा भूमिसुधार कार्यालयको वडा नं. ८(क) कि.नं.६९ का मोही चुल्हाई खाँ बेलाको नाम कट्टा गरिएको भन्ने लेखिएको च.नं. र मिति उल्लेख नभएको कैफियतबाट देखिएको बेहोरा अनुरोध छ" भनी लेखी आएको देखिन्छ। पत्रसाथै प्राप्त हुन आएको वैद्यनाथप्रसाद गुप्ता रौनियारको नाउँको जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिमा पनि सोही बेहोरा कैफियतमा जनिई मिति २०६९।१२।२१ मा प्रमाणित

भएको देखिन्छ । यसमा कुन मितिको कुन निर्णयबाट उक्त मोहीको लगत कट्टा भएको हो निर्णय मिसिल पठाउने सम्बन्धमा पुनरावेदन अदालतबाट पटकपटक भूमिसुधार कार्यालय, सर्लाहीमा पत्राचार भएकोमा वडा नं.८(क) कि.नं.६९ को जग्गाको मोही रेबी खाँ चौधरीको नाम भूमिसुधार कार्यालयको च.नं.८६ ले मिति उल्लेख नभएको र कैफियत प्रमाणित मिति २०५९।१२।२५ ले मोहीको नाम मोही महलबाट कट्टा भएको भन्ने प्रस्तुत मुद्दासँग असान्दर्भिक बेहोरा उल्लेख गरी मिति २०७१।१२।२६ को च.नं.४१०२ को पत्र प्राप्त भएको देखिन्छ । पुनः मिति २०७२।२।५ को च.नं. १५४३ को पत्रमा उक्त मोही लगत कट्टा भएको निर्णय मिसिल फेला नपरेको भन्ने बेहोरासहितको जवाफ प्राप्त हुन आएको देखिन्छ । यसमा कानूनबमोजिम मोही लगत राख्ने जिम्मेवार निकाय भूमिसुधार कार्यालयबाट स्वयम् आफ्नो कार्यालयबाट भएको भनिएको मोही लगत कट्टाको विषयमा कहिले र कुन मितिमा र कुन बेहोराबाट उक्त निर्णय भएको हो यकिन जानकारी प्राप्त हुन आएको पनि देखिएन । फेरि, मिलापत्रबाट मोहीको लगत कट्टा भएको भए भूमिसुधार कार्यालयले भूमिसम्बन्धी नियमहरू, २०२१ को अनुसूची-१६(क) बमोजिमको लगत राखी मोहीको दर्ता किताब अनुसूची-१६ वा सोसम्बन्धी अन्य प्रमाणमा निर्णयको छोटकरी बेहोरा जनाई विधिवत् रूपमा मोहीको लगत कट्टा गरी मोहीसँग भएको मोहियानी हकको प्रमाण-पत्रसमेत झिकाई बदर गर्नुपर्नेमा मोहीसँग रहेको मोहियानी हकको प्रमाण-पत्रमा यो यस मितिको निर्णयले प्रमाण-पत्र बदर भएको भनी बेहोरा खुलेको पाइँदैन । तसर्थ, तोकेको प्रक्रिया पुऱ्याई कानूनसङ्गत रूपमा मोही लगत कट्टा भएको अभिलेख नै नभएको, कुन मितिको निर्णयबाट मोहीको नाम कट्टा भएको भन्नेसम्म पनि नखुलेको अवस्थामा त्यस्तो कैफियतपूर्ण स्रेस्तामा जनिएको बेहोराले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

वस्तुतः लगत कट्टा निर्णय नै रीतपूर्वक र प्रक्रियागत रूपमा भएको नहुँदा सो आधारमा मोही लगत कट्टा भएको मान्न मिलेन । यसै सन्दर्भमा, ने.का.प.२०७०, अङ्क ७, नि.नं. ९०३५ मा प्रकाशित मोही नामसारी मुद्दामा "कुनै पनि व्यक्तिका नाममा कायम भएको मोहीको हक समाप्त हुनका लागि भूमिसम्बन्धी ऐन, २०२१ र भूमिसम्बन्धी नियमहरू, २०२१ ले निर्धारित गरेको कानूनी प्रक्रियाहरू पूरा गरेकै हुनुपर्छ । जग्गाधनी प्रमाणपुर्जामा मोही उल्लेख भएको छैन वा मोहीले बाली बुझाएको प्रमाण पेस गरेको छैन वा जग्गा जोतेको छैन भन्ने जस्ता तर्कको आधारले मोही नामसारी मुद्दामा कुनै महत्त्व नराख्ने । मोहीले जग्गा सालैसाल नकमाएको वा जग्गाको उब्जनी घट्ने गरी जग्गा बिगारेको वा कुत नबुझाई मोहीको हैसियतले पालना गर्नुपर्ने कुनै पनि दायित्व मोहीले पूरा नगरेको भन्नेजस्ता जिकिर जग्गाधनीले लिई कानूनबमोजिमको साधिकार निकायबाट मोहीको लगत कट्टा नगराएसम्म मोहीको हकमा कुनै असर नपर्ने" भन्ने न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको सन्दर्भमा प्रस्तुत मुद्दालाई हेर्दा कानूनतः मोही कायम भइरहेका वादीका पिता मोही चुल्हाई खाँको मोही लगत कट्टा भूमिसम्बन्धी ऐन, २०२१ र भूमिसम्बन्धी नियमहरू, २०२१ ले निर्धारित गरेको कानूनी प्रक्रियाहरू पूरा गरी भएको भन्ने तथ्य विवादरहित र वस्तुनिष्ट प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निज चुल्हाई खाँको मोही हक कायम नै रहने भई निज मोहीको मृत्युपछि निजका छोरा वादी दासनारायण चौधरीले उक्त कि. नं. ६९ को जग्गामा रहेको मोही हक नामसारी गराई पाउने देखिने ।

अतः विवेचित आधार, कारणबाट वादीका पिता मोही चुल्हाई खाँ बेलाको नाम कट्टा भइसकेको हुँदा निजको छोरा वादीले लिएको मोही नामसारीको वादी दाबी नपुग्ने ठहर्छ भन्ने सुरू भूमिसुधार कार्यालय, सर्लाहीबाट मिति २०६९।१२।११ मा भएको फैसला बदर गरी वादी दाबीबमोजिम मोही नामसारी हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट

मिति २०७२।३।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हेमा पाण्डे

इति संवत् २०७६ साल पुस २३ गते रोज ४ शुभम्।

१०

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७३-WO-०३३०, उत्प्रेषण / परमादेश, *रमेशप्रसाद खनाल वि. जिल्ला शिक्षा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत*

निवेदकको स्थायी नियुक्ति सम्बन्धमा हेर्दा, निजलाई १ वर्षको परीक्षणकालमा रहने गरी मिति २०३७।३।१७ मा स्थायी नियुक्ति गरिएको भन्ने जिल्ला कार्यालय, शिक्षा शाखा काभ्रेपलाञ्चोकको च.नं. २४९९ मिति २०३७।३।१७ को पत्रबाट देखिन्छ । निजलाई पुन: स्थायी नियुक्ति दिनेबारे विद्यालय सञ्चालक समिति, जनहित प्रा.वि. खनालथोकलाई लेखिएको जिल्ला कार्यालय, शिक्षा शाखा, काभ्रेपलाञ्चोकको मिति २०३९।७।१ को पत्र हेर्दा, विद्यालय शिक्षक श्री रमेशप्रसाद खनाललाई प्रा.वि. स्तरको शिक्षक पदमा नियुक्ति गरी कामकाज गराई आएकोमा सर्त राखी नियुक्ति गरेकाले मिति २०३३।१०।२५ देखिनै स्थायी मान्ने गरी स्थायी नियुक्ति दिने र स्थायी नियुक्ति दिएपछि रोकिएको ग्रेड संख्यासमेत जोडी २०३८ साल श्रावणदेखिको ग्रेड रकम जोडिएको ग्रेड संख्याको हिसाबले दिने भन्ने जि.शि.स. को मिति २०३८।९।२९ को बैठकबाट निर्णय भएकाले सोअनुसार स्थायी नियुक्ति दिनु हुन र ०३८ साल श्रावणदेखिको ग्रेड रकम जोडिएको ग्रेड संख्याको हिसाबले खुवाउनु हुन अनुरोध गरिन्छ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। उक्त पत्रबाट अस्थायी अवधिलाई समेत स्थायी मानी ग्रेड मिलान गर्ने भन्नेसम्म देखिए पनि मिति २०३७।३।३० देखि लागु हुने गरी निवेदकलाई दिएको पूर्वस्थायी नियुक्तिलाई अन्यथा उल्लेख गरेको नपाइने।

निवेदकलाई मिति २०३३।१०।२५ मा दिएको नियुक्ति पत्रबाट ६ महिनाको लागि अस्थायी नियुक्ति गरिएको भन्ने देखिन आएको छ । स्थायी दरबन्दीबाट पदपूर्ति नभएसम्मको लागि अस्थायी प्रकृतिको काम गर्न निश्चित अवधि तोकी अस्थायी नियुक्ति दिएको देखिन्छ। सो २०३३ सालको अस्थायी नियुक्ति र पटकपटकको म्याद थप गरेको कार्यको छुट्टै प्रयोग र प्रयोजन हुन्छ। सो अस्थायी प्रकृतिको नियुक्ति २०३७ सालमा पाएको स्थायी नियुक्तिमा समावेश हुन सक्ने कानूनी आधार नदेखिने।

त्यसैगरी, विद्यालय शिक्षक किताबखानाको मिति २०७२।३।१६ को पत्रमार्फत निवेदकलाई मिति २०७२।२।१८ को निर्णयको जानकारी गराएको विषयको पत्र हेर्दा, जिल्ला शिक्षा कार्यालयले स्थायी नियुक्तिका लागि सिफारिस गरेको मिति २०३९।७।१ को पत्रमा २०३३।१०।२५ को नियुक्ति सर्तको नियुक्ति भनी उल्लेख गरेको तर सो नियुक्तिपत्र सर्तको नभई अस्थायी नियुक्ति भएको हुँदा तपाईँलाई स्थायी नियुक्ति मिति २०३७।३।३० देखि अवकाश मिति २०७१।१२।१० बिचको पेन्सनलगायतको सुविधा उपलब्ध गराइएको भन्ने बेहोरा उल्लेख गरी जानकारी गराएको देखिने।

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ११३ मा नेपाल सरकारको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई कम्तीमा बीस वर्ष नोकरी गरेको शिक्षकले निवृत्तिभरण पाउने व्यवस्था गरिएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुसार अस्थायी सेवाको अवधि गणना गरी निवृत्तिभरण प्रयोजनका लागि जोडिन सक्ने देखिँदैन । स्थायी नियुक्ति पाई कम्तीमा २० वर्षको नोकरी गरेका शिक्षकले मात्र निवृत्तिभरण पाउने हुँदा सो कानूनको बनोटले नै अस्थायी नियुक्ति पाई काम गरेको नोकरी अवधिसमेत जोड्नु पर्ने भन्ने तर्कलाई मान्यता दिएको नपाइने।

प्रस्तुत रिट निवेदकले मिति २०३३।१०।२५ देखि स्थायी सेवा गरेको भनी स्पष्ट दाबी लिएको

देखिँदैन । अस्थायी सेवा अवधिलाई समेत स्थायी मानी नियुक्ति दिएको भन्ने निवेदन दाबी रहे पनि २०३३।१०।२५ देखि नै निवेदकको अटुट रूपमा स्थायी सेवा अवधि कायम रहेको भन्ने कुनै आधिकारिक अभिलेख रहेको नदेखिएकाले निजको सेवा अवधिलाई सोही मितिदेखि नै स्थायी र निरन्तररूपमा कायम रहेको मान्न मिल्ने नदेखिने।

वस्तुत: निवेदकले मिति २०३३।१०।२५ देखि निरन्तर रूपमा स्थायी शिक्षक पदमा रही सेवा गर्दै आएको भन्ने दाबी पुष्टि गर्न सकेको पाइँदैन। निजले आफ्नो स्थायी सेवा अवधि कम गणना गरी भएको विद्यालय शिक्षक किताबखानाको मिति २०७२।२।१८ को निर्णय बदर गराउन माग गरेकोमा सो निर्णयबमोजिम तयार भएको निवृत्तिभरण अधिकारपत्रमा हस्ताक्षरसमेत गरी बुझिलिई सकेको भन्ने निजले निवेदनसाथ पेस गरेको उक्त अधिकारपत्रको प्रतिलिपिबाटै देखिन आएको छ । तसर्थ, निवेदकलाई निजको स्थायी नियुक्ति मिति २०३७।३।३० बाट अवकाश मिति २०७१।१२।१० सम्मको स्थायी सेवा अवधि कायम गरी निवृत्तिभरण अधिकारपत्र दिने गरी विद्यालय शिक्षक किताबखानाबाट मिति २०७२।२।१८ मा भएको निर्णय कानूनसम्मत नै रहेको देखियो। साथै, निवेदकले विद्यालय शिक्षक किताबखानाको उक्त निर्णयअनुसार निवृत्तिभरण अधिकारपत्र लिई सुविधा रकमसमेत बुझेको भन्ने देखिन आएको हुँदा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने स्थिति रहेको देखिन नआउने।

माथि उल्लिखित आधार, कारण र न्यायिक सिद्धान्तसमेतबाट निवेदकले स्थायी नियुक्ति पाएको मितिबाट अवकाश पाएको मितिसम्मको सेवा अवधि गणना गरी विद्यालय शिक्षक किताबखानाको २०७२।२।१८ को निर्णयबमोजिम निवेदकलाई निवृत्तिभरण अधिकार-पत्र (पेन्सनपट्टा) बनाई दिएको कार्य कानूनबमोजिमकै रहेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान नहुँदा रिट जारी हुने अवस्था भएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दिपेन्द्र थापा मगर

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम्।

११

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७१-CR-०१९७, ०१८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डण्डबहादुर खड्कासमेत*

मृतकलाई प्रतिवादीहरूले ज्यान मार्ने नै मनसाय राखी प्रहार गरेको देखिएको छैन । जोखिमी तथा धारिलो हतियार पनि प्रहार भएको छैन । धानको लेनदेन विषयमा विवाद भई सामान्य कुटपिट भएको भन्ने वारदातको घटना परिस्थितिबाट देखिन्छ । सोही कुटपिटबाट अर्थात् वारदातका समयमा परेको चोटका असरले मृतक निष्क्रिय भई, थला परी हिँड्डुल गर्न नसक्ने भई, बिरामी परी मृत्यु भएको भपनि देखिएन । कुटपिटपश्चात् पनि मृतक आफैँ घर गएको र कुनै अस्पतालमा उपचार भएको देखिन्न। घर गएपश्चात् पनि ३ दिनपछि मात्र घरबाट बेपत्ता भएको र त्यसको ५ दिनपछि मृत्यु भएको अवस्था छ। प्रतिवादीहरूले मनसायपूर्वक ज्यान नै लिने योजना, षड्यन्त्र, परिपञ्च रची मृतकलाई प्रहार गरेको तथ्य पुष्टि हुन आएको देखिएन। वारदातमा भएको लेनदेनको विषयमा वादविवाद भएको र प्रतिवादीहरूले मृतकलाई सामान्य कुटपिट गरेको तथा वारदातको स्वरूप, घटनाको प्रकृति तथा वारदातमा मृतकसँग विवाद भई सामान्य कुटपिटको अवस्था तथा परिस्थितिजन्य प्रमाण (Circumstantial evidence) तथा घटनाको श्रृङ्खलासमेतलाई दृष्टिगत गर्दा र प्रतिवादीले गरेको कसुरको मात्रासम्मलाई विचार गर्दा प्रस्तुत वारदात भवितव्यसम्म ठहर हुन न्यायोचित र विधिसम्मत मान्नु पर्ने देखिन आयो। यस्तो अवस्थामा प्रतिवादीहरूउपर अभियोग दाबीअनुसारको ज्यानसम्बन्धीको महलको

१३(३) नं. आकर्षित हुने स्थिति देखिन आएन । ज्यानसम्बन्धीको महलको १३(३) नं. कै कसुर भएको भन्ने प्रत्यक्ष प्रमाण (Direct evidence) छैन । सुरू अभियोग दाबीअनुसार ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम नै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब हुन नआउने ।

पुनरावेदक प्रतिवादीहरूले मृतक आफैँ भिरबाट लडी मृत्यु भएको, आफूहरूको कुनै संलग्नता नरहेको भनी पुनरावेदन जिकिर लिए तापनि वारदात स्थलमा उपस्थिति भई विवाद हुँदा सामान्य कुटपिट भएको तथ्य स्वीकार गरी मौकामा बयान गरेको देखिन्छ । घटना विवरण कागज गर्ने शशिराम खड्का, चन्द्रबहादुर खड्कासमेतले प्रतिवादीहरू र मृतकबिचमा कुटपिटपश्चात् मिलापत्र गराई दिएको भनी कागज गरेको देखिँदा मृतकको मृत्यु हुनुमा यी पुनरावेदक प्रतिवादीहरूको संलग्नता नै नरहेको भन्न सकिने पर्याप्त आधार प्रमाण यी प्रतिवादीहरूले पेस गरी पुष्टाइँ गर्न सकेको पाइएन । तसर्थः आफूहरूले कसुर नै नगरेको अवस्थामा सफाइ पाउनु पर्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार कारण, कानूनी व्यवस्था तथा प्रतिपादित न्यायिक सिद्धान्तसमेतबाट प्रतिवादीहरू डण्डबहादुर खड्का र घनबहादुर नेपालीलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय ठहर गरेको रूकुम जिल्ला अदालतको मिति २०७०।६।१५ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६ नं. को देहाय ४ बमोजिम जनही २ वर्ष कैद हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।१।८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः भरतकुमार दहाल

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७६ साल मङ्सिर १६ गते रोज २ शुभम् ।

इजलास नं. ९

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा, *०७६-WH-००५३,* बन्दीप्रत्यक्षीकरण, *पुजा अधिकारी वि. राजकुमार अधिकारी*

निवेदिका र विपक्षबिच चलेको अंश दर्ता तथा सम्बन्ध विच्छेद मुद्दा धादिङ जिल्ला अदालतमा मिति २०७६।०१।१२ गते मिलापत्र हुँदा "नाबालक छोरा वर्ष ४ को राजिव अधिकारी वादीका पिता राजकुमार अधिकारीको साथमा रही आमाले बेलाबखत भेटघाट गर्न पाउने गरी सम्बन्ध विच्छेद" भएको देखियो । यी निवेदिकाले स्वीकार गरेको मिलापत्रको सर्तबमोजिम बालक निजको बाबुको जिम्मा निजकै संरक्षकत्वमा रहेको देखिँदा यसलाई गैरकानूनी रूपमा बन्दी बनाएको भनी सम्झन मिलेन । मिलापत्रको सर्तबमोजिम बालकको आमा निवेदिका पूजा अधिकारीले बालकसँग "बेला बखत भेटघाट गर्न" पाउने नै हुन्छ । मिलापत्रको सर्तबमोजिम बेलाबखत भेटघाट गर्न नदिएमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९३ को उपदफा (५) बमोजिम मिलापत्रबमोजिमको काम नभएको भनी तथा विशेष कानून बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६ को आधारमा प्रचलित कानूनमा रहेका प्रावधानबमोजिम कानूनी उपचार प्राप्त हुन सक्ने नै देखिन्छ । यस प्रकारको विषयवस्तुलाई गैह्रकानूनी थुना मानेर बन्दीप्रत्यक्षीकरणको विषय बनाउनु उचित र तर्कसङ्गत देखिएन । तसर्थ निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भदौ २३ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, *०६९-CI-१२३२, जोत नामसारी, दयाराम प्रजापति वि. सिद्धिराम प्रजापति*

मोही हक सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा "मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा बुहारी, नाति, नातिनी बुहारी दाजुभाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ६ (ग) कित्ता नं. ५०(ख) र ५१ को जग्गाको मोही शिव नरसिं प्रजापतिको मृत्युपश्चात् मोही नामसारी गरिपाउँ भनी शिव नरसिंको एकासगोलका छोरा दयाराम प्रजापती र भाइ सिद्धिराम प्रजापतिको भूमिसुधार कार्यालय, भक्तपुरमा छुट्टाछुट्टै निवेदन परेको (मुद्दा नं. ११।०६७।०६८ र ५१।०६७।०६८) देखिन्छ । यसैगरी मोही नामसारीकै सम्बन्धमा विष्णु कुमार हाडाको नामको जग्गामा मोही शिव नरसिं प्रजापति जनिएको भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ९ (ख) कित्ता नं. ११५ को क्षेत्रफल ०-७-०-० को जग्गामा समेत मोही शिव नरसिंको मृत्युपश्चात् निजको मोहियानी हक आफ्नो नाममा नामसारी गरिपाउँ भनी निजको भाइ सिद्धिराम प्रजापतिको (दर्ता मिति २०६५।११।२५ मिसिल नं. १८।०६६।०६७) भूमिसुधार कार्यालय, भक्तपुरमा छुट्टै निवेदन परेको पाइने।

भूमिसुधार कार्यालय, भक्तपुरमा मोही नामसारीको लागि चलेका तीन थान मुद्दाहरू कारबाहीको सिलसिलामा एकैसाथ राखी तारेखसमेत एकै मितिमा तोकिएको पाइयो। भूमिसुधार कार्यालयमा निवेदक सिद्धिराम प्रजापतिको हकमा निजको वारेस रामबहादुर कवँ तारेखमा बसी मुद्दाको पुर्पक्ष भएको देखिन्छ । भूमिसुधार कार्यालयबाट माथि उल्लिखित तीन थान मुद्दामा तोकिएको मिति २०६६।६।२५ को तारेखमध्ये मिसिल नं. १०५४-१८।०६६।०६७ मा तोकिएको तारेख निवेदकले छोडी थाम्ने थमाउने म्यादसमेत गुजारी बसेको देखिँदा मुलुकी ऐन, अ.बं. १७९ नं. बमोजिम मुद्दा डिसमिस हुने ठहर्छ भनी भूमिसुधार कार्यालय, भक्तपुरबाट मिति २०६७।१२।३ मा निर्णय भएको पाइयो । उक्त मुद्दामा तारेख गुजारी बसेको भनेको दिनमा लगाउमा रहेको मुद्दा नं.१०५५-११।०६७।०६८ को मुद्दामा भने निवेदक सोही मिति २०६६।६।२५ मा रूजु हाजिर भई निजलाई पुनः मिति २०६६।७।२३ को तारेख तोकी पाएको मिसिल सामेल रहेको तारेख भर्पाइबाट देखिन्छ । एउटै फाँटबाट एउटै तारेख भर्पाइबाट कार्यालयमा हाजिर हुन आउन तारेख तोकिएको अवस्थामा कुनै मुद्दामा तारेख छाडेको आधारमा मुद्दा डिसमिस गर्ने र प्रस्तुत मुद्दामा निवेदक वादी दयाराम प्रजापतिले मिति २०६७।११।१० मा तोकी पाएको तारेख गुजारी बसेको अवस्थामा निजको हकमा मुद्दा डिसमिस नगरी मोही हक कायम गर्ने गरी भएको भूमिसुधार कार्यालय, भक्तपुरको निर्णय कानूनसम्मत देखिन नआउने।

अतः उल्लिखित आधार र कारणबाट प्रस्तुत मुद्दामा मिति २०६७।११।१० मा तोकिएको तारेख वादी दयाराम प्रजापतिले गुजारी बसेको अवस्थामा निजको हकमा डिसमिस नगरी मोही कायम गर्ने गरी भएको भूमिसुधार कार्यालय, भक्तपुरबाट मिति २०६७।१२।३ मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ र अब जो जे बुझ्नु पर्ने बुझी कानूनबमोजिम निर्णय गर्नु भनी सुरू भूमिसुधार कार्यालय, भक्तपुरमा पठाउनु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१०।११ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार १८ गते रोज ४ शुभम्।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार

फैसला भएका छन्:

- *०७०-CI-००८६, मोही नामसारी, दयाराम प्रजापति वि. सिद्धिराम प्रजापति*
- *०७०-CI-०४५६, अंशचलन, दयाराम प्रजापति वि. गणेशलक्ष्मी प्रजापति*
- *०७०-CI-०४५७, अंशचलन, दयाराम प्रजापति वि. सिद्धिराम प्रजापति*

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७३-CR-०५००, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), सुलेमान अन्सारी वि. नेपाल सरकार*

प्रतिवादी सुलेमान अन्सारीले शिक्षक छनौट समितिसमक्ष आवेदन गरी लिखित तथा मौखिक परीक्षामा समेत सहभागी भई समितिबाट सिफारिस भएको देखिन्छ। जसबाट निजले शिक्षकको पदमा नियुक्त भएको स्वीकार गरी मौकामा र यस अदालतसमेतमा बयान गरेको, निजको नामको अध्यापन अनुमतिपत्र अर्का व्यक्तिले बनाई पेस गर्नु पर्ने कारण र अवस्थासमेत देखिँदैन । दाबीको अध्यापन अनुमतिपत्र निज प्रतिवादीले नै पेस गरेको मान्नुपर्ने देखियो। प्रतिवादीले बयान गर्दा अबुल अन्सारीले बनाई ल्याएको भने पनि अबुल अन्सारीले सो कुरालाई स्वीकार गरेको अवस्था रहेको छैन । अबुल अन्सारीले सुलेमान अन्सारी शिक्षक छनौट समितिको सिफारिसबमोजिम नियुक्ति भएको, निजबाट रकम लिई मैले नियुक्ति गरेको होइन। सो कुरा मसँग रिसइवी राखेको कारण व्यक्त गरेको हो । सुलेमान अन्सारीले शिक्षक छनौट समितिसमक्ष नै आवेदनपत्र तथा सो साथ शैक्षिक योग्यताको प्रमाणपत्र र अध्यापन अनुमतिपत्र पेस गरेको हो भनी मौकामा भएको बयानमा आफ्नो बेहोरा लेखाएको देखिन्छ। अबुल अन्सारीको उक्त बयान बेहोरासमेतबाट सुलेमान अन्सारी शिक्षक पदमा नियुक्त हुनको निमित्त आवश्यक पर्ने अध्यापन अनुमतिपत्र आफूले नभई अबुल अन्सारीले पेस गरेको, सो कुरा आफूलाई थाहा नभएको र आफूले पेस नगरेको भन्ने प्रतिवादीको कथन, पी.सी.एफ. शिक्षक नियुक्तिको निमित्त भएको सूचना, शिक्षक छनौट समितिको निर्णयसमेतबाट निज प्रतिवादीको अध्यापन अनुमतिपत्रबाट यिनै प्रतिवादी सुलेमान अन्सारीलाई नै लाभ पुग्ने अवस्था देखिएबाट उनाउ व्यक्ति अबुल अन्सारीले निज प्रतिवादीको नामको अध्यापन अनुमतिपत्र बनाई पेस गरेको भनी लिएको जिकिर विश्वसनीय नदेखिने।

प्रतिवादी सुलेमान अन्सारीले मदरसा अहले सुन्नत हुज्जतुल इस्लाम अमिनियाँ, नैन्हीमा शिक्षकको पदमा सेवा प्रवेश गर्नका लागि पेस गरेको निजको नामको रोल नं.०५३७, निर्णय मिति २०६२।०६।३०, जिल्ला धनुषा जिल्लाबाट मिति २०६२।१२।१४ मा जारी भएको स्थायी अध्यापन अनुमतिपत्र जारी गर्ने निकाय शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरमा प्रमाणीकरणको निमित्त पठाउँदा नामथर सुलेमान अन्सारी, रोल नम्बर ०५३७, निर्णय मिति २०६२।६।३०, प्रमाणपत्र जारी भएको जिल्ला र मिति धनुषा २०६२।१२।१४, तह प्राथमिक स्थायी अध्यापन अनुमतिपत्र, प्र.प.नं. २५३७८२ र प्रमाणीकरणको बेहोरामा अध्यापन अनुमतिपत्र प्रमाणीकरण गर्दा शिक्षक सेवा आयोगको "अभिलेखमा नभिडेको" भनी जवाफ प्राप्त भएको देखियो। प्रतिवादी सुलेमान अन्सारीले विज्ञापन हुँदा पेस गरेको विवरणबाट विवादित प्रमाणपत्र निजै प्रतिवादीले पेस गरेको होइन भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादीले प्रकाशित सूचनाबमोजिम नियुक्तिको लागि निवेदन पेस गरेको कुरालाई स्वीकार गरेको देखिँदा सो निवेदनसाथ संलग्न रहेको अध्यापन अनुमतिपत्र अर्कै व्यक्तिले पेस गरी दिएको भन्ने निजको इन्कारी बयान मिसिल संलग्न प्रमाणबाट समर्थित हुन सकेको छैन । विद्यालय व्यवस्थापन समितिको मिति २०६६।१०।११ को निर्णयानुसार शिक्षक नियुक्तिको कारबाही प्रारम्भ भई मिति २०६६।१०।१८ मा शिक्षक छनौट समितिसमेत गठन भएको र यी प्रतिवादी

सोही सूचनाका आधारमा २०६६।१०।२८ मा सो विद्यालयको शिक्षक नियुक्त भएको देखिन्छ । आफूले प्राप्त गरेको अध्यापन अनुमतिपत्र साँचो बेहोराको रहेको भन्ने कुराको वस्तुनिष्ठ र शङ्कारहित प्रमाण प्रतिवादीबाट प्रस्तुत हुन सकेको छैन । शिक्षक सेवा आयोगबाट प्राप्त प्रमाणीकरण विवरणमा "अभिलेखमा नभिडेको" भन्ने विवरणसमेतबाट दाबीको अध्यापन अनुमतिपत्र सक्कली बेहोराकै रहेको भन्ने देखिन आएन । निज प्रतिवादीले नक्कली बेहोराको प्राथमिक तहको स्थायी अध्यापन अनुमतिपत्र पेस गरी लाभको पद धारण गरी भ्रष्टाचारको कसुर गरेको कुरा पुष्टि हुन आएको देखिने ।

तसर्थ, प्रतिवादी सुलेमान अन्सारीले नक्कली बेहोराको स्थायी अध्यापन अनुमतिपत्र पेस गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको हुँदा रू.१०,०००।- (दश हजार रूपयाँ) जरिवाना र ६ (छ) महिना कैदसमेत हुने ठहर्छ भनी विशेष अदालतबाट मिति २०७४।१।१४ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल असार १० गते रोज ३ शुभम् ।

इजलास नं. ११

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CR-०४६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोल्मादेवी मल्ल*

मृतक संजित दमाइले रक्सी खाएर मातेको अवस्थामा लड्खडिएर प्रतिवादी गोल्मादेवी मल्लको जिउमा लडेको अवस्थामा सोही रिसको कारण निज प्रतिवादीले मृतकको गालामा ४ चट्कन लगाएकी र लात्तीले अण्डकोषमा हानेको कारण सोही चोटबाट मृतकको मृत्यु भएको भन्ने कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुने हो वा ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको कसुरमा ऐ. महलको ६(२) बमोजिम सजाय हुने हो भन्नेतर्फ विवेचना गरी निर्णय दिनुपर्ने देखियो । ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर हुनको निमित्त अभियुक्त तत्काल आवेशमा आई आफूलाई नियन्त्रण गर्न असमर्थ भई कसैको हत्या भएको हुनुपर्ने देखिन्छ । सोही महलको ५ नं. को कानूनी व्यवस्था हेर्दा "ज्यान लिने इवीलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने उल्लेख भएको देखिन्छ । निज मृतक रक्सी खाएर मातिएको अवस्थामा प्रतिवादी गोल्मादेवीको जिउमा लडेपछि प्रतिकार स्वरूप निज प्रतिवादी महिलाले मृतकलाई हात र लात्तीले प्रहार गरेको देखिन्छ । रक्सीको मात लागेको मानिस लड्खडिएर महिलामाथि लड्नु र सोही कारण महिलालाई रिस उठी निजलाई प्रहार गर्नु अस्वाभाविक देखिँदैन, महिलाले आफ्नो सुरक्षाको निम्ति चालेको कदम देखिन्छ । प्रतिवादी गोल्मादेवी एक होटल व्यवसाय गर्ने व्यावसायिक महिला भएको र निजको होटलमा अन्य मानिसहरू पनि भएको देखिन्छ । यस्तो अवस्थामा कोही पुरूष मदिरा सेवन गरी आफ्नो स्वनियन्त्रणमा नरहेको अवस्थामा महिलामाथि लड्नु महिलाका लागि लज्जास्पदको विषय बन्न जान्छ । रक्सीले मातेको मानिसले महिलालाई अस्वाभाविक र आकस्मिक व्यवहार गर्नसक्ने अवस्थालाई समेत यहाँ विचार गर्नु जरूरी हुन्छ । निज प्रतिवादी महिलाले अनुसन्धानको क्रममा मृतकलाई दुई थप्पडसम्म हानेको भनी र अदालतमा बयान गर्दा थप्पड नहानी हातले धकेलेको मात्र हो भनी बताएको देखिन्छ । निज प्रतिवादीको मृतकसँग पूर्वरिसइवी एवम् झैं-झगडा भएको देखिँदैन । घाइते अवस्थामा रहेको मृतकलाई रातभरि घरमा राखी प्रतिवादीले सहयोग गरेको तथा उपचारको लागि व्यवस्था मिलाएकोसमेत

देखिन्छ। उक्त घटनाका यस्ता श्रृङ्खलाबद्ध तथ्यहरूले यी प्रतिवादी महिलामा मृतकलाई मार्नेसम्मको मनसाय लिई मर्न सक्छ भन्ने प्रवृत्तिबाट वा मार्नकै लागि हात एवम् लात्ती प्रहार गरेको भन्ने देखिएको छैन । शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारणमा आन्द्रामा प्वाल भई शरीरभरि किटाणु फैलिएको भन्ने उल्लेख भएको देखिन्छ । निज प्रतिवादीको प्रहारको कारण कुनै अङ्ग निकम्मा हुन सक्ला तर सामान्य विवादमा हात वा लात्तीले आफ्नो सुरक्षार्थ हिर्काउँदा आन्द्रा नै प्वाल भई शरीरभरि किटाणु फैलिने अवस्था निज प्रतिवादीको प्रहारको कारण हुन सक्दैन । कुनै पनि साक्षी वा प्रत्यक्षदर्शीले बकपत्र वा कागज गर्दा यी प्रतिवादीले आन्द्रामा प्वाल हुने गरी हिर्काएको भन्न सकेको देखिँदैन। यसबाट निज प्रतिवादीमा पहिलेदेखि नै कुनै रोग वा प्रतिकूल शारीरिक अवस्था रहेको स्पष्ट भइरहेको देखिन्छ । अण्डकोषमा हानेको कारणले मृत्यु भएको भन्ने वादी पक्षका साक्षीहरूको भनाइलाई शव परीक्षण प्रतिवेदनले समर्थन गरेको अवस्था छैन। तसर्थ मृतकलाई गालामा हिर्काएको र अण्डकोषमा लात्तीले हिर्काएकै कारण मृतकको मृत्यु भएको भन्ने वादी पक्षका साक्षीका भनाइसँग सहमत हुन सक्ने अवस्था देखिएन । निज प्रतिवादीले मृतकलाई प्रहार गरेको भए पनि सोही प्रहार मृत्युको कारण भएको पुष्टि भएको नदेखिएको र ज्यानसम्बन्धी महलको ५ नं. को अवस्था पुष्टि भएको देखिएको हुँदा निज प्रतिवादीलाई उक्त कसुरमा ऐ. महलको ६(२) बमोजिम रू.५००।- जरिवाना र ६ महिना कैद हुने ठहर्‍याएको बाजुरा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत दिपायलको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने।

तसर्थ, प्रतिवादी गोल्मादेवी मल्ललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम ६ महिना कैद र रू.५००।- जरिवाना हुने ठहर्‍याई सुरू बाजुरा जिल्ला अदालतबाट मिति २०७०।११।५ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत दिपायलको मिति २०७१।७।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल फागुन २९ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७३-CR-१६८२, ०७४-CR-००३२, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. कृष्णबहादुर पुन, कृष्णबहादुर पुन वि. नेपाल सरकार*

प्रतिवादीले पीडितलाई विवाहसमेत गर्ने प्रलोभन देखाई ललाई फकाई बेचबिखन गर्ने उद्देश्यले विभिन्न ठाउँमा राख्दै भारतको रूपेडिहासम्म पुर्‍याएको भन्ने आधारको अभियोग दाबी रहेको देखिन्छ । पीडितलाई प्रतिवादीले ललाई फकाई बेचबिखन गर्न लगेको कुराको आधारसमेत उल्लेख गरी जाहेरवालाले जाहेरीमा खुलाएको छ । पीडितको अनुसन्धान र अदालतमा गरेको बयानमा प्रतिवादी काठमाडौंको म्यानपावरमा काम गर्ने हुँदा आफूलाई त्यसैमा काम लगाइदिने प्रलोभनसमेत देखाई फकाएको भन्ने कुरा खुलाएको देखिन्छ । त्यसरी निज पीडितलाई ललाई फकाई गरी वारदातस्थल सल्यानबाट दाङ हुँदै नेपालगन्जसम्म पुर्‍याएको भनी खुलाएको पाइयो । प्रतिवादीले काम गर्न भारत जाने भनी पीडितसँग रहेको नागरिकतासमेतका प्रमाणहरू नष्ट गरी भारतको रूपेडियासम्म पीडितलाई लिएर गएको देखिने।

प्रतिवादीले पीडितलाई बेचबिखन गर्न लगेको होइन भनी बयानमा उल्लेख गरेको कुराबाहेक पीडितले भनेका अधिकांश कुराहरूलाई स्वीकार गरी अदालतमा गरेको बयानसमेतमा खुलाएकै छ। भारतमा गई काममा लगाउने भन्ने पीडितको भनाइलाई प्रतिवादीले समेत स्वीकारेकै देखिन्छ । प्रतिवादीले पीडितलाई विवाह गरेको भने पनि अदालतको बयानमा त्यसरी विवाह

भएको र आफूहरू श्रीमान् श्रीमती भई बसेको भनी तथ्यपरक ढङ्गबाट खुलाउन सकेको पाइन्न । कुनै विवाहिता एवम् छोरीसमेत भएकी महिलालाई आफू मेनपावरमा काम गर्ने भनी झुक्यानमा पारी मिति २०७२।१।२० देखि लामो समयसम्म आफूसँग राखी पीडित र छोरीसमेतको परिचय खुल्ने प्रमाण नष्ट गर्नु तथा रोजगारी दिलाउने बहानामा सीमापारीसम्म पुर्‍याउनु स्वाभाविक क्रियाकलाप थियो भनी विश्वास गर्ने अवस्था देखिँदैन । त्यसरी बेचबिखन गर्ने उद्देश्यले नलगेको भए पीडितले अनायासै निजलाई पोल गर्न पर्ने आधार प्रतिवादीले देखाउन सकेको पनि छैन । बेचबिखन गर्न लगेको भन्ने उल्लिखित आधारहरूको जवाफमा आफूले त्यसो गरेको होइन भन्ने प्रमाण पुष्टि गराउनु पर्ने दायित्व भएका यी प्रतिवादीले त्यस्तो दायित्व निर्वाह गर्न सकेको पनि पाइन्न । अत: यी प्रतिवादीको इन्कारी बयानलाई आधार मान्न सकिने अवस्था नदेखिने ।

उल्लिखित तथ्यहरूका आधारमा गरिएको विवेचनाअनुसार यी प्रतिवादीले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले वारदातस्थल सल्यानदेखि दाङ हुँदै नेपालगन्ज पुर्‍याएको र नेपालगन्जबाट रूपेडिहासम्म पुर्‍याएको देखिन्छ । त्यसरी निज प्रतिवादीले गरेको उक्त कार्य कुन प्रकृतिको कसुर हो त भनी हेर्दा, अभियोग दाबीमा बेचबिखन गरेको भने पनि प्रतिवादीले बेचबिखन नै गर्ने कार्य गरी पीडितलाई बेचिसकेको भन्ने अवस्था देखिँदैन । कसले कसलाई के कति रकम लिनु दिनु गरी कहाँ लगी बेचेको वा मानव बेचबिखन गरी सकेको भन्ने कुनै पनि कार्य भए गरेको नदेखिँदा, बेचबिखन नै गरेको भन्ने प्रतिवादीउपरको अभियोग दाबीसँग सहमत हुन नसकिने ।

तसर्थ विवेचित तथ्य एवम् प्रमाणहरूबाट निज प्रतिवादीले पीडितलाई बेचबिखन गर्ने उद्योगसम्म गरी पीडितलाई भारतको रूपेडियामा लिई गएकोले बेचबिखन गर्ने प्रयास गरेको देखिन आएको हुँदा निज प्रतिवादीको उक्त कार्य मानव बेचबिखनको उद्योगसम्मको कसुर देखिन आयो । जहाँसम्म नैतिक पतन देखिने फौज्दारी कसुर कायम गरिपाउँ भन्ने अभियोग दाबी एवम् वादी नेपाल सरकारको पुनरावेदन जिकिर छ, सो सम्बन्धमा हेर्दा, यी प्रतिवादीले मानव बेचबिखन गर्ने उद्देश्यले पीडितलाई लिई गई मानव बेचबिखनको कसुरको उद्योगसम्म गरेको देखिएको र सोअनुरूप यी प्रतिवादी कृष्णबहादुर पुनलाई ५(पाँच) वर्ष कैद र २५०००।– (पच्चिस हजार) जरिवाना ठहर्‍याई उच्च अदालत सुर्खेतबाट मिति २०७३।१२।१० मा फैसला भएको देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम् ।

इजलास नं. १२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७३-CR-०७४६, जातीय भेदभाव तथा छुवाछुत, नेपाल सरकार वि. घनबहादुर सार्की मुग्रातीसमेत*

प्रमाण ऐन, २०३१ को दफा ५० मा शोधपुछ र जिरहको व्यवस्था रहेको देखिन्छ । जिरह साक्षी परीक्षणको महत्त्वपूर्ण अङ्ग हो । जिरहबाट सम्बद्ध तथ्यभित्र रही साक्षीको बयानको सत्यताको परीक्षण हुने ।

जाहेरवालीले जाहेरीमा उल्लिखित मितिमा प्रतिवादीहरूको घरमा गएको होइन, आषाढ महिनामा गएकी हुँ भनी सुरू अदालतमा बकपत्रसमेत गरिदिएबाट वारदात भनिएको मितिमा घटना नै नभएको तथ्य पुष्टि भइरहेको देखिन्छ । जाहेरी दरखास्तबमोजिम घटना भएको भनी मान्नु पर्ने अवस्था नदेखिएबाट सुरू फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत जनकपुरबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः जाहेरवालीले नै जाहेरीमा उल्लिखित मिति र समयमा प्रतिवादीहरूको घर आँगनमा नगएको कुरा स्वीकार गरी अदालतमा बकपत्र गरेकीले वारदातको सत्यता पुष्टि हुन आएको नदेखिँदा रामेछाप जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कालिबहादुर साम्यु लिम्बू

इति संवत् २०७४ साल फागुन २५ गते रोज ६ शुभम्।

इजलास नं. १३

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७२-WO-०३५७, उत्प्रेषण / परमादेश, *नवराज भट्ट वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकलाई सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रबाट उपचार माग गर्ने अधिकार छ छैन भन्ने विवादित प्रश्नमा विचार गर्दा, नेपालको संविधानको धारा १३३ को उपधारा (२) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने छ भनी व्यवस्था भएको र ऐ. को उपधारा (३) मा उपधारा (२) बमोजिमको असाधारण अधिकार क्षेत्रअन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने छ भनी उल्लेख भएको पाइन्छ। नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (च) मा भएको आफ्नो पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको हकसमेत कुण्ठित भएको र प्रभावकारी उपचारको विकल्पमा रिटद्वारा हक अधिकारको प्रचलन गराई माग्न आएको भन्ने निवेदन जिकिर रहेको छ। नेपालको संविधानको धारा १७ को उपदफा (१) मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अनुसार गठन भएको निवेदक नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था भएको, ऐ.ऐ. को उपदफा (४) बमोजिम व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने भनी कानूनी व्यवस्थाका कारण कानूनबमोजिम स्थापित निवेदक प्रतिष्ठानलाई रिट दायर गर्ने अधिकार नभएको भन्न मिलेन। आफ्नो अधिकारको उल्लङ्घन भएको भन्ने लागेमा सोको उपचारका लागि नालिस उजुर गर्ने अधिकार निवेदकसँग भएकै देखिने।

निवेदनमा उठाइएको विवादको मूल प्रश्न, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२।६।२२ को निर्णयसँग अन्तरनिहित रहेकोले ठहर गर्नुपर्ने कुरामा प्रवेश गर्नुपूर्व मन्त्रिपरिषद्को सो निर्णयलाई तथ्यगतरूपमा पुनरावृत्ति गरी विवेचना गर्नु सान्दर्भिक हुने देखिन्छ। मन्त्रिपरिषद्को मिति २०७६।६।२२ को मं.प.बै.सं. ४०/०७२ बाट प्रस्तावमा लेखिएबमोजिम गर्ने भनी निर्णय भएको प्रस्तावको निर्णय हुनुपर्ने बेहोरामा नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ को उपदफा (५) बमोजिम तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको नाममा रहेको चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धनलगायतका अधिकार तथा दायित्वहरू नेपाल सरकारले नेपाल प्रज्ञा प्रतिष्ठान, ललितकला प्रतिष्ठान र सङ्गीत प्रतिष्ठानमा रहने गरी देहायबमोजिम तोक्ने छ भनी देहायको प्रकरण (क) मा नेपाल ललितकला संस्थाको स्वामित्वमा रहेको

काठमाडौं महानगरपालिका वडा नं. १ स्थित कित्ता नं.११५४ र ऐ. ठेगानाको कित्ता नं. ७८० को जम्मा क्षेत्रफल रोपनी २४–५–१–३ को जग्गामध्ये दक्षिणपूर्व तर्फबाट क्षेत्रफल रोपनी १५-०-०-० सङ्गीत प्रतिष्ठानको नाममा र बाँकी जग्गा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको नाममा नामसारी गर्ने तथा प्रकरण (ख) मा कित्ता नं. ७६१ को क्षेत्रफल रोपनी २९–४–३–३ को भवन तथा जग्गा नेपाल ललितकला संस्था (नाफा) र नेपाल बाल संगठनको संयुक्त स्वामित्वमा रहेकोमा नेपाल बाल संगठनको स्वामित्व यथावत् रहने गरी नेपाल ललितकला संस्थाको स्वामित्वलाई ललितकला प्रज्ञा प्रतिष्ठानको नाममा नामसारी गर्ने र उक्त जग्गा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल बाल संगठनको संयुक्त स्वामित्वमा रहने भनी उल्लेख भएको पाइन्छ। मन्त्रिपरिषद्को उल्लिखत निर्णयद्वारा बाँडफाँट गरिएको विवादित कित्ता नं.११५४ र कित्ता नं. ७८० को सम्पत्तिको दर्ता स्रेस्ता नेपाल ललितकला संस्था (नाफा) को नाममा रहेको देखिन्छ। यस्तो अवस्थामा नेपाल ललितकला संस्था (नाफा) को कानूनी हैसियत तथा सम्पत्तिको प्रकृति नपहिल्याई विवादित कानूनी र तथ्यगत प्रश्नहरूको निरूपण गर्न नसकिने हुँदा यसै विषयमा प्रवेश गरी विवेचना गर्नुपर्ने।

तत्कालीन श्री ५ महाराजधिराजको प्रमुख निजी सचिवालयको च.नं.७७/०३४ मिति २०३४।२।२४ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलाई लेखिएको पत्रको मुख्य बेहोरामा मौसुफको अध्यक्षतामा गठन भइराखेको नेपाल ललितकला संस्थाको वर्तमान कार्यसमितिलाई विघटन गरिबक्सी यसको मूल उद्देश्यमा बाधा नपर्ने गरी संस्था सञ्चालन गर्न ललितकला संस्था (नाफा) लाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानअन्तर्गत राखिबक्सेको भनी उल्लेख भएको पाइन्छ । साथै, सोही पत्रको देहायका प्रकरणहरूमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषद्ले ललितकला संस्थालाई समान उद्देश्य र कार्यक्षेत्रभित्रको एक अङ्ग सम्झी मान्यता प्रदान गर्ने, संस्थाको सम्पूर्ण क्रियाकलापको सम्पूर्ण उत्तरदायित्व तथा रेखदेख प्रज्ञा प्रतिष्ठानद्वारा गर्ने, ललितकलाको कार्य सञ्चालनको लागि एक सल्लाहकार समिति बनाउने, संस्थाको चल अचल, जिन्सी मालसामान तथा कोषको आन्तरिक लेखापरीक्षण राजकीय प्रज्ञा प्रतिष्ठान र त्यसपछिको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने भनी उल्लेख भएको पाइन्छ । त्यस्तै, नेपाल ललितकला संस्था, सल्लाहकार समितिको कार्यविधि, २०३४ (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान अधिनस्थ कार्यविधि) को प्रकरण ३ मा ललितकला संस्थाको उद्देश्यअनुरूप सल्लाह दिने भनी सल्लाहकार समितिको काम, कर्तव्य उल्लेख गरिनुका साथै सोही कार्यविधिको प्रकरण ७ मा प्रतिष्ठानका सदस्यसचिवले तयार पारेको ललितकला संस्थाको वार्षिक बजेट एवम् प्रतिवेदन प्रतिष्ठानको प्राज्ञ सभामा पेस गर्नुपर्ने, प्रकरण ८ मा प्राज्ञ परिषद्ले सल्लाकार सदस्यहरूको नियुक्ति गर्नसक्ने भनी उल्लेख भएको देखिन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानअन्तर्गत रही कार्यविधि बनेको, राजदरबारबाट प्रेषित पत्रमा संस्थाको सम्पूर्ण उत्तरदायित्व र रेखदेख नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा रहेको, प्रतिष्ठानको प्राज्ञ परिषद्ले सो संस्था (नाफा) लाई आफ्नै प्रतिष्ठानको अङ्ग मानी मान्यता प्रदान गर्नुपर्ने र सोलाई प्रतिष्ठानको प्राज्ञ सभाबाट अनुमोदन गराउनुपर्ने भनिएकोमा मिति २०३४।०९।१७ को प्राज्ञ सभाले सोको अनुमोदन गरेको, संस्थाको सल्लाहकार समितिको हैसियत निर्णायक र कार्यकारी नभई सल्लाहकारी प्रकृतिको देखिएको, सल्लाहकार समितिको नियुक्तिको अधिकार प्रतिष्ठानको प्राज्ञ परिषद्मा रहेको, सल्लाहकार समितिले बजेट र कार्यक्रम प्रतिष्ठान प्राज्ञ परिषद्मा पेस गर्नुपर्ने भन्ने देखिएबाट मिति २०३४ जेष्ठ २४ उप्रान्त साबिकको ललितकला संस्था (नाफा) को स्वन्त्र अस्तित्व कायम नरही सो संस्थाले प्रज्ञा प्रतिष्ठानभित्रकै उद्देश्यमुलक विशिष्टता ग्रहण गरेको भन्ने देखिन आउँछ । नेपाल

ललितकला संस्था (नाफा) ले संवत् २०५४ र २०६५ सालमा प्रयोग गरेको लेटरप्याड र सो लेटरप्याडमा प्रयोग भएको प्रतिक चिह्न (लोगो) बाट समेत ललितकला संस्था नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान अधिनस्थ कला कौशल विभागअन्तर्गत रहेको भन्ने पुष्टि हुन आउँछ । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१ मा भएको व्यवस्था अध्ययन गर्दा उक्त ऐनको दफा ८ बमोजिम गठित प्राज्ञ सभा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सर्वोच्च अङ्ग र ऐ. को दफा ९ बमोजिम गठित प्राज्ञ परिषद् प्रतिष्ठानको कार्यकारी हैसियतमा रहेको प्रतिष्ठानको अङ्ग भन्ने देखिन आउँछ । ललितकला संस्थाको सल्लाहकार समितिले समेत आफ्ना सल्लाह सुझाव प्राज्ञ परिषद्समक्ष पेस गर्ने भन्ने उल्लिखित कार्यविधिको व्यवस्थाबाट समेत तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको विभागीय अङ्गहरूको साङ्गठनिक सोपान स्पष्ट हुन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको मिति २०३४।९।२७ मा बसेको चौथो वार्षिक साधारण सभाको निर्णय नं. २ मा सभाले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानअन्तर्गत नेपाल ललितकला संस्था (नाफा) गाभिएकोमा सोको अनुमोदन गर्‍यो भन्ने वाक्य र निर्णय नं. ३ मा सभाले ललितकला संस्थाको २०३४।३५ को लागि बजेट समर्थन गर्‍यो भनी उल्लेख भएको पाइन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषद्को मिति २०४२।४।६ को बैठक संख्या १७-२०४२ को निर्णय नं. ६ मा महाराजधिराजको निर्देशानुसार नेपाल ललितकला संस्था (नाफा) को बजेट प्रज्ञा प्रतिष्ठानको मूल बजेटमा समावेश गरी कला विधाअन्तर्गत हिसाब राख्ने तथा संस्था (नाफा) को सम्पत्ति प्रज्ञा प्रतिष्ठानमा गाभ्ने भनी निर्णय भएकोमा सोको कानूनी आधार हेर्दासमेत नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१ को दफा ९ बमोजिम गठित प्राज्ञ परिषद्लाई ऐ. को दफा १० को उपदफा (१) को खण्ड (छ) मा उल्लिखित प्रज्ञा प्रतिष्ठानको लागि चल अचल सम्पत्ति प्राप्त गर्ने, बेचबिखन र नामसारी गर्ने कार्यको सम्बन्धमा आवश्यक निर्णय गर्ने भन्ने व्यवस्था उल्लेख भएबाट समेत नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषद्लाई त्यसप्रकारको निर्णय गर्ने अधिकार विधायिकाले नै प्रदान गरेको देखिँदा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट भएको उक्त निर्णयलाई गैरकानूनी भन्न नमिल्ने ।

नेपाल ललितकला संस्था २०३४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानअन्तर्गत जाँदा उक्त संस्थाको हक र दायित्व तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा सरेको कुरामा ललितकला संस्थाको वैधानिक सहमति हुनुपर्छ पर्दैन भन्ने कुरासमेत हेर्नुपर्ने भई त्यसतर्फ विचार गर्दा, आधुनिक विधिशास्त्रीय मान्यताअनुसार कानूनबमोजिम स्थापना भएको संस्थाले कानूनी हैसियत वा व्यक्तित्व प्राप्त गर्न केही आवश्यक सर्तहरू पूरा गरेको हुनुपर्दछ वा कानूनी व्यक्तित्वको विधायिकी मान्यता प्राप्त गरेको हुनुपर्दछ । संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्न त्यस्तो संस्था कानूनबमोजिम संस्थापित भएको हुनुपर्ने, हक र दायित्व कानूनद्वारा नै निर्धारित हुनुपर्ने, नालिस उजुर गर्नसक्ने कानूनी सक्षमता ग्रहण गर्नुपर्ने, उत्तराधिकार र खारेजीको परिणाम जस्ता कुराहरू कानूनद्वारा नै व्यवस्थित भएको हुनुपर्दछ । कुनै पनि संगठित संस्था वा निकायले कानूनी हैसियत प्राप्त गर्न कम्तीमा पनि ३ सर्तहरू पूरा गर्नुपर्दछ - पहिलो, संस्थाको जन्म वा अस्तित्व कुन कानूनद्वारा प्रकाशमा आएको हो सो कुरा खुलेको हुनुपर्दछ । दोस्रो, त्यस्तो संस्थाको नामसहितको पहिचान हुनुपर्दछ र तेस्रो, त्यस्तो निकाय वा संस्थाको हक र दायित्वको यकिन कानूनद्वारा नै गरिएको हुनुपर्दछ । नेपाल ललितकला संस्था (नाफा) तत्कालीन समयमा कुन कानूनद्वारा स्थापित भएको थियो, यसलाई सञ्चालन गर्ने विधान वा संयन्त्र के हो, संस्थाको सर्वोच्च अधिकार प्रयोग गर्ने अङ्ग कुन हो भन्नेजस्ता कुराहरू मिसिल संलग्न कागज प्रमाणबाट खुलेको देखिँदैन । तत्कालीन परिवेशमा शाही आदेशबाट ललितकला संस्थाको

स्थापना भई शाही आदेशद्वारा नै कालान्तरमा सो संस्था नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा गाभिएको भन्ने देखिन आएको छ । नेपालको संविधान, २०१९ को धारा २० अनुसार अधिकारको स्रोत नै श्री ५ रहेको हुँदा सार्वभौमसत्ताको एकलौटी अभ्यास पनि श्री ५ बाटै हुने गरेको भन्ने संवैधानिक व्यवस्था रहे भएको पाइयो । सोही धाराको को उपधारा (२) बमोजिम नेपालको कार्यकारी, विधायिकी र न्यायसम्बन्धी अधिकार मौसुफबाट नि:सृत हुने भन्नेसमेतको संवैधानिक व्यवस्था रहेको देखिन्छ । त्यसप्रकारको संवैधानिक व्यवस्थामा नेपाल ललितकला संस्था (नाफा) लाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानअन्तर्गत राख्ने भनी राजदरबारले नै मिति २०३४।२।२४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको कार्यलाई गैरकानूनी भन्न नमिल्ने हुँदा प्रस्तुत सूचना जारी गर्ने कार्यबाट नेपाल ललितकला संस्था (नाफा) को अस्तित्व नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानअन्तर्गत रहे गएको मान्नुपर्ने ।

संवत् २०३१ सालमा जारी भएको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन मिति २०५०।११।२५ मा खारेज भई अर्को नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० जारी भएको पाइन्छ । सो ऐनको दफा २९ को उपदफा (२) मा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको लेनदेन, कारोबार, ऋण, धनलगायतका सम्पूर्ण अधिकार र दायित्व यस ऐनबमोजिमको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको हुने छ भनी उल्लेख भएको र ऐ. को दफा ३ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१ बमोजिम भए गरेका कामकारबाही यसै ऐनबमोजिम भए गरेको मानिने भनी उल्लेख भएको देखिँदा साबिकको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको उत्तराधिकार संवत् २०५० सालको ऐनबमोजिम गठन भएको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले ग्रहण गरेको र मिति २०६४।०५।३१ मा नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ जारी हुँदा सो ऐनको दफा ३६ को उपदफा (१) द्वारा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० खारेज गरी ऐ. को उपदफा (२) मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० बमोजिम भए गरेका सम्पूर्ण कामकारबाही यसैबमोजिम भए गरेको मानिने भनी उल्लेख भएको हुँदा हालको नेपाल प्रज्ञा प्रतिष्ठान साबिककै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कानूनी उत्तराधिकार ग्रहण गरेको कानूनी व्यक्ति भएको कुरा सो कानूनद्वारा स्थापित भएको देखिन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० र नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को उद्देश्य, आवश्यकता र अन्तरवस्तुमा केन्द्रित भई तुलनात्मक अध्ययन गरी हेर्दा संवत् २०५० सालमा जारी भएको अधिल्लो ऐनको प्रस्तावनामा नेपालको साहित्य, कला, कौशल, सङ्गीत, नाट्य, संस्कृति, सामाजिक शास्त्रसम्बन्धी.....अध्ययन अन्वेषणलगायतका काम गरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलाई समयानुकूल बढी सक्षम बनाउन वाञ्छनीय भएकोले यो ऐन जारी भएको भनी उल्लेख भएको, सोहीको दफा ५ को उपदफा (२) मा प्रतिष्ठानअन्तर्गत (क) भाषा-साहित्य, (ख) साँस्कृतिक-सामाजिक शास्त्र, (ग) नाट्य-सङ्गीत र (घ) कला-कौशल गरी जम्मा ४ वटा विभागहरू रहने व्यवस्था गरिएको, ऐ. को दफा ७ बमोजिम गठन हुने प्राज्ञ सभा (प्रज्ञा प्रतिष्ठानको सर्वोच्च अङ्ग) मा साहित्य, सङ्गीत र कला कौशलका विज्ञ सम्मिलित विधागत विविधतासहितको प्रतिनिधित्व हुने भन्ने व्यवस्था रहेको, दफा ८ बमोजिम सभाको काम, कर्तव्य र अधिकारको विविधीकरण भएको कारणले तत्कालीन प्रज्ञा प्रतिष्ठानको समग्र प्राज्ञिक कार्यले मुलुकको साहित्य, कला, कौशल र सङ्गीत विधालाई समेटेको पाइन्छ भने नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को प्रस्तावना र ऐ. को दफा ३ मा उक्त ऐनको मूल उद्देश्य भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रको सम्बर्द्धन, संरक्षण र विकासमा केन्द्रित रहने भनी उल्लेख भएको, ऐ. को दफा ५ मा भएको प्रतिष्ठानको काम, कर्तव्य र अधिकारको व्यवस्था, दफा ७ बमोजिम गठन हुने सभाको

प्रतिनिधत्व, उल्लिखित भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विषय विधामा केन्द्रित रहेको पाइन्छ । अर्कोतर्फ, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को प्रस्तावनामा नेपालमा ललितकलाको संरक्षण, सम्बर्द्धन, प्रवर्धन एवम् सर्वाङ्गीण विकास गर्न... नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको स्थापना भएको, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को प्रस्तावनामा नेपालमा सङ्गीत तथा नाट्य विधाको संरक्षण, सम्बर्द्धन, प्रवर्धन एवम् सर्वाङ्गीण विकास गर्न... नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान स्थापना भएको भन्ने व्यवस्था उल्लेख गरी नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ मा यस ऐनद्वारा गठित नेपाल प्रज्ञा प्रतिष्ठान, साबिकको राजकीय प्रज्ञा प्रतिष्ठानको निरन्तरता भएको भन्ने उद्घोष, सोहीको उपदफा (५) बमोजिम तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठानको नामको सम्पत्ति प्रज्ञा प्रतिष्ठान, ललितकला प्रतिष्ठान र सङ्गीत प्रतिष्ठानमा बाँड्ने भनी भएको कानूनी व्यवस्थाको समुचित मूल्याङ्कन गर्दा यसभित्रको विधायिकी मनसाय नेपालको भाषा, साहित्य, सङ्गीत र कलाको क्षेत्रमा क्रियाशील नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको एकीकृत उद्देश्यलाई गणतन्त्र नेपालको नयाँ परिवेशमा विशिष्टीकृत गरी भाषा र साहित्यको क्षेत्रमा नेपाल प्रज्ञा प्रतिष्ठान, कला कौशलको विधामा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र सङ्गीत एवम् नृत्यको क्षेत्रमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई केन्द्रित गराई कला साहित्यको विधागत विशिष्टीकरण गरी साबिकको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको वास्तविक र मौलिक स्वरूपलाई नेपाल प्रज्ञा प्रतिष्ठानमा कायम राखेको देखिन्छ भने कला र सङ्गीत विधाको विकास र उत्थानका लागि क्रमश: ललितकला र सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको स्थापना गरेको देखिने ।

नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ को उपदफा)१ (र) २ (मा भएको कानूनी व्यवस्था अध्ययन गरी हेर्दा नेपाल प्रज्ञा प्रतिष्ठान साबिकको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कानूनी हकको उपभोग र दायित्व निर्वाह गर्ने उत्तराधिकारवाला संस्था भएको देखिन्छ भने निवेदक ललितकला प्रज्ञा प्रतिष्ठान गठन गर्ने उल्लिखित ऐनमा ललितकला प्रज्ञा प्रतिष्ठान कुन संस्था वा निकायको उत्तराधिकार ग्रहण गरेको कानूनी व्यक्ति हो भन्ने कुरा उल्लेख भएको नभई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐनकै दफा ४ मा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुने भनी उल्लेख भएको हुँदा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान कुनै संस्थाको कानूनी उत्तराधिकारवाला संस्था नभई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम संस्थापित भई सोही ऐनबमोजिम स्वतन्त्र अस्तित्व र हैसियतमा कानूनी व्यक्तित्व ग्रहण गरेको सङ्गठित संस्था भएको देखिने ।

निवेदक ललितकला प्रतिष्ठानले साबिकको ललितकला संस्था (नाफा) आफ्नो मातृसंस्था भएको र दाबीको सम्पत्ति आफूले भोगचलन गरी तिरो तिर्दै आएकोले ललितकला संस्था (नाफा) को नामको सम्पत्तिमा स्वतः आफ्नो हक लाग्ने भनी दाबी लिएको अवस्थामा निवेदक नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नै साबिकको नेपाल ललितकला संस्था (नाफा) को निरन्तरता हो होइन भनी निरूपण गर्नुपर्ने प्रश्न सम्बन्धमा गर्नुपर्ने निर्णय सम्बन्धमा विचार गर्दा, कानूनद्वारा स्थापना हुने संस्थाको संस्थागत व्यक्तित्व र यसको उत्तराधिकारको हैसियत कसरी स्थापित हुन्छ भनी हेर्नुपर्ने हुन्छ । कानूनद्वारा स्थापित संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्न आफू जीवित रहेको वा कानूनबमोजिमको अस्तित्व भएको प्रमाण पुऱ्याउनु पर्ने हुन्छ । जसरी प्राकृतिक व्यक्तिले व्यक्तित्त्व प्राप्त गर्न उसमा जैविक गुणको जरूरत पर्छ त्यसैगरी कानूनी व्यक्तिले पनि व्यक्तित्व प्राप्त गर्न आफ्नो कानूनी जीवन्तता वा अस्तित्व देखाउन सक्नुपर्दछ । कानूनी व्यक्तिको त्यस्तो जीवन्तता सम्बद्ध कानूनले व्यवस्था गरेबमोजिम आधिकारिक रूपमा दर्ता भएको, विधान

वा संस्था सञ्चालनको वैधानिक संयन्त्र भएको, संस्थाले निरन्तर गतिविधि गरेको, संस्थाद्वारा भए गरेका कामको वैधानिकताका लागि संस्थाको सर्वोच्च अङ्गद्वारा अनुमोदन गरिएको, कानूनबमोजिम नवीकरण गर्नुपर्ने भए सो भए गरेको कुरा देखिनु पर्दछ । संस्था गाभेमा, गाभिएमा, हक र दायित्व सर्ने भएमा सोको कानूनी सम्बन्धसमेत परिभाषित गरिदिनु पर्दछ वा संस्थाको अविच्छिन्न उत्तराधिकार कानूनबमोजिम परिभाषित भएको हुनुपर्दछ । संवत् २०३४ सालदेखि नै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा गाभिई छुट्टै र स्वतन्त्र अस्तित्वमा गतिविधि नगरेको ललितकला संस्था (नाफा) नै हामी निवेदकको मातृसंस्था हो र संवत् २०६४ सालमा जन्मेका हामी निवेदक त्यस संस्थाका सन्तान हौँ, सम्पत्तिमा हकभोग हाम्रै छ, त्यसैले ललितकला संस्थाको सम्पत्तिमा स्वामित्व पनि हाम्रै हुनुपर्छ भनी निवेदकले लिएको दाबीमा यस्तो सम्बन्धलाई स्थापित गर्ने कानूनी आधारको अभाव रहेको देखिन्छ । प्राकृतिक व्यक्तिसरह कानूनी व्यक्तिको कुनै पुस्तावारी हुँदैन । अंशहक र अपुताली जस्तो सम्पत्तिमाथि पुस्तौनी र वंशीय अधिकार कानूनी व्यक्तिलाई प्राप्त हुन सक्तैन । अविच्छिन्न उत्तराधिकारसम्म हुने हो । संस्था वा कानूनी व्यक्ति कानूनबमोजिम स्थापित हुन्छ । कानूनबमोजिमको हक उपभोग गर्छ । दायित्वको निर्वाह गर्छ । प्राप्ति वा गाभ्ने / गाभिने क्रिया हुन सक्छ । विघटनमा जानसक्छ । अर्थात्, कानूनी व्यक्तिको अधिकार र दायित्वको निर्धारण पनि कानूनबमोजिम नै गरिएको हुन्छ । नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम गठित नेपाल प्रज्ञा प्रतिष्ठान एक स्वशासित र स्वायत्त सङ्गठित संस्था भएको उल्लेख सो ऐनमै भएको हुँदा सोही संस्थाको साङ्गठनिक संरचनाभित्र रहेको अन्य कुनै अङ्ग वा समिति वा विभागस्तरको इकाइले छुट्टै स्वायत्तता र कानूनी व्यक्तित्व ग्रहण गर्न सक्ने अवस्था हुँदैन । एउटा स्वशासित सङ्गठित संस्थामा एकभन्दा बढी कानूनी व्यक्तित्व जीवित रहनसक्ने अवस्था पनि हुँदैन । अतः संवत् २०२२ सालमा स्थापित भई २०३४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा गाभिन पुगेको नेपाल ललितकला संस्थाको स्वन्त्र कानूनी अस्तित्व हालसम्म नै रहिरहेको भन्न मिल्दैन । संवत् २०६४ सालमा स्वतन्त्र हैसियतमा कानूनबमोजिम संस्थापित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले साबिकको ललितकला संस्थाको कानूनी उत्तराधिकार ग्रहण गरेको भन्न मिलेन । निवेदक नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको मातृसंस्था साबिकको ललितकला संस्था (नाफा) नभई तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान अर्थात् हालको नेपाल प्रज्ञा प्रतिष्ठान भएको तथ्य स्थापित हुन पुगेको छ । निवेदक नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तत्कालीन नेपाल ललितकला संस्था (नाफा) को निरन्तरता नभई छुट्टै ऐनद्वारा २०६४ सालमा स्थापित स्वायत्त र सङ्गठित संस्था भएको देखिन्छ । तसर्थ, ललितकला संस्था (नाफा) को सम्पत्तिमा स्वामित्व पनि हाम्रै हुनुपर्छ भन्ने निवेदन जिकिर कानूनसङ्गत नदेखिने ।

भोगाधिकारबाट सम्पत्तिमा स्वामित्व स्थापित हुन्छ, हुँदैन भनी ठहर गर्नुपर्ने अर्को प्रश्नका सम्बन्धमा विचार गर्दा, निवेदक ललितकला प्रतिष्ठानले ललितकला संस्थाको नाममा रहेको दाबीको सम्पत्ति आफूले भोग गरी तिरोसमेत तिरी आएकोले उक्त सम्पत्तिको स्वामित्व पनि ललितकला प्रज्ञा प्रतिष्ठानकै हुने भनी जिकिर लिएको अवस्था छ । प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार यस्तो दाबीलाई समर्थन गर्ने भार निवेदकमै रहने भए पनि निवेदक प्रतिष्ठानले कहिलेदेखि के कुन हैसियतमा सो जग्गाको तिरो तिरेको हो भन्ने दाबीलाई समर्थन गर्ने कागज प्रमाण पेस गर्न सकेको देखिएन । सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय (संस्कृति शाखा) द्वारा लेखिएको च.नं.१०६७ मिति २०६७।१।२ को पत्रमा नेपाल सरकारको निर्णयानुसार गठन भएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरूको

कार्यकक्षको लागि नेपाल ललितकला संस्थाले प्रयोग गरेको भवन तथा फर्निचर उपलब्ध गराई दिनुहुन तथा अर्को व्यवस्था नभएसम्मको लागि नेपाल ललितकला संस्थामा कार्यरत कर्मचारीलाई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा कामकाज गर्न खटाई दिनुहुन भनी नेपाल प्रज्ञा प्रतिष्ठानलाई अनुरोध गरेको देखिँदासमेत त्यस बखतसम्म ललितकला संस्था (नाफा) को उद्देश्यपरक लिगेसीको रूपमा भइरहेका कामकारबाही, सम्पत्ति र कर्मचारीको रेखदेख र खटनपटनको प्राधिकार नेपाल प्रज्ञा प्रतिष्ठानमै रहेको देखिन आउँछ । ललितकला प्रतिष्ठानले हाल उपभोग गरिआएको भवन र दाबीको सम्पत्तिसमेत कुनै कानूनी वा स्वतन्त्र हैसियतमा पाएको नभई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको उल्लिखित पत्रको आधारमा नेपाल प्रज्ञा प्रतिष्ठानले प्रयोगको लागिसम्म उपलब्ध गराएको भन्ने देखिन्छ । यसप्रकार, सुविधास्वरूप भोगचलन गर्न दिएको सम्पत्तिमा ललितकला प्रतिष्ठानले आफ्नो स्वामित्व रहन्छ भनी लिएको दाबीलाई कानूनसङ्गतको दाबी हो भनी मान्न मिलेन। सम्पत्तिमा स्वामित्वको दाबी गर्न या त आफ्नो निर्विवाद हक पुष्टि गर्नसक्नु पर्दछ या त आफू ललितकला संस्थाको कानूनी उत्तराधिकारी भएको कुरा प्रमाणबाट देखाउन सक्नु पर्दछ। कुनै वस्तुमाथिको कब्जा र भोगाधिकार स्वामित्व प्राप्तिको आधार बन्न सक्छ तर स्वामित्व प्राप्त भई नसकेको वस्तुमाथि व्यक्तिको अनन्त अधिकार भने कायम हुन सक्दैन (ने.का.प. २०७३, अङ्क ३, निर्णय नं. ९५७०, उत्प्रेषण / परमादेश, कल्लु थारू विरूद्ध जिल्ला वन कार्यालय, बर्दिया), नेपाल सरकारको स्वामित्वमा रही भोग गर्नसम्म दिएको जग्गाको स्वामित्ववाला नेपाल सरकारले अन्य संस्थालाई दिन नपाउने भनी अर्थ गर्न नमिल्ने (ने. का.प. २०७१, अङ्क १, निर्णय नं.९१०४, मुद्दा- उत्प्रेषण, सहयोगी उच्च माध्यमिक विद्यालय विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) भनी सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थासमेत हुँदा निवेदक प्रतिष्ठानले ललितकला संस्था (नाफा) सँग आफ्नो त्यस्तो सार्थक कानूनी सम्बन्ध र अधिकार प्रमाणद्वारा पुष्टि गर्न सकेको अवस्थासमेत नहुँदा निवेदकको यस प्रश्नमा निहित दाबी समर्थित नहुने।

मन्त्रिपरिषद्ले नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ को उपदफा (५) उद्धृत गरी गरेको निर्णयबाट बन्डा गरिएको सम्पत्ति नेपाल सरकारको आफ्नो वा नेपाल प्रज्ञा प्रतिष्ठानको नभई ललितकला संस्था (नाफा) को हो । ऐनले अधिकार दिएभन्दा अर्कैको संस्थाको सम्पत्ति बाँडफाँड गर्ने गरी गरेको मन्त्रिपरिषद्को निर्णय कानूनसम्मत भएन भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा, मन्त्रिपरिषद्को उल्लिखित निर्णय र मिसिल संलग्न कागजातबाट बन्डा गरिएको सम्पत्तिको दर्ता स्रेस्ताको जग्गाधनीको नामको महलमा नेपाल ललितकला संस्था भनी उल्लेख भएको अवस्था छ । साबिकको नेपाल ललितकला संस्था (नाफा) को स्वतन्त्र अस्तित्व कायम नरही सो संस्था तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा गाभिएको तथ्य माथिकै प्रकरणहरूबाट स्थापित भइसकेको अवस्थामा गाभिएर जाने संस्थाको पूर्ववत् हक र दायित्व गाभिएपछि बन्ने संस्थामा सर्ने कानूनी व्यक्तित्वको सैद्धान्तिक कसीमा नेपाल ललितकला संस्था (नाफा) को हक र दायित्व पनि सो संस्था गाभिएको मिति उप्रान्त नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा नै सरेको मान्नुपर्दछ । मुलुकी ऐन, जग्गा पजनीको महलको २क नं. को व्यवस्थाअनुसार नामसारी दाखिल खारेज गर्ने प्रयोजनार्थ हदम्यादको बन्देज नभएको हुँदा नामसारीको प्राविधिक विषयका कारण मात्र हकवालाको हक स्वामित्व नै कायम नरहने भन्न पनि मिल्दैन । यस प्रयोजनको निमित्त अर्थात् नेपाल प्रज्ञा प्रतिष्ठानको नाममा उक्त सम्पत्तिको दर्ता स्रेस्ता कायम भई नसकेको स्थितिमा साबिकवालाको नामबाट हालवालाको नाममा नामसारी दाखिल खारेज गर्ने कुरा अभिलेख अध्यावधिकसँग सम्बन्धित कार्य हो । अभिलेख अद्यावधिक नगरेकै कारणबाट मात्र

हकदारको हक नै गएको भन्न मिल्दैन । सिद्धान्ततः राज्यभित्रको सम्पत्तिको अन्तिम स्वामी राज्य नै हो । राज्यले प्राकृतिक व्यक्तिको सम्पत्ति जग्गाधनी प्रमाणपुर्जा बिना लिन नपाउने भए पनि Eminent Domain को सिद्धान्तअनुसार कानूनी उत्तराधिकार यकिन नभए पनि त्यस्तो सम्पत्तिको स्वामी बेवारिसे हुन सक्तैन । हकदार स्वामी यकिन नभएमा राज्य नै त्यस्तो सम्पत्तिको मालिक हुन्छ । नेपाल ललितकला संस्था कानूनतः अस्तित्व नै नरहेको भन्ने तथ्य स्थापित भइसकेपछि सो संस्थाको नाममा रहेको सम्पत्ति संस्था नरहे पनि अनन्तकालसम्म सोही संस्थाकै भइरहन्छ भन्न मिल्दैन । नेपाल ललितकला संस्था (नाफा) नेपाल प्रज्ञा प्रतिष्ठानमा गाभिइसकेको र विधायिकी कानूनले नै नेपाल प्रज्ञा प्रतिष्ठानको सम्पत्ति बाँडफाँड गर्ने अधिकार नेपाल सरकारलाई दिएको तथा नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ अनुसार नेपाल सरकार, मन्त्रिपरिषद्को अन्तर्निहित अधिकारअन्तर्गत नीतिगत विषयमा भएको उल्लिखित निर्णयलाई गैरकानूनी ठहर गर्न मिल्दैन । अतः नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२।६।२२ को यस विवादसँग सम्बन्धित सम्पत्ति बाँडफाँडको उल्लिखित निर्णय कानूनबमोजिम नै भएको देखिने ।

मन्त्रिपरिषद्ले उल्लिखित निर्णय गर्दा निवेदक प्रतिष्ठानलाई कुनै जानकारी नै नदिई, सुनुवाइको मौकाबिना नै सम्पत्तिको बाँडफाँड गरिदिएको र बाँडफाँडमा नरमकरम नमिलाएकोले आफूलाई मर्का परेको भन्ने निवेदन दाबीको सम्बन्धमा विचार गर्दा, मन्त्रिपरिषद्को उक्त निर्णयबाट नेपाल प्रज्ञा प्रतिष्ठानको सम्पत्ति बाँडफाँड गरिएको तथा निवेदक ललितकला प्रज्ञा प्रतिष्ठानको नाममा कुनै दायित्व सिर्जना नगरिएको हुँदा निवेदक प्रतिष्ठानको कानूनी हकमा प्रतिकूल असर परेकोसमेत देखिँदैन । तथापि, नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ को उपदफा (५) बमोजिम नेपाल प्रज्ञा प्रतिष्ठानको सम्पत्ति र दायित्व बाँडफाँड गर्न गठित अध्ययन तथा सिफारिस समितिको मिति २०७२।६।१८ मा बसेको बैठकमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको तर्फबाट प्रतिष्ठानका कुलपतिको उपस्थिति रहेको र मन्त्रिपरिषद्को उल्लिखित विवादित निर्णयसँग मिलेको बेहोराकै सो बैठकको निर्णयमा ललितकला प्रतिष्ठानको तर्फबाट सहभागी भई निजले असहमतिसमेत प्रकट गरेको पाइन्छ । सुनुवाइको मौका पाउनुको अर्थ आफ्नो कुरा राख्ने उचित र पर्याप्त अवसर पाउनु हो, सो विषयमा सहमति नै हुनुपर्छ भन्ने होइन । बैठकमा उपस्थित भई सोही विषयमा आफ्नो असहमति प्रकट गरिसकेपछि सफाइको मौका पाइएन भन्ने तथ्य स्वयम्मा खण्डित भएको अवस्था हुँदा सो निवेदन मागदाबी र निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन । त्यसै, नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ को उपदफा (५) बमोजिमको व्यवस्था कार्यान्वयनका लागि प्रज्ञा प्रतिष्ठानका सदस्य-सचिवको संयोजकत्त्वमा बनाइएको अध्ययन समितिको प्रतिवेदन नै नलिई मन्त्रिपरिषद्ले गरेको उक्त निर्णय मिलेको छैन भन्नेसमेत निवेदन जिकिर रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४३ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद्को काम कारबाहीलाई आफैँले नियमित सर्नसक्ने अधिकार तत्कालीन संविधानले नै नेपाल सरकार मन्त्रिपरिषद्लाई दिएको देखिन्छ । कुनै विषयमा प्रतिवेदन लिई वा नलिई निर्णय गर्ने अधिकार नेपाल सरकार, मन्त्रिपरिषद्लाई हुने नै देखिँदा प्रतिवेदन तयार गर्ने अवधि समाप्त भइसकेपछि पनि सहमति नभई प्रतिवेदन बुझाउन नसकेपछि कानूनबमोजिम सम्पत्ति बाँडफाँड गर्नुपर्ने सरकारको जिम्मेवारीलाई लामो समयसम्म अनिर्णयको बन्दी बनाउन मिल्ने देखिँदैन । यस्तो अवस्थामा भएको नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयले वैधानिकता पाउने ।

अतः मिति २०३४।०२।२४ मा नै नेपाल ललितकला संस्था (नाफा) लाई विघटन गरी तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानअन्तर्गत राख्ने श्री ५

महाराजधिराजको निर्णय रहेको र नेपाल ललितकला संस्था (नाफा) को सम्पत्ति तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा गाभ्ने भनी मिति २०४२।४।६ मा बसेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्राज्ञ सभाको बैठक नं. १७।०४२ बाट निर्णय भइसकेको अवस्थामा नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ३६ को उपदफा (५) बमोजिम नेपाल प्रज्ञा प्रतिष्ठानको सम्पत्ति नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई बाँडफाँड गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।६।२२ को मन्त्री परिषद् बैठक संख्या ४०।०७२ बाट भएको उल्लिखित निर्णय कानूनसम्मत नै भएको देखिँदा रिट निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, माथि उल्लेख गरी विवेचना गरिएका संवैधानिक र कानूनी व्यवस्था तथा तथ्यगत र कानूनी आधार एवम् कारणसमेतका आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल भदौ १८ गते रोज ४ शुभम्।

इजलास नं. १४

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७५-RB-०६३४, बैंकिङ कसुर, नेपाल सरकार वि. सरोज तिमिल्सिना

प्रतिवादी सरोज तिमिल्सिनाले आफूले जाहेरवाला इन्द्रबहादुर भण्डारीलाई तिर्नुपर्ने उल्लिखित रकम तिरी सकेको र सो कुरालाई निज जाहेरवालाले पनि समर्थन हुने गरी बकपत्र गरेको अवस्था रहेको, प्रतिवादीका साक्षीले समेत सो भनाइलाई समर्थित हुने गरी बकपत्र गरिदिएको, अभियोगपत्रमा समेत यी प्रतिवादीले जाहेरवालालाई तिर्नुपर्ने उल्लिखित बिगोको मागदाबी नरहेको अवस्थामा यी प्रतिवादीलाई कसुरदार ठहर गर्नु न्यायोचित हुने देखिन नआएबाट उच्च अदालत पाटन, हेटौंडा इजलासबाट यी प्रतिवादी सरोज तिमिल्सिनाउपर बैंकिङ कसुरको अभियोग मागदाबी पुग्न नसक्ने ठहऱ्याई भएको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

उल्लिखित विवेचित आधार र कारणसमेतबाट प्रतिवादी सरोज तिमिल्सिनालाई बैंकिङ (कसुर तथा सजाय) ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) अनुसार प्रतिवादी सरोज तिमिल्सिनाउपर बैंकिङ कसुरको अभियोग मागदाबी पुग्न नसक्ने ठहऱ्याई भएको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७५।९।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल कात्तिक ४ गते रोज २ शुभम्।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७५-RB-०६५१, बैंकिङ कसुर, *आशाकाजी लामा वि. नेपाल सरकार*

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन नहुने" भन्ने व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा कसैले कसैलाई पनि आफ्नो खातामा पर्याप्त रकम मौज्दात नभएको अवस्थामा चेक काटी दिई सो चेकको भुक्तानी हुन नसकेमा उक्त कार्य बैंकिङ कसुर हुन्छ भन्ने कानूनको मकसद नै रहेको हुन्छ। प्रतिवादी आशाकाजी लामाले जाहेरवाला सम्झना वाग्ले (न्यौपाने) लाई रू. १०,००,०००।- (दश लाख रुपैयाँ) को चेक काटी निज प्रतिवादीको कृषि विकास बैंक शाखा कार्यालय, धुलीखेलको खातामा उक्त रकम रहेको भनी चेक दिएको र निज जाहेरवालाले सो चेक साट्नका लागि बैंकमा जाँदा उल्लिखित रकम खातामा नभएको भनी बैंकबाट जानकारी पाएको अवस्थामा

निज प्रतिवादीको उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) अन्तर्गतको कसुर गरेको मान्नुपर्ने हुने ।

प्रतिवादीउपरको किटानी जाहेरी, भुक्तानी हुन नसकी फिर्ता भई बाउन्स भएको चेक, प्रतिवादीको खातामा पर्याप्त रकम नभएकाले चेक सटही हुन नसकेको भन्ने कृषि विकास बैंक तथा एभरेष्ट बैंकको पत्रहरू, घटना विवरण कागज गर्ने संजय पोखरेलसमेतको भनाइलाई निजले अदालतमा गरेको बकपत्रबाट समर्थन गरेको, प्रतिवादीको मौकाको साबिती बयानसमेतबाट प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुर गरेको पुष्टि हुन आएकाले उच्च अदालत पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने ।

उल्लिखित विवेचित आधार, कारण र कानूनी व्यवस्थासमेतबाट प्रतिवादी आशाकाजी लामालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ दफा १५(१) बमोजिम १५ दिन कैद र बिगोबमोजिम रू.१०,००,०००।- (दश लाख रूपैयाँ) जरिवाना हुने र जाहेरवालाले उक्त बिगोबमोजिमको रकम प्रतिवादीबाट भराई लिन पाउने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५।३।१० फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल कात्तिक ४ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७५-CR-११३१, जबरजस्ती करणी र कर्तव्य ज्यान, *एकराज चलाउने वि. नेपाल सरकार*

प्रतिवादी एकराज चलाउनेले वारदात हुँदा लगाएको कपडा र वारदातस्थलमा फेलापरेको जनावरको हड्डी आफूले वारदातमा प्रयोग गरेको भनी सनाखतसमेत गरेको पाइन्छ । निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसममक्ष बयान गर्दा मिति २०७२।१२।१४ गते म मृतकको घरमा गएको थिएँ । मृतक बच्ची एक्लै घरमा भएको हुँदा निजलाई करणी गर्न मन लागी घर नजिकै खोल्सामा लगि लडाई निजको योनिमा औला छिराई लिङ्ग छिराउन खोज्दा छिरेन बच्ची जोडले चिच्चाएर रोएकोले त्यसै छाड्दा आमा बुबालाई भन्छे भन्ने ठानी बायाँ हातले बच्चीको घाँटी समाती दाँया हातले नजिकै भएको जनावरको हड्डीले मृतकको मुखमा कोची ढलेपछि निज छटपछाइ मर्न लागेपछि त्यहाँबाट भागेको हुँ भनी लेखाएको देखिन्छ भने अदालतमा बयान गर्दासमेत मृतकलाई घाँटी निमोठी छेउमा फेला परेको हड्डीले मुखमा कोचेर मारेको हुँ भन्ने लेखाएको देखिन्छ । आफ्नी नाबालिका छोरी मिना कुमाईलाई प्रतिवादी एकराज चलाउनेले जबरजस्ती करणी गरी कर्तव्य गरेर हत्या गरेका हुँदा कारबाही गरिपाउँ भनी मृतकको बुबा टीकाराम कुमाईले जाहेरी दिएको देखिन्छ । निजले अदालतमा आई बकपत्र गर्दासमेत सोही बेहोरा उल्लेख गरेको पाइन्छ । मृतकको लासजाँच प्रकृति मुचुल्का हेर्दा, नाक र मुखबाट रगत जस्तो पदार्थ बगेको, घाँटीमा ४ इन्च लामो,१.५ इन्च चौडाइको निलडाम, गालाको भित्रीभागमा निलडाम, योनिबाट रगत जस्तो रातो पदार्थ बगेको भन्ने देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा विभिन्न घाउचोट देखिएको, योनिमा रगत बगेको, कन्या जाली च्यातिएको र मृत्युको कारण Throttling भन्ने उल्लेख भएको पाइन्छ । मृतकको योनिबाट रगत जस्तो रातो पदार्थ निस्केको भन्ने लासजाँच प्रकृति मुचुल्कामा उल्लेख भएको, घटनास्थल प्रकृतिको बेहोराले प्रतिवादीले मृतकको योनिमा औला र लिङ्गसमेत छिराउन खोजेको भन्ने तथ्यलाई पुष्टि गर्दछ । प्रतिवादी आफूले मृतकलाई जबरजस्ती करणी नै गरेको तथ्य मृतक १० वर्षकी नाबालिकाको कन्याजाली च्यातिएको साथै योनिबाट रगत आएको भन्ने घटनास्थल प्रकृति मुचुल्काको बेहोराले नै पुष्टि गरेको छ । जबरजस्ती करणी गरेर

पनि मृतकलाई हत्या गर्नुको मूल कारण मृतकलाई प्रतिवादीले करणी गर्दा दुखेर चिच्याएकी र त्यसलाई करणी गर्न दिन इन्कार गरेको र योनिबाट रगतसमेत बगेको कारणले सो कुराको तथ्य मृतकको बाबु आमालाई थाहा हुने र मृतकले पनि भनी दिने भइन् भन्ने आशंङ्काबाट नै मृतकलाई प्रतिवादीले मुखमा हड्डी कोचेर हड्डीले हानेर मारेको देखिन आउँछ । साथै मृतकलाई हत्या गरेको फोटोहरूसमेत मिसिलमा संलग्न गरेको पाइन्छ । प्रतिवादी एकराज चलाउनेले जाहेरवालाको वर्ष १० कि नाबालिका छोरी मिना कुमाईलाई ललाई फकाई विभिन्न बहाना गरी घरदेखि करिब २०० मिटर टाढा खोल्सामा लगी भुइँमा लडाई निजको सुरूवाल खोली जबरजस्ती आफ्नो लिङ्ग एवम् औंलासमेत मृतकको योनिमा पसाली जबरजस्ती करणी गरी मार्ने मनसायले घाँटीमा बाँया हातले थिची मुखभित्र बरामद जनावरको हड्डीसमेत कोचारी वीभत्स रूपमा कर्तव्य गरी हत्या गरेको कसुर स्थापित हुने देखिने।

प्रतिवादी एकराज चलाउनेले जाहेरवालाकी वर्ष १० की नाबालिका छोरी मिना कुमाईलाई जबरजस्ती करणी गरी जनावरको हड्डी मृतकको मुखजस्तो संवेदनशील अङ्गमा प्रहार गरी कर्तव्य गरेर वीभत्स तरिकाले हत्या गरेको भन्ने प्रतिवादीको मौकाको बयान, जाहेरवाला र बुझिएका मानिसहरूले किटानी बकपत्र गरी पुष्टि गरिदिएको देखिएबाट मुलुकी ऐन, जबरजस्ती करणीको कहलको १ नं. र ऐ. ज्यानसम्बन्धी महलको १३(३) को कानूनी व्यवस्था आकर्षित भई निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिमको कसुरदार ठहर गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।१२।२६ मा भएको फैसला मनासिब देखिँदा प्रतिवादीले आफूलाई सर्वस्वसहित जन्मकैदको सजाय चर्को भएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम न्यूनतम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित आधार र प्रमाणबाट मिति २०७२।१२।१४ गते जाहेरवाली १० वर्षकी नाबालिका छोरी मिना कुमाईलाई प्रतिवादी एकराज चलाउनेले जबरजस्ती करणी गरी कर्तव्य गरेर हत्या गरेको भन्ने तथ्य प्रतिवादीको मौकामा र अदालतसमक्ष गरेको बयान एवम् सनाखत कागज, जाहेरी दरखास्त, बुझिएका मानिसहरूले गरेको घटना विवरण कागज एवम् निजहरूले अदालतमा आई गरेको बकपत्र, घटनास्थल लासजाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, मृतकको फोटोहरूसमेतबाट पुष्टि भएको देखिँदा निज प्रतिवादी एकराज चलाउनेलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद सजाय हुने र ऐ. ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।१२।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादी एकराज चलाउनेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार भएको सर्वस्वसहित जन्मकैदको सजाय कार्यान्वयनतर्फ हेर्दा मिति २०७५।५।१ गते देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था रहेको पाइन्छ । त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ। तर त्यस्तो सजाय मुलुकी अपराध

संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ भन्ने व्यवस्था रहेको पाइन्छ । सोअनुसार निज प्रतिवादी एकराज चलाउनलाई माथि उल्लेख भएबमोजिमको सर्वस्वसहित जन्मकैदको सजायको लगत संशोधन गरी जन्मकैदको मात्र लगत राखी फैसलाको कार्यान्वयन गर्नु गराउनु भनी सुरू सल्यान जिल्ला अदालतमा लेखी पठाउने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

इति संवत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम् ।

इजलास नं. १५

१

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CI-०२६६, निषेधाज्ञा, *युगेश्वरकृष्ण पराजुली वि. भुवनेश्वरी भट्टसमेत*

निवेदकहरूले रिट निवेदनका साथमा दाबीको जग्गाहरूको धनीपुर्जाको प्रतिलिपि पेस गरेको देखिन्छ । मिसिल संलग्न सो जग्गाधनी प्रमाण पुर्जाहरूको प्रतिलिपिहरूबाट दाबीको जग्गाहरू निवेदकहरूको स्वामित्वमा रहेको देखिन आएको छ । निवेदकहरूको नाउँमा दर्ता स्रेस्ता रहेको जग्गामा कानूनबमोजिम नक्सा पास गरी घर निर्माण गरेको हदसम्म कानूनबमोजिम बाहेक हस्तक्षेप गर्न मिल्ने पनि नहुने ।

वस्तुतः रिट निवेदन दाबीका जग्गाहरू निवेदकहरूकै नाउँमा दर्ता स्रेस्ता कायम रहेको देखिन आएको छ । कानूनबमोजिम निवेदकहरूको नाउँमा दर्ता रहेका जग्गालाई निजहरूको निर्विवाद हकभोगमा रहेको सम्पत्ति भनी मान्नु पर्ने हुन्छ । सम्पत्तिको हक नागरिकको मौलिक हकको रूपमा रहेको परिप्रेक्ष्यमा कानूनबमोजिम बाहेक व्यक्तिको सम्पत्ति अधिग्रहण गर्न मिल्ने देखिँदैन । विपक्षी निकायबाट मिति २०७०।११।२४ मा सडक विस्तारसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरेकोसमेत देखिन्छ । सो सूचनाको बेहोराबाट कानूनबमोजिम नै सडकमा पर्न गएको व्यक्तिको घर जग्गा अतिक्रमण गरिने भन्ने देखिए तापनि रिट निवेदकहरू आफ्नो सम्पत्तिमा पर्न सक्ने आघातउपर समय, स्रोत र साधनसमेत खर्च गरी न्यायालयको ढोका ढक्ढकाउन आएको देखिँदा तत्कालीन पुनरावेदन अदालत पाटनबाट विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी भएको आदेशलाई अन्यथा भन्न मिलेन । पुनरावेदक काठमाडौं उपत्यका विकास प्राधिकरण र सहरी विकास मन्त्रालयको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः निवेदकहरूको नाममा रहेको दर्तावाला जग्गामा कानूनबमोजिम नक्सा पास गरी घर बनेको भए सो घरसम्म कानूनबमोजिमको प्रक्रिया पूरा नगरी मुआब्जासमेत नदिई निवेदकहरूको मागबमोजिम घर नभत्काउनु, सो घरले चर्चेको जग्गामा सम्म बाटो, पर्खाल निर्माण नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७६ साल वेशाख ३१ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना, *०६८-WO-०४६३, उत्प्रेषण, बेनीबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकहरूले दाबी लिएको जग्गाको मूल स्रोत साबिक कि.नं.१, क्षे.फ. २-१८-३-२ मध्येबाट जग्गा दाता मिथिलेशकुमार कर्णबाट खरिद गरी लिएका हौं भनेको अवस्था रहे भएबाट यी निवेदकका दाता मिथिलेशकुमार कर्णले आफू नापी कार्यालयमा हुँदा आराध्यदेव नन्दिकेश्वर महादेवस्थानको सार्वजनिक

जग्गा दूषित रूपमा दर्ता गरी यी निवेदकलाई बिक्री गरी कि.नं. २१ र २२ आफ्नो नाममा रहेको जग्गा सम्बन्धमा मिथिलेशकुमार कर्णले तत्कालीन पुनरावेदन अदालत जनकपुरमा मिति २०६०।८।२१ मा निषेधाज्ञाको निवेदन दर्ता गरिएकोमा रिट खारेज भएको अवस्था छ भने सो रिटमाथि सर्वोच्च अदालतमा यी व्यक्तिले पुनरावेदन गरी मिति २०६५।११।८ मा यस अदालतसमेतबाट पुनरावेदन अदालत जनकपुरको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी आदेश भएको देखिन्छ। निवेदकहरूले प्राप्त गरेको जग्गासमेत यिनीहरूका दाता मिथिलेशकुमार कर्णकै सा.कि.नं. बाटै खण्डित भई आएको अवस्थामा मालपोत कार्यालय, सर्लाहीले मालपोत ऐन, २०३४ को दफा २४(२) को अधिकार प्रयोग गरी सार्वजनिक सम्पत्ति रहेको कुरा ठहर गरेको देखिन्छ। सरकारी सार्वजनिक जग्गालाई वास्तविक स्रोतविहीन व्यक्तिले कुनै पनि तरिकाले दर्ता गराएको भए तापनि स्रोतको प्रत्यक्ष आधार बिना गराएको दूषित दर्ताले कानूनी मान्यता पाउन सक्दैन। स्रोतविहीन दर्तालाई दूषित दर्ताको नामाङ्कन गरी दूषित दर्ताको परिधिभित्र रहेको मान्नुपर्ने हुन्छ। दूषित रूपले गराएको दर्ताबाट अधिकारको सिर्जना हुन सक्ने देखिँदैन भने दूषित दर्ता गराई भएको हस्तान्तरण प्रक्रियाले कानूनी मान्यता पाउन सक्ने आधार बन्न सक्दैन। अतः मालपोत कार्यालयबाट ऐन, २०३४ को दफा २४(२) अनुसार भएको मिति २०६७।५।२८ मा विवादित जग्गा सार्वजनिक कायम हुने गरी भएको निर्णय कानूनसम्मत नै देखिन आएकोले कानूनविपरीत भएको निर्णय भनी मान्न नमिल्ने।

अतः उल्लिखित विवेचना गरिएका आधार कारण र कानूनी व्यवस्था एवम् अवलम्बित नजिरसमेतबाट निवेदन मागदाबीबमोजिमको रिट जारी हुने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: राइभान कुन्जेडा

इति संवत् २०७६ साल जेठ १ गते रोज ४ शुभम्।

एकल इजलास

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०७६-WH-००९९, बन्दीप्रत्यक्षीकरण, राजेन्द्र सिंह विष्टसमेत वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

जिल्ला प्रहरी कार्यालय, सुनसरी लिखित जवाफका साथमा रिट निवेदकहरूलाई पक्राउ गर्न सुनसरी जिल्ला अदालतबाट पक्राउ अनुमति लिएको, निवेदकहरूलाई पक्राउ पुर्जी दिइएको, अनुसन्धान अधिकारीसमक्ष रिट निवेदकहरूको बयान कार्य सम्पन्न भइसकेको, थप अनुसन्धान गर्न अदालतबाट म्याद थप अनुमतिसमेत लिएको लिखित जवाफका साथ पेस भएको कागजातहरूको प्रतिलिपिबाट देखिने।

रिट निवेदकहरू राजेन्द्र सिंह विष्ट र लक्ष्मण पौड्यालउपर बम विस्फोटन तथा सङ्गठित अपराधसम्बन्धी कसुर अपराधमा इलाका प्रहरी कार्यालय, इटहरी, सुनसरीबाट मुद्दा अनुसन्धानको कार्य भइरहेको र अनुसन्धानकै सिलसिलामा कानूनबमोजिम नै पक्राउ गरी सुनसरी जिल्ला अदालतबाट पक्राउ गर्न अनुमति लिई रिट निवेदकहरूलाई पक्राउ गरी मुद्दा अनुसन्धानको लागि म्याद थपसमेत गराएको अवस्थामा रिट निवेदकहरूले दाबी गरेझैं निजहरूको थुना गैरकानूनी रहेको भन्ने नदेखिने।

तसर्थ, कानूनबमोजिम जाहेरी पर्न आएपछि सम्बन्धित अदालतबाट पक्राउ अनुमति लिई रिट निवेदकहरूलाई पक्राउ गरिएको, मुद्दा अनुसन्धान गरी म्याद थपसमेत गराएको पुष्टि भइरहेको र विधिवत् जाहेरी परेको विषयमा अनुसन्धान नै गर्न नपाउने भन्ने पनि हुँदैन। अतः कानूनबमोजिम भएको कार्यबाट रिट निवेदकहरूको संविधान प्रदत्त मौलिक हकको उल्लङ्घन भएको भनी मान्न नमिल्ने हुँदा प्रस्तुत निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश

जारी गरी निवेदकहरूलाई थुनामुक्त गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : तीर्थराज भट्टराई

इति संवत् २०७६ साल असोज १७ गते रोज ६ शुभम्।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०७६-WH-०१००, बन्दीप्रत्यक्षीकरण, पदमप्रसाद काफ्ले वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत*

निवेदकहरू विरूद्ध मिति २०७६।६।८ मा Ncell Tower आगजनी मुद्दामा किटानी जाहेरी परेको, सोही मितिमा निजहरूलाई पक्राउ गर्न जरूरी पक्राउ पुर्जी जारी भएकोमा सो पक्राउ पुर्जीलाई कैलाली जिल्ला अदालतबाट समर्थन गराएको देखिएको छ। सो मुद्दा अनुसन्धानको लागि थप समय माग गरी कैलाली जिल्ला अदालतबाट ४ दिनको म्याद थपसमेत गराएको भन्ने देखिएको अवस्थामा रिट निवेदकहरूले दाबी गरेको झैं निजहरूको थुना गैरकानूनी रहेको नभई मुद्दा अनुसन्धानको लागि कानूनबमोजिम नै थुनामा रहेको देखियो । आफूसमक्ष दायर भएको मुद्दाको अनुसन्धानको लागि आरोपित व्यक्तिहरूलाई पक्राउ गरी मुद्दाको थप कारबाही अगाडि बढाएकोमा त्यस्तो थुनालाई गैरकानूनी मान्न नमिल्ने । साथै निवेदकहरूलाई पक्राउ गर्दा कुनै बदनियत रहेको वा प्रवृत्त धारणा लिई पक्राउ गरेको नदेखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकहरूलाई थुनामुक्त गर्न मिल्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७६ साल असोज १६ गते रोज ५ शुभम्।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७६-WH-०१०८, बन्दीप्रत्यक्षीकरण, *शेर बटाला वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

रिट निवेदक शेर बटालाले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल अगाडि मिति २०७६।६।६ गते सर्वसाधारण व्यक्तिहरूलाई अभद्र व्यवहार गरेकोले महानगरीय प्रहरी वृत्त, महाराजगन्जबाट खटिएका प्रहरीद्वारा पक्राउ परेकोमा निजलाई जरूरी पक्राउ पुर्जी जारी भएको र अभद्र व्यवहारसम्बन्धी मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा म्याद थपसमेत गराइएको लिखित जवाफ बेहोराबाट देखिन्छ । निजलाई पक्राउ गर्दा जरूरी पक्राउ पुर्जी दिइएको, सोको भोलिपल्ट नै जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट थप अनुसन्धानको लागि म्याद थपसमेत गरेको देखिएको छ। विपक्षी प्रहरी कार्यालय, समाजमा शान्ति सुव्यवस्था कायम गराउने निकायहरू रहेको र शान्ति सुरक्षा कायम गराउँदा आवश्यक कदम चाल्न र त्यस्ता वारदातमा संलग्न व्यक्तिलाई पक्राउ गरी मुद्दा चलाउन सक्ने नै देखिन्छ। रिट निवेदकले सर्वसाधारणलाई अभद्र व्यवहार गरेको भन्ने विषयमा विधिवत् जाहेरी परी मुद्दा अनुसन्धानको लागि मुद्दा हेर्ने निकायबाट म्याद थपसमेत गराई थुनामा राखिएको अवस्थामा त्यस्तो कार्यलाई गैरकानूनी भन्न नमिल्ने।

रिट निवेदक शेर बटाला जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दायर भएको अभद्र व्यवहारसम्बन्धी मुद्दामा मिति २०७६।६।१५ गते थुनछेक आदेश हुँदा रू.४,०००।– धरौट माग भएकोमा मागबमोजिमको धरौट रकम दाखेल गरी थुनामुक्त भई हाल तारेखमा रहेको भन्ने लिखित जवाफबाट देखिएको र सो बेहोरालाई रिट निवेदकले अन्यथा भन्न सकेको देखिँदैन। अतः रिट निवेदकको थुना गैरकानूनी रहेको नदेखिएको र हाल निज थुनामुक्तसमेत भइसकेको अवस्थामा रिट निवेदनको औचित्य समाप्त भएको देखियो। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७६ साल असोज १७ गते रोज ६ शुभम्।